# नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

**078/79-080/81**

नौकुण्ड गाउँपालिका

वागमती प्रदेश, सरमथली, रसुवा

मंसिर २०७७

## प्रतिवेदन तयारी

| | |
|---|---|
| **शीर्षक :** | **नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना,** ०७८/७९-०८०/८१ |
| **गाउँपालिका** | नौकुण्ड गाउँपालिका, सरमथली रसुवा |
| **प्राविधिक सहयोग** | सेमिड नेपाल, एकान्तकुना, ललितपुर |
| **समन्वय र सहयोग** | पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) |
| **मिति** | मंसिर २०७७ |

## कृतज्ञता ज्ञापन

नौकुण्ड गाउँपालिकाका लागि पूर्णिमा (नेपालमा भूकम्पपछिको पुनःस्थापन कार्यक्रम/मोट म्याकडोनाल्ड) को आर्थिक सहयोगमा सेन्टर फर इम्पावरमेन्ट, इनोभेसन एन्ड डेभलपमेन्ट (सेमिड) नेपालको प्राविधिक सहयोगमा प्रस्तुत राजस्व सुधार कार्ययोजना तयार गरिएको हो ।

नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री नुर्बुस्याङबो घले, उपाध्यक्ष श्री सिर्जना लामा, प्रमुख प्रशासकीय अधिकृत श्री नवदीप राई, कार्यपालिकाका पदाधिकारीहरू तथा गाउँपालिकाका कर्मचारीहरूप्रति परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसै गरी यस कार्यलाई सफल पार्न आवश्यक समन्वय, रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका निजामती सेवाका उच्च पदस्थ कर्मचारीहरू र पूर्णिमा कार्यक्रमका पदाधिकारी एवं विषय विशेषज्ञ श्री सन्तोष विष्ट, श्री सीमा रजौरिया, श्री महेश नेपाल एवंयोजना तथा शासन विज्ञ श्री गेहेन्द्र बम एवं इन्जिनियर श्री पवन डंगोलहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत कार्ययोजनाको सफलतापूर्वक कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक राजस्वमा अपेक्षा अनुरूप अभिवृद्धि भई स्रोत व्यवस्थापन र अधिकतम परिचालनबाट स्थानीय विकास र सेवा प्रवाहमा सुधारका साथमा प्रभावकारिता ल्याउने उद्देश्यको कामनासमेत गर्दछौं ।

मंसिर २०७७

सेमिड नेपाल,
एकान्तकुना, ललितपुर

# विषयसूची


**परिच्छेद- एक : परिचय** **१**

१.१ पृष्ठभूमि १
१.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता २
१.३ राजस्व सुधार कार्ययोजनाको औचित्य २
१.४ राजस्व सुधार कार्ययोजना अध्ययनका उद्देश्यहरू ३
१.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४
१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरू ८

**परिच्छेद- दुई : नौकुण्ड गाउँपालिकाको संक्षिप्त परिचय** **९**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ९
२.२ नौकुण्ड गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था ११
२.३ नौकुण्ड गाउँपालिकाको विकासका सम्भावना १३
२.४ गाउँपालिकाको मानव संसाधनको अवस्था १३
२.५ गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था १५

**परिच्छेद- तीन : नौकुण्ड गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१६**

३.१ स्थानीय तहको राजस्व अधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १६
३.१.१ संवैधानिक व्यवस्था १६
३.१.२ कानूनी व्यवस्था १६
३.२ गाउँपालिकाको आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण अवस्था २२
३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २५
३.३.१ कर राजस्व २६
३.३.२ गैरकर राजस्व ३३

**परिच्छेद- चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** **४१**

४.१ राजस्व परामर्श समिति गठनको उद्देश्य, क्रियाशीलता एवं प्रयासहरू ४१
४.२ आन्तरिक राजस्व (आय) संकलनको संस्थागत क्षमता ४२
४.२.१ नौकुण्ड गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति ४२
४.२.२ गाउँपालिकाको राजस्व प्रशासन ४३
४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन अवस्था ४३
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ४५

**परिच्छेद- पाँच : रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना** **५०**

५.१ नौकुण्ड गाउँपालिकाको रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना ५०
५.१.१ रणनीति ५०
५.१.२ कार्यनीति ५०
५.१.३ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ५२

**परिच्छेद- छ : नौकुण्ड गाउँपालिकाको आगामी तीन वर्षको राजस्व आय प्रक्षेपण** **५७**

६.१ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५७

६.२ नौकुण्ड गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६०

**परिच्छेद- सात : नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अपेक्षित नतिजा** **६३**

**परिच्छेद- आठ : नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन पद्धति** **६५**

अनुसूची १ : राजस्व सम्भावना विश्लेषणका आधारहरू ६८

अनुसूची २ : नौकुण्ड गाउँपालिका, रसुवाको जूम (विद्युतीय) माध्यमबाट राजस्व सुधार कार्ययोजनासम्बन्धी अन्तरक्रिया ७३

अनुसूची ३ : अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ ७८

अनुसूची ४ : सम्पत्ति कर, भूमि कर (मालपोत) तथा व्यवसाय करको प्रगतिशील दर निर्धारण (नमुना) ८१

अनुसूची ५ : राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटो फिचर्स ८६

अनुसूची ६ : राजस्व सुधार कार्ययोजनाको लागि प्रारम्भिक तथ्यांक संकलन फरमेट ८८

अनुसूची ७ : गाउँपालिकाको लागि नमुना आर्थिक ऐन, २०७७ ८८

अनुसूची ८ : सन्दर्भ सामग्री ८८

**तालिकाहरू**

२.१ नौकुण्ड गाउँपालिकाको संक्षिप्त जानकारी ९

२.२ नौकुण्ड गाउँपालिकामा समावेश भएका साविकका गाविस र वडा विभाजन विवरण १०

२.३: नौकुण्ड गाउँपालिकाको बनावट, क्षेत्रफल तथा जनसंख्या १०

२.४ प्राकृतिक स्रोत सम्बन्धी विस्तृत विवरण १२

२.५ नौकुण्डगाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी विवरण १४

३.१ तहगत राजस्व अधिकार १६

३.२ एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट व्यवस्था १८

3.3 प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट २१

3.4 कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था २१

३.५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहलाई दिने राजस्व बाँडफाँटका आधार २२

३.६ नौकुण्ड गाउँपालिकाको आन्तरिक राजश्व, राजश्व बाँडफाँड तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणको यथार्थ तथा प्रस्तावित आय बजेट विवरण २४

४.१ नौकुण्ड गाउँपालिकाको राजस्व परामर्श समितिको विवरण ४२

४.२ नौकुण्ड गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था ४३

५.१ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति ५०

५.२ राजस्व सुधार कार्ययोजना ५२

६.१ सम्भाव्य बजेट तथा राजस्व प्रक्षेपणका आधार ५७
६.२ आगामी तीन आ.व.का राजस्व प्रक्षेपण ६०
७.१ नौकुण्ड गाउँपालिकाको यथार्थ, प्रस्तावित, सम्भावित र तीन वर्षको अपेक्षित आयको सारांश विवरण ६३
८.१ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन प्रणाली ६५

**चित्रहरू**

१. वित्तीय हस्तान्तरण १
२. राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ५
३. गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप १४
४. गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र १७
५. गाउँपालिकाको राजश्व प्रकार १८
६. राजश्व परिचालन प्रक्रिया र चक्र १९
७. नौकुण्ड गाउँपालिकाको आन्तरिक राजश्वको प्रस्तावित तथा यथार्थ आम्दानी स्थिति २३
८. नौकुण्ड गाउँपालिकाको अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँडको प्रस्तावित तथा यथार्थ स्थिति २४
९. कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (यथार्थ तथा प्रस्तावित) ६४


# परिच्छेद- एक
# परिचय

## १.१पृष्ठभूमि

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहका सरकारको कार्यजिम्मेवारी निर्धारण गरेको छ। यसमा तीन तहका सरकारहरूबीच अधिकार बाँडफाँट भई उक्त अधिकारको कार्यान्वयनका लागि वित्तीय स्रोतको व्यवस्था गरिएको छ। स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तिका लागि अन्तरसरकार वित्तीय हस्तान्तरण, राजस्वबाँडफाँट र आन्तरिक स्रोत परिचालन गर्ने व्यवस्था छ।

संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी चार किसिमका अनुदानहरू अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहले प्राप्त गर्दछन्। त्यसैगरी संघ तथा प्रदेश सरकारबाट संकलनहुने राजस्व तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रकमको निश्चित प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट हुने प्रावधान रहेको छ। जसलाई चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. १ : वित्तीय हस्तान्तरण**




यी अनुदान तथा राजस्वबाँडफाँटबाट प्राप्त रकमले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा हुन सक्दैन। खर्च आवश्यकता र स्रोतका बीचको फासला कम गर्न राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँट गरिएको छ। नेपाल सरकारको पूर्व स्वीकृतिमा स्थानीय तहहरूले आफ्नो बजेट व्यवस्थापन गर्न ऋण लिन सक्ने कानूनी व्यवस्था समेत गरिएको छ। नेपाल सरकारले ऋण लिने पूर्व स्वीकृतिको आधार सम्बन्धित स्थानीय सरकारको आन्तरिक स्रोतको परिमाण र दिगोपनालाई मानिएको छ।

प्रस्तुत प्रतिवेदनमा नौकुण्ड गाउँपालिकाको आन्तरिक स्रोतको सम्भाव्यता, परिचालनको अवस्था र त्यसमा सुधार गर्नुपर्ने पक्षहरूमा अध्ययन गरी नतिजा समावेश गरिएको छ। यो गाउँपालिका नेपालको प्रशासनिक विभाजन अनुसार बागमती प्रदेशको रसुवा जिल्लामा पर्ने उच्च पहाडी भूबनोटयुक्त रहेको छ। साविकका तिनवटा गाउँ विकास समितिहरू (भोर्ले, यार्सा, सरमथली गाविस) मिलाएर बनेको यो गाउँपालिका रसुवा जिल्लाको पूर्वोत्तरभेगमा पर्दछ।

## १.२ स्थानीय राजस्व परिचालनको सैद्धान्तिक मान्यता

स्थानीय राजस्वका स्रोतहरू स्थिर, विचलन नहुने, प्रशासन गर्न सहज हुने र निरन्तर रूपमा आम्दानी प्राप्त हुने किसिमको हुनुपर्ने सैद्धान्तिक मान्यता रहेको छ । स्थानीय राजस्व परिचालन गर्दा करदाताको तिर्न सक्ने क्षमता (Ability to Pay), करदाता मैत्री (Tax Payer Friendly), सवै करदातालाई समता अर्थात समान व्यवहार हुने, विनियोजन दक्षता र खर्चमा प्रभावकारितालाई प्रोत्साहन गर्ने, पारदर्शिता र सुनिश्चितता रहेको, पर्याप्त स्रोत परिचालन हुने, र मितव्ययिता जस्ता पक्षहरूलाई पनि ध्यान दिनु पर्दछ ।

संविधान र कानून बमोजिम स्थानीय तहको व्यवस्था जनताको माग र आवश्यकतालाई सम्बोधन गरी जनताको सबभन्दा नजिकको सरकारका रूपमा सेवा प्रवाह तथा समन्वयित विकास जस्तै शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्य, खानेपानी, सरसफाइ, फोहरमैला व्यवस्थापन, विपद व्यवस्थापन, यातायात व्यवस्थापन, आर्थिक उपार्जन र रोजगारी जस्ता विषयक्षेत्र एकिकृतरूपमा उपलब्ध गराउनका लागि भएको हो । स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो राजनैतिक आकांक्षा र जनतासँग गरिएको प्रतिवद्धता पूरा गर्न तथा जनताले महसुस गर्नेगरी सुधार गर्न साधनको आवश्यकता हुन्छ तथा चुस्त, राम्रो र प्रभावकारी प्रशासन चाहिन्छ जसका लागि चाहेको स्थान वा विषयमा लगानी गर्ने स्वायत्तता चाहिन्छ । स्थानीय तहले स्वायत्तता उपयोग गर्ने सर्वोत्कृष्ट उपाय भनेको आफ्नो खर्चको लागि आवश्यक रकमको व्यवस्था आफैले राजस्व संकलन गर्नु हो ।

स्थानीय तहले लगानी नगरे, रोजगारी सिर्जना नगरे, जनताको आम्दानीमा ध्यान नदिए, सार्वजनिक सेवा र पूर्वाधार विकासमा काम नगरे वा गुणस्तर नभए जनताले विश्वास गर्दैनन् भने व्यवसायीले पनि त्यस्ता स्थानमा वस्न रुचाउँदैनन् र अन्यत्र राम्रो सेवा र विकासका अवसर भएका स्थानमा बसाई सर्ने सम्भावना हुन्छ । आफ्नै नियन्त्रणमा भएको साधनले मात्र जनताका माग अनुसारका सेवा र सुविधा उपलब्ध गराउन तथा निर्वाचन क्षेत्रका जनताप्रति जवाफदेहिता बहन गर्न सजिलो हुन्छ । राजस्व परिचालनले साधनको व्यवस्थाका साथै सार्वजनिक उत्तरदायित्व पनि बढाउँछ । त्यसैले स्थानीय तहमा राजस्व परिचालन अपरिहार्य छ र यस्तो राजस्वको परिचालन सामाजिक न्यायमा आधारित व्यावसायिक, कार्यकुशल र प्रभावकारी हुनुपर्छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको औचित्य

संघीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरी ती जिम्मेवारीहरू पूरागर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको अलावा आफनो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट अधिकार प्रदान गरिए अनुरूप स्थानीय तहले राजस्व परिचालन गरी साधन स्रोतको जोहो गर्दछन् । जनताको वढ्दो माग वमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय निकायहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरू पहिचान गरी तिनको यथोचित कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर बापत रकम तिर्ने स्थानीय निवासीहरूले आफूले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रूपमा आफ्नो गाउँपालिका सँग प्रश्न सोध्ने हुनाले स्थानीय गाउँपालिकाहरू पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ ।

आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरू पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढीभयो त्यति बढीमात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी

स्थानीय तथा प्रदेश तहले जति बढी स्वायत्ततापूर्वक काम गर्न पाउँछन् त्यति नै संघीयता सफल र सुदृढ हुँदै जान्छ ।

**सक्षिप्तमा राजस्व सुधार कार्ययोजनाको आचित्य एवं उपयोगिता निम्नानुसार बुँदागत रूपमा राखिएको छ** :

- स्थानीय तहको राजस्वका सम्भावना, तिर्न सक्ने क्षमता र राजस्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरू पहिचान गर्न,
- स्थानीय तहको आन्तरिक आयका आधार, दायरा र दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न,
- व्यवसायमैत्री कर प्रशासनबाट स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरूलाई करको आधार अन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्न,
- स्थानीय तहले अपनाउनु पर्ने आय सुधारका कार्ययोजना तयार गरी सो राजस्व सुधार गर्न,
- आवधिक योजना अन्तर्गतका योजनाहरूको कार्यान्वयन गर्नको निमित्त स्रोत सुनिश्चित गर्न,
- बार्षिक बजेटलाई बढी यथार्थपरक, प्रभावकारी र उद्देश्यमूलक बनाउन,
- स्थानीय तहको काम कार्यबाहीलाई अझै बढी पारदर्शी तथा नागरिकप्रति जिम्मेवार बनाउन,
- बजेट सीमा निर्धारण गर्दा आन्तरिक आयको अनुमान प्रक्षेपण गर्न (स्थानीय सरकार सञ्चालन ऐन दफा ६५-२),
- राजस्वका दीर्घकालीन सोतको पहिचान गर्न,
- मध्यमकालिन खर्च संरचनाका लागि (३ बर्ष) आन्तरिक आयको आकलन गर्न,
- आय व्ययको तथ्यपरक प्रक्षेपण तयार गर्न (अन्तर सरकार वित्त व्यवस्थापन ऐन दफा १८),

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्रका सबै उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन गाउँपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका क्रियाकलापहरू पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान वमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको हो । यस राजस्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालनमा सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई वजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

## १.४ राजश्व सुधार कार्ययोजना अध्ययनका उद्देश्यहरू


यस राजस्व सुधार योजना तर्जुमा गर्नुको प्रमुख उद्देश्य नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ र गाउँपालिकाका बार्षिक आर्थिक ऐनहरू बमोजिम गाउँपालिकाको राजस्व परिचालन क्षमताका आधारमा स्रोतहरूको सम्भाव्यता, जनताको कर तिर्न सक्ने क्षमता र गाउँपालिकाको राजस्व प्रशासनको विश्लेषण गरी आवश्यक सुधारका उपायहरू पहिचान गर्दै राजस्व अभिवृद्धि गर्न कार्यान्वयनयोग्य कार्ययोजना तयार गर्ने रहेको छ । बुँदागत रूपमा उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

1. स्थानीय तहको राजस्व अधिकारका सम्वन्धमा जनप्रतिनिधि, राजस्व शाखाका कर्मचारी तथा अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गरी राजस्व सुधार कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको पृष्ठभूमि तयार गर्ने ।
2. राजस्व परिचालनका सन्दर्भमा विद्यमान नीति, संरचना तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने ।
3. राजस्व प्रशासनको संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
4. गाउँपालिकाको आन्तरिक आयका आधार र दरको सम्भाव्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्ने ।
5. गाउँपालिकाको राजस्व प्रशासनको वर्तमान अवस्थाको विश्लेषण गरी आवश्यक सिफारिस गर्ने ।
6. स्थानीय उद्यम, व्यवसाय लगायतका आर्थिक विकास क्रियाकलापहरूलाई कराधार अन्तर्गत समेट्न आवश्यक मार्गदर्शन प्रदान गर्ने ।
7. गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।
8. नागरिकको कर तिर्न सक्ने क्षमताको विश्लेषण गरी सोही अनुसारका करको दरहरू निर्धारण गर्न सिफारिस गर्ने ।

## १.५ राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरू र सरोकारवालाहरूको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अलवम्बन गरिएको छ । यसको मार्गदर्शकका रूपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी भएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना २०७६ लाई लिइएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरूलाई समेट्ने उद्देश्यले तथ्यांक तथा सूचना संकलनका औजारहरूको आवश्यक परिमार्जन र सहजीकरण गरिएको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम राजश्व सुधार कार्ययोजना तर्जुमाका चरणहरू तपशिलमा उल्लेखित चित्र नं. २ मा उल्लेख गरिएका छन् ।

**चित्र नं. २ राजश्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया**




### १.पहिलो चरणः गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना संकलन विधि निर्धारण

यस चरणमा तयार गरिएका सामग्रीका आधारमा गाउँपालिकाबाट लिनुपर्ने तथ्यांक र सूचनाहरूका लागि चेकलिष्टहरू तयार गरिएको। तयार गरिएका चेकलिष्ट सहित अध्ययन टोली ले गाउँपालिकामा भ्रमण गरेको थियो। भ्रमणमा मिति २०७६ साल चैत्र ५ गते (तदनुसार १८ मार्च २०२०) का दिन गाउँपालिका उपाध्यक्ष एवंराजस्व परामर्श समितिका सयोंजक श्री सिर्जना लामाज्यूको अध्यक्षतामा वसेको बैठकमा राजस्व सुधार कार्ययोजनाको उद्देश्य, प्रक्रिया तथा भूमिका माथि जानकारी गराइएको थियो। साथै राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक आधारभूत तथ्यांक २०७६ साल चैत्रको अन्तिम हप्तासम्म सूचना संकलन गरिसक्ने र २०७७ साल वैशाखको पहिलो हप्तामा गोष्ठी समपन्न गर्ने गरी निर्णयहरू गरिएका थिए। यी कार्यको व्यवस्थापनको जिम्मेवारी राजस्व सुधार समितिलाई तोकिएको थियो। यस परिचयात्मक कार्यक्रममा कुल ११ जना कर्मचारी तथा पदाधिकारीको उपस्थिति रहेको थियो। कुल उपस्थिति सहभागीमध्ये ३ जना महिलाको उपस्थिति रहेको थियो। सोही बैठकबाट राजस्व सुधार कार्ययोजना कार्यदल गठन गर्ने समेत निर्णय भएको थियो। यसैक्रममा कोभिड १९ को समस्या बढ्दै गई २०७६ चैत्र ११ गतेदेखि देशव्यापी बन्दावन्दीको घोषणा भएपछि राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई वैकल्पिक

विधिका रूपमा सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गर्ने रणनीति अवलम्बन गरियो र गाउँपालिका सम्बद्ध पदाधिकारीहरूसँग प्रारम्भिक छलफल गरियो ।

### २. दोस्रो चरणः सन्दर्भ सामग्रीको अध्ययन

यस चरणमा राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक सामग्रीहरूको संकलन तथा अध्ययन गरियो । यस अन्तर्गतका सामग्रीहरूमा Fiscal federalism in Nepal : Challenges and Opportunities (RK Shah), Explening Property Tax in Developing Countries (Sepulveda and Vazquez), Federalism in Nepal (LBFC), नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), प्राइभेट फर्म दर्ता ऐन २०१४ (संशोधित २०७५) तथा नियमावली २०३४ (संशोधित २०७६), साझेदारी ऐन २०२० (संशोधन २०७५), कम्पनी ऐन २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन २०७५, वन ऐन २०७६, सहकारी ऐन २०७५, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६, पन्ध्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम लगायतका संघीय नीति, ऐन, नियमावली आदि रहेका छन् ।

यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरूमा बागमती प्रदेश आर्थिक ऐन, २०७७, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि हुन् ।

नौकुण्ड गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐनका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमूना कानूनहरू आदि सामग्रीको अध्ययन गरियो ।

### ३. तेस्रो चरणः तथ्यांक तथा सूचना संकलन र विश्लेषण

नौकुण्ड गाउँपालिकाको गत विगत तीन आर्थिक वर्ष सम्मका यथार्थ आय, व्यय तथा प्रस्तावित जस्ता आर्थिक विवरण, चालु आर्थिक वर्षको आर्थिक ऐन, विनियोजन ऐन, नीति तथा कानून र राजस्व परामर्श समितिबाट भए गरेका सिफारिस आदि संकलन गर्ने कार्य गरिएको थियो । उक्त विवरण तथा सूचनाहरूलाई ई–मेल तथा टेलिफोनको माध्यम बाट पूर्वनिर्धारित प्रश्नावली ढाँचामा गाउँपालिका र वडास्तरका सूचनाहरू तथा द्वितीय स्रोतबाट विवरण संकलन गरी प्राप्त तथ्यांक तथा सूचनाहरूको विश्लेषण गर्ने कार्य गरियो थियो । गाउँपालिकामा सरोकार पदाधिकारीहरूसँग प्रत्यक्षरूपमा कोभिड– १९ को कारणले अन्तरक्रिया गर्न सकिएन ।

तर मिति २०७७ जेष्ठ ३१गतेका दिन नौकुण्ड गाउँपालिकाबाट जूम विधिबाट आयोजना गरिएको बैठकमा गाउँपालिका, पूर्णिमा कार्यक्रम र परामर्शदाताहरू गरी करिव २० जनाको सहभागितामा आर्थिक वर्ष २०७७/०७८ को लागि गाउँपालिकाबाट तयार गरिने राजस्व सुधार कार्ययोजना निर्माणका लागि सेमिड नेपालका परामर्शदाताहरूबाट आवश्यक राय सुझाव प्रदान गरिएको थियो साथै प्राप्त भएका राय सुझाव एवं सल्लाहहरूलाई समेत समेटी यस कार्ययोजनामा समावेश गरिएका छन् ।

### ४. चौथो चरणःराजस्व सुधार कार्ययोजनाको मस्यौदा तर्जुमा राजस्व सम्भावना विश्लेषण तथा प्रक्षेपण

त्यसपछि यिनै सूचनाहरू र गाउँपालिकाको वस्तुस्थिति विवरणका आधारमा राजस्व सम्भावना विश्लेषण तथा प्रक्षेपण गरी राजस्व सुधार कार्ययोजनाको प्रथम मस्यौदा प्रतिवेदन भदौ २०७७

तयार गरियो । उक्त मस्यौदा प्रतिवेदन गाउँपालिकालाई उपलब्ध गराई जुम विधिको अन्तर्क्रिया गरी सुझाव संकलन गर्ने कार्य गरिएको थियो । जूम विधिबाट सम्पन्न गरिएको अन्तर्क्रिया, छलफल कार्यक्रम मिति २०७७ साल भदौ महिना ३० गते (तदनुसार १५ सेप्टेम्बर २०२०) मंगलबारका दिन यस नौकुण्ड गाउँपालिकाको लागि पूर्णिमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको थियो । यस गाउँपालिकाको राजस्व सुधार कार्य योजना प्रथम मस्यौदा (भदौ, २०७७) माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सुझाव लिईएको थिया । राजस्व सुधार कार्य योजना दस्तावेज लाई अन्तिमरूप दिने उद्देश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पुर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरू समेत गरी जम्मा १८ जनाको सहभागितामा विद्युतीय माध्यम (जुम) बाट अन्तरक्रिया गरिएको थियो ।कुल उपस्थितिमध्ये ५ जना महिलाको उपस्थिति रहेको थियो ।पावर प्वाइन्टको विधिबाट प्रस्तुति गरिएका अन्तरक्रिया छलफलका विषयहरू अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## ५.पाँचौं चरणः राजस्व सुधार कार्ययोजनाको प्रमाणीकरण तथा स्वीकृति

पहिलो चरणदेखि तेस्रो चरणसम्म प्राप्त सूचनाहरूको सम्पादन तथा विश्लेषण, जुम प्रविधिवाट प्राप्त सुझाव सल्लाहको आधारमा अध्यावधीक गरिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना दोस्रो मस्यौदा २०७७ लाई गाउँपालिका तथा मोटम्याकडोनाल्ड/पूर्णिमा कार्यक्रममा प्रस्तुत गरिएको थियो । यसको अतिरिक्त दोस्रो राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ लाई प्रमाणीकरण तथा स्विकृति दिने उद्देश्य अनुरूप मिति २०७७ मंसिर महिना १२ गतेका दिन नौकुण्ड गाउँपालिकाका अध्यक्ष श्री नुर्बु स्याङवो घलेज्यूको अध्यक्षतामा वडा अध्यक्ष, वडा सचिव, गाउँ कार्यपालिका सदस्य, राजस्व परामर्श समितिका सदस्य र कर्मचारी गरी ६ जना महिला सहित २८ जनाको उपस्थित सहभागितामा गाउँपालिकाको सभा कक्षमा एक दिने प्रत्यक्ष अन्तरक्रिया, छलफल तथा समूह कार्यको आयोजना गरिएको थियो । अन्तरक्रिया, छलफल कार्यक्रमकालाई दुईवटा सेसनमा संचालन गरिएको थियो । प्रथम सेशनमा तपशिलमा उल्लेखित विषय वस्तुहरूको प्रस्तुति गरिएको थियो भने दोस्रो सेशनमा समूहगत कार्य गरिएको थियो । प्रस्तुतिका विषय तथा समूहगत कार्य विवरण अनुसूची ५ मा समावेश गरिएको छ ।

समूहगत अभ्यास कार्यमा विशेष गरी सम्पत्ति कर, भूमिकर, व्यवसाय कर, व्यापार व्यवसाय नवीकरण दर्ता, प्राकृतिक स्रोत, घर जग्गा वहाल कर, नक्सापास दस्तुर, सामुदायिक वन, सिफारिश जस्ता विषयमा अनुमानित प्रस्तावित प्रगतिशील करको दर तथा दायरा निर्धारण गर्ने कार्य गरिएको । साथै प्रत्येक समूहले अनुमानित प्रस्तावित प्रगतिशील करको दर एवं दायरालाई खुल्ला सेशनमा प्रस्तुत गरी अनुमानित प्रस्तावित दर तथा दायरालाई प्रमाणिकरण गरिएको । समूहबाट प्रस्तावित गरीएको अनुमानित प्रगतिशील दर तथा दायराको विस्तृत विवरण एवं सहभागीहरूको फोटो एवं हाजिरी उपस्थिती विवरण अनुसूची १ र ४ मा समावेश गरिएको छ ।

यसरी परिमार्जित मस्यौदालाई राजस्व परामर्श समितिको सिफारिश र गाउँकार्यपालिकाको अनुमोदन पश्चात समबन्धित गाउँ सभाबाट स्वीकृति समेत गरी लागु गरिने छ । यस सँगसँगै गाउँपालिकाले पारित गरेको आर्थिक ऐन समेतको समीक्षा गरी त्यसमा राजस्व सुधार कार्ययोजनाको सिफारिश अनुसार तादाम्यता रहने आर्थिक ऐनमा सुधार हुनुपर्ने गरी परिमार्जित दर सहितको मसौदा समेत सिफारिश गरिएको छ ।

## ५.राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

चौथो चरणमा गाउँपालिकामा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समीक्षा र आवश्यकता अनुसार सुधार गर्न छलफल गर्न सुझाव गरिनेछ ।

उपर्युक्त एघारवटा चरण बाहेक सुधार कार्ययोजनाको कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्वन्धमा गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूलाई प्रशिक्षण गर्ने कार्य समेत सम्पादन गरिएको छ ।

## १.५ राजश्व सुधार कार्ययोजनाका सीमाहरू

प्रस्तुत राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

१. प्रस्तुत अध्ययन गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग दूरसंचार प्रविधिको(Virtual Meeting)को आयोजना गरिएको अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको हो ।

२. संघ तथा प्रदेश सरकारबाट गाउँपालिकाले प्राप्त गर्ने राजस्वबाँडफाँट र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक १०% ले वृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा गाउँपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

३. राजस्व प्रक्षेपण गर्ने क्रममा आधिकारिक एवं प्रमाणिक तथ्यांक नभएको अवस्थामा सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ ।


४. गाउँपालिकाको गठन भएको ३ वर्ष पनि पूरा नभएको र अभिलेख पनि व्यवस्थित भइनसकेले ऐतिहासिक प्रवत्ति देखिने तथ्यांकीय विश्लेषणका लागि आवश्यक तथ्यांक र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरूको प्रयोग गरी विश्लेषण तथा प्रक्षेपण गर्न सकिएको छैन ।

# परिच्छेद- दुई
# नौकुण्ड गाउँपालिकाको संक्षिप्त परिचय

रसुवा जिल्लाको उच्च हिमाली भूभागमा रहेको नौकुण्ड गाउँपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था विश्लेषण तथा भविष्यको सम्भाव्यता पहिचान गर्न, राजस्व परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति विश्लेषण गर्न, गाउँपालिकामा सञ्चालनमा रहेका आर्थिक गतिविधि, मानवीय संसाधन तथा भौतिक स्रोत साधन लगायतको अवस्था थाहा पाउन यी विषयमा गाउँपालिकामा रहेका सूचनाहरू प्राप्त गर्नु महत्वपूर्ण रहेको छ। यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ।

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

**(क) भौगोलिक अवस्थाः**यस गाउँपालिकाको पूर्वमा गोसाईंकुण्ड गा.पा. र नुवाकोट जिल्ला, पश्चिममा कालिका गा.पा., उत्तरमा गोसाईंकुण्ड गा.पा. तथा दक्षिणमा नुवाकोट जिल्लाको सिमानासँग जोडिएको यो गाउँपालिका १२६.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। यो गाउँपालिका संघिय राजधानीबाट १०५ कि.मि. र बागमति प्रदेशको राजधानी हेटौंडाबाट १८३ किमिको दूरीमा रसुवा जिल्लामा अवस्थित छ। यस गाउँपालिकाको संक्षिप्त जानकारी देहाय बमोजिम छ।




**तालिका २.१ः नौकुण्ड गाउँपालिकाको संक्षिप्त जानकारी**

| | | |
|---|---|---|
| समावेश भएका साविक गा.वि.स.हरू | भोर्ले, यार्सा, सरमथली गाविस | स्वीकृत केन्द्रः सरमथली |
| जनसंख्या | १४७४२ | |
| क्षेत्रफल | १२६.९९ वर्ग कि.मि. | |
| केन्द्र | साविक सरमथली गाविसको कार्यालय | |
| वडा संख्या | ६ | |
| सिमाना | | |
| पूर्व | गोसाईंकुण्ड गा.पा. र नुवाकोट जिल्ला | |
| पश्चिम | कालिका गा.पा. | |
| उत्तर | गोसाईंकुण्ड गा.पा. | |
| दक्षिण | नुवाकोट जिल्लाको सिमाना | |

*स्रोत : नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८ र गाउँपालिकाको पार्श्व चित्र २०७६*

**गाउँपालिकाको नामकरणः** रसुवा जिल्लाको माथिल्लो भेगमा रहेका नौकुण्ड तथा गोसाईंकुण्ड लगायत अन्य कुण्डहरू प्राकृतिक, साँस्कृतिक, र धार्मिक दृष्टिकोणले ज्यादै प्रचलित कुण्डहरू हुन्। यहाँ अवस्थित नौ वटा कुण्डहरू प्राकृतिक, पर्यटकिय र साँस्कृतिक रूपमा धैरै पर्यटकहरूको आकर्षणको केन्द्र रहेका छन् । नौ वटा कुण्डहरू मिलेर बनेको कुण्डको नाम बाट नौकुण्ड रहेको तथा नौकुण्ड गाउँपालिका नामकरण गरिएको हो।साविकका गाविसहरू भोर्ले, यार्सा, सरमथली मिलाएर

बनाइएको नौकुण्ड गाउँपालिका रसुवा जिल्लाको पश्चिम दक्षिणी भेगमा अवस्थित छ। यी नौकुण्ड क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरी जनताको आय आर्जनमा वृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेकोले जनताको आय आर्जन र जीविकोपार्जनमा मद्दत पुऱ्याउने निश्चित रहेको छ।

**तालिका २.२: नौकुण्ड गाउँपालिकामा समावेश भएका साविकका गाविस र वडा विभाजन विवरण**

| वडा नं. | समावेश भएका साविक गाविस तथा वडाहरू | साविक वडा नं. |
|---|---|---|
| १ | यार्सा ५ देखि ८ वडा | १ |
| २ | यार्सा १ देखि ४ वडा | २ |
| ३ | सरमथली ६ देखि ८ वडा | ३ |
| ४ | सरमथली १ देखि ५ वडा | ४ |
| ५ | भोर्ले ४, ५, ७ वडा | ५ |
| ६ | भोर्ले २, ३ वडा | ६ |
| | यार्सा वडा नं. ९ | |

स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८

**(ख) जनसंख्या:** जनसंख्याको वर्गीकरण गर्दा राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको जम्मा परिवार संख्या २४८३ तथा कुल जनसंख्या ११८२४ रहेको थियो भने घरधुरी सर्वेक्षण २०७५ अनुसार परिवार संख्या २९१८ र जनसंख्या १४७४२ (महिला ७२८३ र पुरुष ७४५९) रहेको छ। यसरी हेर्नेहो भने २०६८ सालको तुलनामा २०७५ सालमा ४३५ घर र २९१८ जनसंख्या वृद्धि भएको देखिएको छ।गाउँपालिका गठनको क्रममा समावेश भएका गाविसहरू र वडा विभाजन देहायअनुसार रहेको छ।

**तालिका २.३: नौकुण्ड गाउँपालिकाको बनावट, क्षेत्रफल तथा जनसंख्या**

| वडा | समावेश गाविस | घरपरिवार | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) | वर्ग कि.मि. प्रतिशत |
|---|---|---|---|---|---|
| १ | यार्सा ५ देखि ८ वडा | 497 | 2543 | 5.73 | 4 |
| २ | यार्सा १ देखि ४ वडा | 298 | 1476 | 7.32 | 6 |
| ३ | सरमथली ६ देखि ८ वडा | 474 | 2146 | 4.35 | 3 |
| ४ | सरमथली १ देखि ५ वडा | 499 | 2636 | 79.67 | 63 |
| ५ | भोर्ले ४, ५, ७ वडा | 609 | 3182 | 17.76 | 14 |
| ६ | भोर्ले २, ३ वडा र यार्सा ९ | 541 | 2759 | 12.95 | 10 |
| **जम्मा** | | **2918** | **14742** | **127.78** | **100** |

**स्रोतः नौकुण्ड गाउँपालिका पार्श्वचित्र घरधुरी सर्वेक्षण २०७५**

**(ग) जातजाति र भाषाभाषी:** जातजातिको आधारमा वर्गीकरण गर्दा नौकुण्ड गाउँपालिकामा सबैभन्दा बढी ९४.२८ प्रतिशत जनजाति रहेको पाइएको छ। यसैगरी दलित १.६३ प्रतिशत र अन्यमा ०.२३ प्रतिशत रहेको छ भने मातृभाषाको आधारमा वर्गीकरण गर्दा सबैभन्दा बढी ८६.६३प्रतिशत तामाङ भाषी रहेको छ। यसैगरी १२.६५ प्रतिशत नेपालीभाषी दोस्रोस्थानमा रहेको छ। यसैगरी गुरुङ०.२४ प्रतिशत तेस्रो स्थानमा रहेको छ।

**(घ) आर्थिक क्रियाकलाप र पेशा व्यवसाय:** नौकुण्ड गाउँपालिका रसुवा जिल्लाको सबैभन्दा बढी जनघनत्व भएको गाउँपालिका हो। यस गाउँपालिकाको मुल आधार कृषि तथा पशुपालन क्षेत्र नै हो भने सहायक रूपमा ज्याला मजदुरी तथा पर्यटन रहेको छ। यहाँ ठाउ विशेष अनुसार अन्नबालीहरू उत्पादन हुन्छ। जस्तै नौकुण्डको वडा नं.१ र २ मा विशेष गरेर आलु, मकै, लसुन वडा ३ मा मकै,

कोदो, वडा नं ४ को पाटी खर्कमा धान, सोही वडाको दनुश्वारा तथा नेवारटोलमा कफी अलैंची यसै गरी वडा नं. ५ र ६ मा रसुवाको जिवजिवे कालीकास्थान बजार र नुवाकोटको त्रिशुली बजारसम्म ढाक्ने अर्गानिक तरकारी उत्पादन क्षेत्रको रूपमा पनि चिनिन्छ। यस नौकुण्ड गाउँपालिकामा ३३.२० प्रतिशत कृषि पेशामा रहेका छन भने १.४१प्रतिशत नोकरी जागिर मा संलग्न रहेका छन् । ९.६४प्रतिशत ज्याला मजदुरीमा छन्, भने २.८२ वैदेशिक रोजगारीमा लागेको छ ।

**(ङ) खाद्य सुरक्षा र गरिबीः** कृषि तथा पशुपालन यहाँको मुख्य पेशा भएपनि कुल २९१८ घरधुरीमध्ये ४५.१३% घरपरिवारलाई मात्र आफ्नो कृषि उत्पादनले ९ महिनाभन्दा बढी अवधि खान पुग्ने देखिन्छ। २४.८७% को ७ देखि ९ महिना र करिव २५% को ४ देखि ६ महिना खान पुग्ने उत्पादन हुन्छ। करिव ५% घरपरिवारको उत्पादनले ३ महिनाभन्दा कम मात्र खान पुग्ने हुन्छ।

## २.२ नौकुण्ड गाउँपालिकाको मुख्य पूर्वाधारको अवस्था

**(क) यातायात तथा सञ्चार**ःयस नौकुण्ड गाउँपालिकाको क्षेत्रभित्र करिव ८० किमि सडक निर्माणाधीन अवस्थामा रहेको देखिन्छ। जसमध्ये कालो पत्रे सडक तथा ग्राभेल सडकको स्तरोन्नतिको लागि गत आ.ब. ०७६/७७ मा टेण्डर प्रक्रिया अगाडि बढी हाल निर्माण कार्य अगाडि बढिरहेको स्थितिमा रहेका छन् । सबै वडाहरूसम्म सडक पहुँच पुगेको भए तापनि सबै सडकहरू मौसमी (बाह्रै महिना चल्न नसक्ने) खालका मात्र छन् ।

सञ्चारतर्फ नेपाल टेलिकम, एनसेल तथा स्मार्ट फोनका टावरहरू रहे तापनि भौगोलिक बनावटका कारण सबै स्थानमा टेलिफोनको पहुँच छैन। नेपाल टेलिकमको सेवा यस गाउँपालिका अन्तर्गतका सबै वडाहरूमा पुगेको छ। यस गाउँपालिकाभित्र ३ वटा अतिरिक्त हुलाक कार्यालयहरूकार्यरत छन्। टेलिभिजनको पहुँच पनि सीमित स्थानहरूमा मात्र छ भने निजी लगानीबाट घरपरिवारले टेलिभिजन सेवा प्राप्त गर्दछन्।

**(ख) विद्युत सेवा**ः यस गाउँपालिका क्षेत्रमा बेत्रावती हाइड्रो १४.७ मेगावाट र रसुवा फलाखुखोला हाइड्रोपावर ५ मेगावाट जल विद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेको छ।

**(ग) खानेपानी** : यस गाउँपालिका क्षेत्रभित्र झण्डै ६१ प्रतिशत घरपरिवारको पानीको स्रोत पाइप धारा रहेको छ भने बाँकी घर परिवारको पानीको स्रोत सानातिना खोल्साबाट पानी संकलन गरी वितरण गर्ने गरिएको छ।

**(घ) कृषि तथा सिंचाइः** यस नौकुण्ड गाउँपालिकाको आर्थिक पक्षको मूल आधार कृषि तथा पशुपालनक्षेत्र नै हो भने सहायकरूपमा उद्योग र पर्यटन व्यवसाय, ज्याला मजदुरीनै रहेको छ। मुख्यतया धान, मकै, कोदो, आलु जस्ता खाद्यान्न बाली र फलफुल, कफी लसुन लगायतका नगदे बाली खेती र पशुपालनमा यहाँका मानिसहरू संलग्न छन्। यस गाउँपालिकाको कुल कृषियोग्य जमिन ३०.५६ प्रतिशतरहेको छ। हाल यस गाउँपालिकामा १९ वटा कृषक समूह तथा ८ वटा व्यावसायिक तथा पशु फार्म रहेका छन् भने वडा नं. ३ र ४ मा क्रमशः पारच्यांग बजार र संगमचोक हाटबजार रहेका छन्। अन्य व्यापारिक केन्द्रहरूमा ढुंगे, जिवजिवे, भोर्ले र पाटीखर्क आदि रहेका छन् । यस गाउँपालिका १० वटा साना सिंचाइ आयोजनाहरू संचालित छन्। कुलो, नहर,

बोरीङ, ट्युबवेल, लिफ्टिङ बाँध, पोखरी, धारा पाइप, साथै वर्षाको पानी नै मुख्य सिंचाइका स्रोत रहेका छन् । साथै यस गाउँपालिकामा मझौला किसिमका ४ वटा योजनाहरूसंचालित रहेका छन् ।

(ङ) **खानी तथा खनिज** : यस गाउँपालिका क्षेत्रभित्र कालो ढुंगा, सेतो स्लेट ढुंगा, बालुवा खानी रहेको छ ।

(च) **शिक्षा तथा स्वास्थ्य** : यस गाउँपालिका अन्तर्गत ५ वटा माध्यमिक विद्यालय,१ वटा निजी बिद्यालय, २१ वटा प्रावि र ३ वटा आधारभूत विद्यालय गरी जम्मा ३० वटा विद्यालय रहेका छन् । साथै ३ वटा स्वास्थ्यचौकी र ३ वटा स्वास्थ्य इकाईहरू तथा ९ वटा गाउँघर क्लिनिक संचालनमा रहेका छन् ।

(छ) **प्राकृतिक स्रोतः** यसनौकुण्ड गाउँपालिकाको क्षेत्र अन्तर्गत देहाय बमोजिमका प्राकृतिक स्रोत तथा जैविक विविधताहरू रहेका छन् ।

**तालिकाः२.४. प्राकृतिक स्रोत सम्बन्धी विस्तृत विवरण**

| क.स. | भू–उपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| 1 | वनजंगलले ढाकेको क्षेत्र | 38.1 | 32.26 |
| 2 | कृषियोग्य जमीन | 30.56 | 26.67 |
| 3 | पानीको भाग | 0 | 0 |
| 4 | चट्टानको भाग | 0.37 | 0.32 |
| 5 | हिमनदी | 0 | 0 |
| 6 | हिमताल | 0 | 0 |
| 7 | अन्य | 47.42 | 40.75 |
| | **जम्मा** | **111.36** | **100** |

*स्रोतः गाउँपालिकाको कार्यालयवाट प्राप्त विवरण*

(ज) **जैविक विविधताः** यस गाउँपालिका जैविक विविधताले भरिपूर्ण छ । यस गाउँपालिका क्षेत्रभित्र लाङटाङ राष्ट्रिय निकुञ्ज अन्तर्गतको मध्यवर्ती (Buffer Zone) क्षेत्र समेत समावेश रहेकोले यहाँ विभिन्न प्रकारका चरा, जनावर, पुतलीहरू लगायत हिम चितुवा, जरायो, ब्वासो, नीलो भेडा तथा हिमालयन थार समेत पाइन्छ ।

(झ) **विपद् जोखिमः** यस गाउँपालिकाको कुल भूभागको अधिकांश भागबढी भिरालोपन रहेको हुनाले यहाँ पहिरो लगायत हावाहुरी, बाढी, नदी कटान तथा चट्टान,करेन्ट जस्ता प्रकोपका समस्याहरू रहेका छन् ।

(ञ) **सार्वजनिक सम्पत्तितथावित्तीय संस्थाः**यस गाउँपालिका अन्तर्गत सामुदायिक भवन, सार्वजनिक संस्था तथा सार्वजनिक स्थलहरू रहेका छन् । यहाँ गाउँपालिकाको कार्यालय भवन १ वटा, वडाकार्यालय भवन ६ वटा, अतिरिक्त हुलाक कार्यालय ३ वटा पशु सेवा केन्द्र १ वटा, कृषि सेवा केन्द्र २ वटा, स्वास्थ्यचौकी तथा स्वास्थ्य इकाई गरी जम्मा ६ वटा, विद्यालयहरू ३० वटा, प्रहरी चौकी १ वटा छ भने अन्य सामुदायिक संस्था तथा सार्वजनिक संस्थाहरू जस्तैः बैंक १ वटा, सानाकिसान सहकारी संस्था ६ वटा, युवाक्लव ११ वटा, कृषक समूह ९ वटा, बचतसमूह ५ वटा, आमा समूह ११ वटा, वालविकास केन्द्र ३० वटा, बसपार्क ४ वटा, पिकनिक स्पट ५ वटा, पर्यटकीय स्थल ६ वटा, सिँचाई परियोजना ११ वटा, जलविद्युत आयोजना २ वटा, सामुदायिक बन २१ वटा,

खानी २ वटा, खेलमैदान ३ वटा र हाटबजार २ वटा रहेका छन् । साथै यस गाउँपालिकामा ८ वटा बचत समूह, २ वटा बैंक र वित्तीय संस्था समेत गरी १० वटा सहकारी संस्थाहरू संचालनमा छन् भने वाणिज्य बैंकको हकमा ग्लोवल आईएमईरहेको छ ।

**(ट) धार्मिक तथा पर्यटकीय स्थलहरू** : यहाँ ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरू बिजुली ढुंगा,जुरे ढुंगा, नौकुण्डताल, सात धारे हिमाल, न्हेगाङ, निर्कुभूमे सुरुङ, निर्कु महादेव मन्दिर लगायत विभिन्न मठ, मन्दिर, गुम्बा गरी २० वटा धार्मिक स्थलहरू रहेका छन् । साथै यस गाउँपालिका हुँदै प्रसिद्ध धार्मिक स्थल गोसाईंकुण्ड जाने पदमार्ग पनि रहेको छ ।

**(ठ) मध्यवर्ती वन संरक्षण क्षेत्र तथा सामुदायिक वन क्षेत्र:** यस गाउँपालिकाको क्षेत्र अन्तर्गत मध्यवर्ती वन उपभोक्ता समिति ३ वटा र सामुदायिक वन उपभोक्ता समिति २१ संचालनमा रहेकाछन् ।

यस गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरूमध्ये प्राकृतिक स्रोतको परिचालन गर्न मध्यवर्ती क्षेत्र अन्तर्गतको कानूनले निषेधित गरेको तथा संरक्षण क्षेत्रले उठाउने प्राकृतिक स्रोतको ५० प्रतिशत गाउँपालिकासँग बाँडफाँट गर्ने समझदारी भएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ दफा ६२ (ख) को उपदफा २ को १ बमोजिम १० प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्ने ।


## २.३. नौकुण्ड गाउँपालिकाको विकासका सम्भावना

यस गाउँपालिकाले हिमाल, लेक, बेशी सबै क्षेत्रको चिनारी दिएको देखिन्छ। शिरमा नौकुण्ड ताल, सात धारे हिमाल अनि बिच भागमा लारच्याङटार पाटीखर्क जस्ता फाँटहरू, अनि फेदीमा बाह्रै महिना सुसाइरहेका पुङ खोला र फुलाखु खोलाले अझ थप सुन्दरता थपिएको छ । रसुवा जिल्लाको सबैभन्दा बढी जनघनत्व भएको यो गाउँपालिका हो । नुवाकोट जिल्लाका सूर्यगढी, तादी,दुप्चेश्वर गाउँपालिकाका साथै रसुवा जिल्लाका कालिका र गोसाईंकुण्ड गाउँपालिकासँग यस गाउँपालिकाको सिमाना जोडिनुले यस गाउँपालिकाको विकासमा अथाह सम्भावना थपेको छ ।

## २.४ गाउँपालिकाको मानव संसाधनको अवस्था

नौकुण्ड गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूनाका रूपमा परिपत्र गरेको संगठन संरचना अनुसारका शाखा, उपशाखा र इकाइहरू गाउँपालिका स्तरमा रहेका छन् । साथै सेवाप्रवाहका लागि ६ वटा वडा कार्यालयहरू, सेवाकेन्द्र र सेवाप्रवाह इकाईहरू, विद्यालय, समिति आदि रहेका छन् । गाउँपालिकाको राजस्व सम्बन्धी जिम्मेवारी वहन गर्न प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत १ जना नासुस्तरका कर्मचारी रहने गरी राजस्व इकाईको व्यवस्था रहेको छ ।

## चित्र नं.३: गाउँपालिकाको स्वीकृत संगठनात्मक तथा मानव संसाधन स्वरूप




नौकुण्ड गाउँपालिकाले देहाय अनुसारको नयाँ कर्मचारी दरबन्दी तालिका पारित गरेको छ ।

### तालिका २.५: नौकुण्डगाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी विवरण

| क्र.सं. | शाखा | पद | तह | संख्या | खाली पद |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | सामान्य प्रशासन | रा.प.तृत्तीय | १ | |
| १ | प्रशासन तथा योजना अनुगमन शाखा | अधिकृत | छैठौ | १ | |
| | | सहायक | पाँचौ | १ | |
| | | कम्प्युटर अपरेटर | | १ | |
| २ | लेखा शाखा | लेखा अधिकृत | | १ | |
| | | लेखापाल | | १ | |
| ३ | जिन्सी शाखा | अधिकृतस्तर | छैठौं | १ | |
| | | सहायक | पाँचौं | १ | |
| ४ | राजस्व शाखा | सहायक | पाँचौं | १ | |
| ५ | प्राविधिक शाखा | इन्जिनियर | | १ | |
| | | सव इन्जिनियर | | १ | |
| | | अ सव इन्जिनियर | | १ | |
| | | खा.पा.स.टे. | | १ (स्यानेटरी) | |
| ६ | शिक्षा शाखा | अधिकृतस्तर | सातौ | १ | |
| | | प्रा.स. | | १ | |
| ७ | स्वास्थ्य शाखा | अधिकृतस्तर | छैठौ | १ | |
| | | नर्सिङ | | १ | |
| ८ | कृषि शाखा | अधिकृतस्तर | सातौं /*आठौं (कृषि)* | १ | |
| | | सहायक | पाँचौं*(कृषि)* | २ | |

| क्र.सं. | शाखा | पद | तह | संख्या | खाली पद |
|---|---|---|---|---|---|
| | | सहायक | चौथो *(कृषि)* | १ | |
| ९ | पशु शाखा | अधिकृतस्तर | *आठौं (भेट)* | १ | |
| | | सहायक | पाँचौं*(कृषि भेट)* | १ | |
| | | सहायक | *पाँचौं (कृषि)* | १ | |
| १० | महिला विकास शाखा | सहायक | चौथो | १ | |
| ११ | आ.ले.प.शाखा | आ.ले.प. सहायक | | १ | |
| १२ | पञ्जिकरण शाखा | सहायक | पाँचौं | १ | |
| **वडा कार्यालयतर्फ** | | | | | |
| १३ | १ देखि ४ वडा कार्यालय | सहायक | चौथो | ४ | |
| १४ | ५ नं वडा कार्यालय तथा ६ नं वडा कार्यालय | सहायक | पाँचौं | २ | |
| १५ | ५ नं वडा कार्यालय तथा ६ नं वडा कार्यालय | सव इन्जिनियर | | २ | |
| १६ | १ देखि ४ वडा कार्यालय | अ.सव इन्जिनियर | | ४ | |

यस गाउँपालिकाको जम्मा स्थायी कर्मचारी दरबन्दी संख्या गा.पा. तर्फ (२७) र वडा तर्फ (१२) गरी ३९ रहेको छ ।

यस गाउँपालिकाको संगठन तथा मानव संशाधन तालिका अनुसार रा.प.तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक समेत गरी कुल २७ जना कर्मचारीहरू रहेका छन् भने वडा कार्यालयहरूमा वडा सचिव र अ.सव इन्जिनियर गरी १२ जना कर्मचारी रहेका छन् । यसरी यस गाउँपालिकाको कुल कर्मचारी संख्या ३९ रहेका छन् ।

**कर्मचारी पदपूर्तिको वर्तमान अवस्था:**यस गाउँपालिकाको कार्यालयमा हाल २७ जना स्विकृत पद मध्ये १४ वटा पदहरूमात्रै पदपूर्ति भएको अवस्था रहेको छ भने वडा कार्यालयतर्फका १२ वटा पदहरूमध्ये ६ वटा पदहरू खाली रहेको देखिन्छ । हालसम्म महिला विकास शाखा प्रमुख, कृषि तथा पशु शाखा र लेखा शाखा प्रमुखको पूर्ति नभएको अवस्था रहेको छ । स्विकृत भएका सबै शाखा उपशाखा एवं इकाई मध्ये पन्जिकरण शाखाको गठन नभएको देखिन्छ । साथै यस गाउँपालिकाले हालसम्म गाउँसभा अन्तर्गतका समितिहरू समेतको गठन गरिसकेको छैन ।

## २.५. गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

नौकुण्ड गाउँपालिकाको कार्यालय वडा नं.३ को सरमथली,पारच्याङमा रहेको छ । उक्त स्थानमा गाउँपालिकाको आफ्नो भवन निर्माणको क्रममा रहेको छ तथा गाउँपालिकाको आफ्नो जग्गा ५ रोपनी जग्गामा उक्त भवन निर्माण गरिरहेको छ । जुन कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा, उपशाखा तथा इकाईहरू संचालनमा रहनेछन् । यहाँका कुल ६ वटा वडा मध्ये ३ वटा वडा कार्यालयहरूको आफ्नै भवन छन् भने ३ वडा कार्यालयको डि.पी.आर. तयारभई भवन निर्माणको चरणमा रहेकोले गाउँपालिकाको प्रशासनिक भवन र ३ वडाको प्रशासनिक भवनका कार्यालय बहालमा रहेको छन् । गाउँपालिका कार्यालय तथा सबै वडाहरूमा अतिआवश्यक फर्निचर तथा औजार उपकरणहरू (कम्प्युटर, प्रिन्टर) र इन्टरनेट सुविधा रहेको छ ।

गाउँपालिकाको स्वामित्वमा १२ वटा मोटरसाइकल खरिद भई संचालनमा रहेका छन भने चालु आर्थिक वर्षको वजेटमा १ वटा एम्बुलेन्स खरीद गर्ने कार्य योजना रहेको छ । गाउँपालिका क्षेत्रमा कठिन भिरपाखा सहितका प्रशस्त सार्वजनिक जग्गाहरू रहेका छन् ।

यसरी गाउँपालिकाले आफ्नो स्वाभित्व तथा हकभोगका सम्पत्तिमा आवश्यक लगानी गरी नियमित आम्दानी गर्नेतर्फ ध्यान दिन आवश्यक देखिन्छ ।

# परिच्छेद- तीन
# नौकुण्ड गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व संकलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रूपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तर्गत स्थानीय तहहरूले सम्पत्ति कर (घरजग्गा कर), घरवहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्डजरिवाना संकलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१: तहगत राजस्व अधिकार**

| संघ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| • भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर<br>• संस्थागत आयकर<br>• व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिबाना | • घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>• सवारी साधन कर<br>• मनोरञ्जन कर<br>• विज्ञापन कर<br>• पर्यटन<br>• कृषि आयमा कर<br>• सेवा शुल्क दस्तुर<br>• दण्ड जरिवाना | • सम्पत्ति कर<br>• घर बहाल कर<br>• घर जग्गा रजिष्ट्रेशन शुल्क<br>• सवारी साधन कर<br>• सेवा शुल्क दस्तुर<br>• पर्यटन शुल्क<br>• विज्ञापन कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत)<br>• मनोरञ्जन कर<br>• मालपोत संकलन दण्ड जरिवाना | • सेवा शुल्क,<br>• दस्तुर,<br>• दण्ड जरिवाना<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>• पर्यटन शुल्क |

स्रोत : नेपालको संविधान २०७२

### ३.१.२ कानूनी व्यवस्था


**(क) स्थानीय सरकार सञ्चालन ऐनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकारका सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरू जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा बहाल कर, बहाल बिटौरी शुल्क, पार्किङशुल्क, जडीबुटी, कबाडी र जीवजन्तु कर आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरू रहेका छन् । यसैगरी गैरकर अन्तर्गत गाउँपालिकाबाट विभिन्न सेवाहरू उपयोग गरे बापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसायमा शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा

व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क, स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे बापत सेवा उपयोगकर्ताहरूबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस बापत प्राप्त भएको दस्तुर बापतको रकम, नक्सापास दस्तुर र गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तु बिक्री र अन्य सम्पत्ति बिक्री, सामुदायिक वनको आय र जनसहभागिता बापतको रकम आदि रहेका छन् ।

यसैगरी प्रदेश र स्थानीय तह दुबैले साझेदारीमा संकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ । जसको दर प्रदेशले तोक्ने र संकलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ । हालसम्म संघीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भइ नसकेको र संघीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून बमोजिम असूल उपर गरी त्यसको ६० प्रतिशत सम्वन्धित स्थानीय गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्वन्धित प्रदेशमा पठाउने गरेको छ ।

यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ ।

**चित्र नं. ४ गाउँपालिकाले स्रोत प्राप्त गर्ने क्षेत्र**




अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न संघीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शीर्षकहरू निर्धारण गर्नुको अलावा संविधानका अनुसूचीमा एकल अधिकारमा दोहोरो अधिकार क्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शीर्षकहरूको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्वन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ । शुरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ । परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

**(ख) एकल कर प्रशासन सम्बन्धी व्यवस्थाः** *(आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन)*

**तालिका ३.२: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँट व्यवस्था**


| करका क्षेत्रहरू | दर निर्धारण गर्ने | संकलन गर्ने तह | राजस्वबाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | 60 | 40 |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | 40 | 60 |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | 40 | 60 |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | 40 | 60 |
| अन्य सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | | 100 |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

**एकल कोषको व्यवस्थापनः** एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ :

- यस्तो एकल कर बांडफाँट प्रयोजनका लागि संकलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने
- प्रदेशले मासिक रूपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**चित्र नं. ५ गाउँपालिकाको राजश्व प्रकार**




स्थानीय तहका सरकार अर्थात गाउँपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुरतथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ। यी राजस्वका स्रोतहरू सम्वन्धित व्यक्तिले प्रत्यक्ष रूपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफूले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने विषयमा स्वभाविक रूपमा चासो र सरोकार राख्ने गर्दछन् र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नु पर्दछ ।

**राजस्व परिचालन चक्र र प्रक्रिया**

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरू जस्तै

**क.** नीति तथा कार्यविधिहरूको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरूको तर्जुमा, नियमावली निर्णयहरू निर्माण तथा पूराना काम नलाग्न निर्णयहरू खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरी कर्मचारीको व्यवस्था समेत पर्दछन्),

**ख.** करदाताहरूको गणना र दर्ता (राजस्वको नक्साँकन, करदाताहरूको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फाराममा आम्दानीको स्रोतको अभिलेखीकरण),

**ग.** राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथाचेतनामूलक गोष्ठीहरूको आयोजना),

**चित्र नं. ६ राजश्व परिचालन प्रक्रिया र चक्र**




**घ.** कर संकलन तथा करदाताहरूसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि तथा प्रणालीको प्रचार प्रसार, आम सञ्चारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजना),

**ङ.** कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर संकलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चितता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारबाही, अन्तिम लेखापरीक्षण आदि),

**च.** अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (गाउँपालिकाको सेवा र राजस्वको आवद्धता, राजस्व संकलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रूपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुड्किलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष, र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।

स्थानीय तहको राजस्व अधिकारको कानूनी व्यवस्थालाई प्रत्येक स्रोतको परिचालन देहाय बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ :

**गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरू**

**(क) सम्पत्ति कर सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने छ । यस वमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति

कर लगाएर बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्नेछ। स्पष्टीकरण: घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ। यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनु पर्ने व्यवस्था रहेकोछ :

(क) घर र जग्गाको आकार प्रकार र बनौट

(ख) घर र जग्गाको प्रचलिन बजार मूल्य तथा घरको हकमा ह्रासमूल्य

(ग) घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**(ख) भूमिकर (मालपोत) सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउनेछ। आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्वारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ। तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन।

**(ग) व्यवसाय कर :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्नेछ।

**(घ) घर जग्गा बहाल कर** : गाउँपालिकाको क्षेत्रभित्र कुनै ब्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको गाउँपालिकाले त्यस्तो वहाल रकममा बहाल कर लगाउन सक्नेछ।

**(ङ) सवारी कर** : गाउँपालिकाले सीमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार पाएको छ। तर यस गाउँपालिकामा हालसम्म इ-रिक्सा/अटोरिक्साहरू सञ्चालनमा नरहेको र आगामी केही वर्षहरूमा समेत सवारी करबाट आन्तरिक आय प्राप्त हुने अवस्था रहेको देखिँदैन।

**(च) विज्ञापन कर** : गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड, स्टल आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था रहेको छ।

**(छ) गैरकरहरू** : स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहासिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवाशुल्क लगाउने व्यवस्था रहेको छ।

यसैगरी गाउँपालिकाबाट विभिन्न सिफारिसहरू, इजाजत पत्र तथा नवीकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीयस्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधि पसल, घरजग्गा कारोवार (प्लटिङ) जस्ता व्यावसायिक संस्थाहरूको दर्ता, नवीकरण आदिमा विभिन्न दस्तुर संकलन गर्ने व्यवस्था रहेको छ।

**(ज) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था :** अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटअन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न व्यवस्था गरेको छ।

**तालिका 3.3: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत् | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४, अनुसूची ४*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशत हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसंख्याको पहिचान गरी स्थानीय तहलाई रकम बाँडफाँट गर्न सिफारिस गरेको छ ।

**(झ) कर राजस्वबाँडफाँट सम्बन्धी व्यवस्था :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई संघीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये संघीय सरकारले ७०%, प्रदेशले १५% र स्थानीय सरकारले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

**तालिका 3.4: कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था**

| स्रोतहरू | संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तःशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरूका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरू, राजस्वको बाँडफाँट गर्दा लिईने आधारहरू र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरू तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नुपर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरूलाई सुझाव दिने संबैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसंख्या (कूल जनसंख्या र आश्रित जनसंख्या), क्षेत्रफल, मानव विकास सूचकांक, न्यून विकास सूचकांकको आधारमा प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँट गर्ने गरी आगामी ५ वर्षको लागि सिफारिस गरेको छ ।

**तालिका ३.५: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहलाई दिने राजस्व बाँडफाँटका आधार**

| क.सं. | आधारहरू | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसंख्या<br>कूल जनसंख्या अनुपात ८०<br>आश्रित जनसंख्या अनुपात २० | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव विकास सूचकांक | ५ | ५ |
| ४ | न्यून विकास सूचकांक<br>(पूर्वाधार सूचकांक ७०%, खर्चको आवश्यकता सूचकांक २०% र सामाजिक तथा आर्थिक असमानता सूचकांक १०%) | १० | १० |
| | **जम्मा** | **१००** | **१००** |

यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट पुऱ्याउनुपर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सूत्र अनुसार रकम बाँडफाँट गर्ने गरेको छ। आयोगले गत आ.ब. २०७६/७७ मा ३ करोड ५० लाख र आ.व. २०७५/७६ मा ३ करोड न्यूनतम रकम प्रत्येक स्थानीय तहलाई प्रदान गर्ने गरी नेपाल सरकारलाई राजस्व बाँडफाँट गर्न सिफारिस गरेको थियो ।

## ३.२ गाउँपालिकाको आन्तरिक राजस्व तथा अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण अवस्था


**(क) आन्तरिक राजस्वको प्रस्तावित तथा यथार्थ आय परिचालनको विश्लेषण**

यस नौकुण्ड गाउँपालिकाले आर्थिक वर्ष २०७४/०७५ मा आन्तरिक आय रु. ४ लाख ८४ हजार संकलन गरेको देखिन्छ साथै यो रकम सिफारिस दस्तुर शीर्षकमा मात्रै राखेको छ। आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकाले आन्तरिक आयतर्फ रु. ११ लाख ७५ हजार प्राप्त हुने प्रस्ताव गरेको थियो भने जम्मा रु. ९ लाख ६५ हजार मात्र प्राप्त गरेको देखिन्छ। यसै गरी आथिक वर्ष २०७६/०७७ मा आन्तरिक आयतर्फ रु.२५ लाख प्राप्त हुने प्रस्ताव गरेको थियो भने सोही आ.व.को अषाड मसान्तसम्म रु २० लखा ५० हजार प्राप्त गरेको देखिन्छ। गाउँपालिकाले आ.व. २०७७/७८ मा आन्तरिक आयतर्फ रु.२९ लाख १३ हजार प्रस्ताव गरिएको थियो। पुनः मिति २०७७ मंसिर १२ गतेको गाउँपालिका स्तरीय अन्तरक्रिया छलफलबाट आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूबाट रु. १२०६९३००/–प्राप्त गर्ने अनुमान प्रस्ताव गरिएको हो। गाउँपालिकाको आन्तरिक राजस्व तर्फको प्रस्तावित तथा यथार्थ आय वजेटको विस्तृत विवरण तपसिलमा उल्लेखित तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ।

यस नौकुण्ड गाउँपालिकाको मुख्य आन्तरिक आयका प्रमुख स्रोतहरूमा सम्पत्ति कर, मालपोत कर, व्यवसायकर, सिफारिस तथा अन्य दस्तुर, सेवा शुल्क दस्तुर, जडीबुटी कवाडी कर, बहाल विरौटी कर, प्राकृतिक स्रोत उपयोग कर दर्ता नवीकरण आदि रहेका छन्। यस गाउँपालिकाले दुइटै आर्थिक वर्षमा आन्तरिक राजस्वको प्रस्तावितभन्दा यथार्थ आय कम प्राप्त गरेको देखिन्छ। जस्तैः आर्थिक

वर्ष २०७५/०७६ रु.११ लाख ७५ हजार प्रस्तावित रकमको ८२.% र आर्थिक वर्ष २०७६/०७७ मा रु. २५ लाख रकमको ८२% आम्दानी प्राप्त गरेको छ। जुन दुईटै आर्थिक वर्षमा १८% ले घटी आय प्राप्त भएको देखिन्छ। जसलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**चित्र नं. ७ नौकुण्ड गाउँपालिकाको आन्तरिक राजश्वको प्रस्तावित तथा यथार्थ आम्दानी स्थिति**




### (ख) अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजस्वबाँडफाँटतर्फको प्रस्तावित तथा यथार्थ आय विश्लेषण

यस नौकुण्ड गाउँपालिकाले आ.व. २०७४/०७५ मा अन्तर सरकारी वित्तहस्तान्तरणबाट रु. १६ करोड सात लाख १६ हजार प्राप्त गरेको देखिन्छ तर यस आर्थिक वर्षमा राजस्व बाँडफाँटबाट कुनै रकम प्राप्त भएको देखिदैन। आर्थिक वर्ष २०७५/०७६ मावाह्य आय तर्फ अन्तर सरकारी वित्तिय हस्तान्तरणतर्फ सघीय सरकार तथा प्रदेश सरकारबाट रु.३० करोड ९५ लाख ८६हजार प्राप्त हुने प्रस्तावित गरेको थियो भने सोही आर्थिक वर्षमा प्रस्तावित गरेको शतप्रतिशत वजेट प्राप्त भएको देखिन्छ। जसमा वित्तिय समानीकरण अनुदान रु. १८ करोड ५१ लाख ३६ हजार तथा सशर्त अनुदानतर्फ रु. १२ करोड४४ लाख ५० हजार प्राप्त गरेको छ। राजस्व बाँडफाँटबाट संघ र प्रदेश सरकारबाट प्राप्त रकम वित्तीय हस्तान्तरण रकममा समावेश भएको अनुमान छ। यसै गरी आथिक वर्ष २०७६/०७७ मा बाह्य आयतर्फ अन्तर सरकारी वित्तीय हस्तान्तरणतर्फ सघीय सरकार तथा प्रदेश सरकारबाट जम्मा रु. २५ करोड २१ लाख  ३२ हजार प्राप्त हुने प्रस्ताव गरेकोमा रु.२३ करोड ३२ लाख  ३२ हजार प्राप्त गरेको छ। जस्मा वित्तिय समानीकरण अनुदान रु.९ करोड ५१ लाख २३ हजार तथा सशर्त अनुदानतर्फ रु. ९ करोड ९१ लाख ८८ हजार प्राप्त गरेको छ। राजस्व बाँडफाँटतर्फ संघबाट रु. ३ करोड २५ लाख र प्रदेश सरकारबाट रु. ६४ लाख २१ हजार गरी जम्मा रु.३ करोड ८९ लाख २१ हजार  राजस्व प्राप्त भएको देखिन्छ। यसको साथै यस आ.व.मा रु. १ करोड गत वर्षको अल्या रकम समेत रु. २४ करोड ३२ लाख ३२ हजार प्राप्त गरेको छ।


चालु आर्थिक वर्ष २०७७/०७८ गाउँपालिकाले वाह्य आयतर्फ कुल ३१ करोड ८० लाख ३० हजार प्राप्त हुने अनुमान गरेको छ। जसमा संघीय समानीकरण अनुदान रु. ८ करोड ६६ लाख प्रदेश समानीकरण अनुदान १ करोड गरी जम्मा रु. ९ करोड ६६ लाख प्राप्त हुने प्रस्तावित गरेको छ। साथै संघबाट राजस्व बाँडफाँट बापत रु.५ करोड ११ लाख ८९ हजार र प्रदेशबाट रु. ७० लाख ६३ हजार प्राप्त हुने अनुमान छ। यस्तै सशर्त अनुदानतर्फ संघबाट रु.१३ करोड ४ लाख र प्रदेशबाट

रु. १ करोड ८७ लाख ७९ हजार प्राप्त हुने अनुमान रहेको छ। यसै गरी विशेष अनुदानतर्फ प्रदेशबाट रु. ४० लाख प्राप्त हुने अनुमान छ। साथै प्रदेशबाट समपुरक अनुदानबाट रु. १ करोड प्राप्त गर्ने अनुमान गरेको छ। यसको साथै यस आ.व.मा रु. ३० लाख गत वर्षको अल्या रकम प्राप्त हुने अनुमान गरिएको छ तर माथि उल्लेखित कुल प्रस्तावित रु. ३१ करोड ८० लाख ३० हजारमा यो रकम समावेश गरिएको छैन। **गाउँपालिकाको प्रस्तावित तथा यथार्थ आय वजेटको विस्तृत विवरण तपशिलमा उल्लेखित तालिका नं. ३.६ मा प्रस्तुत गरिएको छ।**

यस नौकुण्ड गाउँपालिकाको बाह्य आय तर्फ संघ तथा प्रदेशबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, राजस्वबाँडफाँटआदि रहेका छन्। यस गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ को प्रस्तावित तथा यथार्त आय र २०७६/०७७ को प्रस्तावित र यथार्थ आय र आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित आय विवरण तपशिलमा प्रस्तुत गरिएको छ। विगत दुई आर्थिक वर्षको प्रस्ताव तथा यर्थाथ आयको विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/०७६ मा १००% यर्थाथ आम्दानी भएको देखिन्छ भने आर्थिक वर्ष २०७६/०७७ मा कुल ९३ % यथार्थ आय प्राप्त भएको देखिन्छ। जसलाई देहायको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

अन्तमा यस गाउँपालिकाले चालु आर्थिक वर्ष २०७७/०७८ मा (आन्तरिक आय, संघ प्रदेशबाट प्राप्त हुने अनुदान र गत वर्षको बक्यौता समेत गरी) कुल आय रु. ३२ करोड ३९ लाख ४३ हजार हुने अनुमान रहेको छ। आ.व. २०७६/०७७ को तुलनामा यो अनुमान २२.३ प्रतिशत बढी छ।

**चित्र नं. ८ नौकुण्ड गाउँपालिकाको अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँडको प्रस्तावित तथा यथार्थ स्थिति**




**तालिका ३.६: नौकुण्ड गाउँपालिकाको आन्तरिक राजश्व, राजश्व बाँडफाँड तथा अन्तर सरकारी वित्तीय हस्तान्तरणको यथार्थ तथा प्रस्तावित आय बजेट विवरण (रु. हजारमा)**

| क्र.सं. | आय शीर्षकहरू | आय कजेट रु. हजार | | | ७७/७८ को प्रस्तावित कजेट रु. हजार |
|---|---|---|---|---|---|
| | | यथार्थ २०७४/७५ | यथार्थ २०७५/७६ | यथार्थ २०७६/७७ | |
| क. | आन्तरिकतर्फ | | | | |
| 1 | घर जग्गा (सम्पत्ति) कर | **0** | 325 | 0 | 365 |

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | घर जग्गा रजिष्ट्रेशन शुल्क | **0** | 0 | 0 | 0 |
| 3 | भूमि कर (मालपोत) | 0 | 25 | 150 | 165 |
| 4 | व्यवसाय कर | 0 | 150 | 400 | 440 |
| 5 | सेवाशुल्क (सिफारिस समेत) | 484 | 250 | 1000 | 1100 |
| 6 | जडीबुटी कवाडी कर | 0 | 10 | 250 | 275 |
| 7 | बहाल विटौरी कर | 0 | 5 | 20 | 22 |
| 8 | प्राकृतिक स्रोत उपयोग कर | 0 | 200 | 230 | 246 |
| 9 | सवारी कर | 0 | 0 | 0 | 0 |
| 10 | घर नक्सा दस्तुर | 0 | 0 | 0 | 300 |
| | **आन्तरिक जम्मा** | **484** | **965** | **2050** | **2913** |
| 1 | **गत वर्षको अल्या** | 0 | 0 | **10000** | **3000** |
| 2 | **राजस्व बाँडफाँट प्राप्त संघ** | 0 | 0 | **32500** | **51188** |
| 2.1 | मूअकर र आन्तरिक अन्तःशुल्क | | | 0 | |
| 2.2 | रोयल्टीहरू संघबाट | | | 0 | |
| 3 | **राजस्व बाँडफाँट प्राप्त प्रदेश** | 0 | 0 | **6421** | **7063** |
| 3.1 | घरजग्गा रजिष्ट्सेन शुल्क | | | 0 | |
| 3.2 | सवारी साधन कर | | | 0 | |
| | **राजस्व वाडफाँड जम्मा** | **0** | **0** | **38921** | **58251** |
| 4 | **अन्तर सरकारी वित्तिय हस्तान्तरणः** | | | | |
| 4.1 | संघ समानीकरण अनुदान | 0 | 65140 | 85200 | 86600 |
| 4.2 | प्रदेश समानीकरण अनुदान | 0 | 119996 | 9923 | 10000 |
| 4.3 | संघ सशर्त अनुदान (विषयगत क्षेत्र) | 0 | 101900 | 97100 | 130400 |
| 4.4 | प्रदेश सशर्त अनुदान (विषयगत क्षेत्र) | 0 | 22550 | 2088 | 18779 |
| 4.5 | संघ विशेष अनुदान | 0 | 0 | 0 | 0 |
| 4.6 | प्रदेश विशेष अनुदान | 0 | 0 | 0 | 4000 |
| 4.7 | संघ सम्पुरक अनुदान (परियोजना) | 0 | 0 | 0 | 0 |
| 4.8 | प्रदेश सम्पुरक अनुदान (परियोजना) | 0 | 0 | 0 | 10000 |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण जम्मा** | **160716** | **309586** | **194311** | **259779** |
| | **अन्तर सरकारी र राजस्व बाँडफाँट जम्मा** | **160716** | **309586** | **233232** | **318030** |
| | **कुल जम्मा (अल्या समेत)** | **161200** | **310551** | **245282** | **323943** |

*स्रोतः गाउँपालिकाको लेखा शाखाबाट प्राप्त २०७७*

समग्रमा यस गाउँपालिकाको आन्तरिक राजस्व सुधारको अवस्था विश्लेषण गर्दा गाउँपालिकाबाट आन्तरिक राजस्ववृद्धिका लागि आर्थिक वर्ष २०७७/०७८ को आर्थिक ऐनको पुनरावलोकन गर्नुपर्ने, करका दायराहरूको पहिचानएवं अभिलेखीकरण गरी प्रगतिशील कर पद्धतिलाई अवलम्वन गर्ने, व्यवसायी, सहकारी एवं सामुदायिक वनलाई समेत करको दायरामा ल्याउने जस्ता कार्य गर्नु अतिआवश्यक रहेको छ। साथै जिल्ला मालपोत कार्यालय, जिल्ला भूमिसुधार कार्यालय, उद्योग वाणिज्य संघ, निर्माण व्यवसायि संघ, यातायात व्यवसायी संघ, जिल्ला बन कार्यालय, सहकारी डिभिजन कार्यालय, स्थानीय स्तरका विभिन्न व्यावसायिक छाता संघ संगठन र गाउँपालिका संघ महासंघहरूसँग समन्वय र सहकार्य गर्न आवश्यक देखिन्छ।

## ३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाको आर्थिक ऐन २०७७/०७८ अनुसार आन्तरिक राजस्वका प्रमुख स्रोतहरू सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, विज्ञापन कर, मनोरन्जन कर, पार्किङ्ग शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क तथा सिफारिस दस्तुर, निर्माण घर नक्सापास दस्तुर, सरसफाइ शुल्क रहेका छन् । तर गत आर्थिक वर्ष २०७६/०७७ यस गाउँपालिकाले विशेष गरेर सम्पत्ति कर, व्यवसाय कर, सिफारिस तथा प्रमाणित शुल्क, अन्य क्षेत्र (प्राकृतिक स्रोत) बाटै आम्दानी प्राप्त गरेको देखिन्छ ।

यसको साथै वन जंगल, सामुदायिक बन, खनिज, विभिन्न बालीहरू उब्जाउन सकिने जमिन, खोला, नदी आदि यहाँको प्रमुख प्राकृतिक सम्पदा हुन् । त्यसैगरी पाखो तथा बारी क्षेत्रमा अलैंची, कफी, आलु, मासको दाल, जडीबुटी, पशुपालन, कृषि, वन आदिको प्रचुर सम्भावना रहेका छन् भने आन्तरिक पर्यटन तथा धार्मिक पर्यटनका क्षेत्रहरू समेत रहेका छन् । यस क्षेत्रमा संलग्न रहेका महिलाहरूलाई प्रत्यक्ष लाभदायी बनाई कार्यक्रममा समावेश गरेमा करको दायरा थप फराकिलो हुने सम्भावना छ ।

चालु आर्थिक वर्ष २०७७/०७८ का लागि गाउँपालिकाले सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, सेवा शुल्क, जडीबुटी, बहाल विटौरी प्राकृतिक स्रोत र घर नक्साबाट कुल २९ करोड १३ लाख आम्दानी प्राप्त हुने गरी प्रस्तावित गरेको छ ।

### ३.३.१ कर राजस्व

आर्थिक वर्ष २०७७/०७८ देखि२०७८/०७९–२०८०/०८१का लागि गाउँपालिकाको आयका वृद्धिका स्रोत, विद्यमान अवस्था, सम्भावना, तथा सुधार गर्नुपर्ने पक्ष जस्ता विषयमा समूहगत अभ्यास कार्यबाट विशेष गरी सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, वहाल विटौरी कर, व्यापार व्यवसाय दर्ता/नवीकरण, अन्य विक्रि (प्राकृतिक स्रोत), घर जग्गा बहाल कर, नक्सापास दस्तुर, घर अभिलेखीकरण, सामुदायिक वन, सिफारिश तथा प्रमाणित स्रोत जस्ता विषयमा प्रगतिशील कर को आधारमा अनुमानित प्रस्तावित कर को दर तथा दायरा निर्धारण गर्ने कार्य गरिएको थियो । जुन देहाय बमोजिम रहेका छन् :

गाउँपालिकाको राजस्वका स्रोतहरूमध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेका प्रस्तावित दर तथा दायराहरूको सम्भाव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू यसप्रकार रहेका छन् :

**(क) सम्पत्तिकर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५**मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको छ। उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर रसो घरले चर्चेको क्षेत्रफल बराबरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने व्यवस्था रहेको छ) ।

**सम्पत्ति करको वर्तमान अवस्था:**आ.व. २०७५/०७६ मा ३ लाख ३५ हजार प्राप्त गरेको, आ.व. २०७७/०७८ मा ३ लाख ६५ हजार प्रस्ताव गरेको ।

गाउँपालिकाको आर्थिक ऐन २०७७ ले सम्पत्ति कर अन्तर्गत घरको तला अनुसार दर निर्धारण गरी लागू गरेको छ। जस्तै ढुंगा माटो जोडाइ जस्ता/ढुंगा छानो भएको एक तले घरको रु. एक सय, भूकम्प प्रतिरोधी घर जस्ता छानो भएको एक तले घरको रु. दुइ सय र आर.सि.सि. पक्की घरको एक तलेको तिन सय र दुई तलेको चार सय दर स्विकृत गरेको छ। तर सो अनुसार गाउँपालिकालाई प्राप्त हुने सम्पत्ति करको प्रक्षेपण गर्न गाउँपालिका क्षेत्रभित्र यकिन घर धुरीहरूको विवरण नभएकोले सम्पत्ति करको प्रक्षेपण गर्न गाह्रो भएको। तसर्थ सामूहिक छलफलबाट देहाय बमोजिमको सम्पत्ति करको प्रक्षेपण गरिएको छ ।

**सम्पत्ति करको सम्भावना:** कुल ३४५७ घरधुरीलाई प्रगतिशील सम्पत्ति करको दायरामा ल्याउने गरी देहाय बमोजिम अनुमानित आम्दानी हुने प्रस्ताव विवरण ।

| क्र.सं. | करयोग्य सम्पत्ति | वार्षिक दर (रु.) | अनुमानित करदाता संख्या | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|
| 1 | रु. १ देखि ५० हजारसम्म | | | |
| 2 | ५० हजार १ देखि २ लाखसम्म | 100 | 802 | 80200 |
| 3 | २ लाख १ देखि ५ लाखसम्म | 2000 | 155 | 310000 |
| 4 | ५ लाख १ देखि १० लाखसम्म | 450 | 250 | 112500 |
| 5 | १० लाख १ देखि २० लाखसम्म | 160 | 350 | 56000 |
| 6 | २० लाख १ देखि ४० लाखसम्म | 30 | 800 | 24000 |
| 7 | ४० लाख १ देखि ७० लाखसम्म | 15 | 1350 | 20240 |
| 8 | ७० लाख १ देखि १ करोड १० लाखसम्म | | | |
| 9 | १ करोड १० लाख १ देखि २ करोडसम्म | | | |
| 10 | २ करोड १ देखि ५ करोडसम्म | | | |
| 11 | ५ करोड १ देखि १० करोडसम्म | | | |
| | | **जम्मा** | **3457** | **602950** |

### सम्पत्ति कर क्षेत्रमा सुधार गर्नुपर्ने पक्षहरू

सम्पत्ति कर घरजग्गामा लाग्ने र गाउँपालिकामा भएका सबै घरको वास्तविक मूल्यांकन गर्न सकिएमा यो गाउँपालिकाको सबभन्दा भरपर्दो आम्दानीको स्रोत हो । यसको लागि गाउँपालिकाले नीतिगत र प्रशासनिक व्यवस्थापनमा जोड दिई कार्यान्वयन गर्नुपर्छ । नीतिगत सुधार अन्तर्गत सबै घरधुरीलाई अनिवार्य रूपमा कर लगाउन घरजग्गाको मूल्यांकनको आधार र तौरतरिकाको स्पष्ट मार्गदर्शन गर्ने, वार्षिक आर्थिक ऐनमा जनताको करतिर्ने क्षमता अनुसारको दर निर्धारण गर्ने तथा शुरुवातमा के कस्ता छुट दिन सकिन्छ भन्ने विषय समेत स्पष्ट गर्ने तथा समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवानाको व्यवस्था समेत गर्ने विषयहरू समावेश गर्नुपर्ने हुन्छ। यसैगरी प्रशासनिक सुधार अन्तर्गत सक्षम कर्मचारी सहितको कर शाखाको स्थापना, सफ्टवेयर सहितको कम्प्युटराइज विलिङ पद्धति, कर संकलनको तौर तरिका र वडा तहबाट अनुगमन गर्ने पद्धति विकास गर्नु अनिवार्य हुन्छ । यसमा गाउँपालिकाले हरेक घरधुरीको तथ्यांक, घरजग्गाको वास्तविक मूल्यांकन अनुसारको तथ्यांकमा आधारित करदाताका लगत तयारी, स्पष्ट दर निर्धारण तथा गाउँसभाबाट स्वीकृति र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र समीक्षा गर्नुपर्ने देखिन्छ ।

### यसका लागि निम्न बुँदागत सुझावसमेत दिइएको छ :

- गाउँपालिकाको पार्श्व चित्रमा वडागत रूपमा घरधुरीको किसिम, लागत रकम, वर्ग क्षेत्रफ, तल्ला संख्या घरले चर्चेको जमिन सहितको अभिलेख तयार गर्नुपर्ने हुन्छ । यी सूचनाहरूको प्रयोजन आवधिक योजना तयारीका लागि हुन्छन् । साथै सम्पत्तिको दर पुनरावलोकन गर्नमा समेत सहयोगी हुन्छन् ।
- हालको दरमा घरले चर्चेको जमिनबारे उल्लेख नभएको हुँदा त्यस्तो जमिनको समेत मूल्याकन गर्नुपर्ने हुन्छ ।
- हाल निर्धारित दर सबै क्षेत्रफलमा निर्मित वा एक भन्दा बढी तला भएका घरको कर समान हुने हुँदा यो दरलाई प्रगतिशील बनाउनु जरुरी छ ।
- वाग्मती प्रदेश सरकारबाट जग्गा रजिष्ट्रेशन उद्देश्यका लागि स्विकृत जमिनको मूल्यांकन (मालपोत कार्यालयबाट उपलब्धता हुन) लाई आधार बनाउन सकिन्छ ।

- सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ। यस्तो मूल्यांकन गर्दा मन्त्रालयले २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधनपछि जारी निर्देशन अनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ वर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ। तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न हुँदैन। विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कममूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दा वा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसुकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो।
- सम्पत्ति मूल्यांकन अनुसार कर निर्धारण गर्दा शुरु मूल्य रु. ५० हजारसम्म रु. ५०।- र त्यसपछि सम्पत्तिको मूल्य अनुसार थप प्रतिहजारको सम्पत्तिमा २०।- पैसादेखि सम्पत्तिको मूल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति करको दर निर्धारण गर्नु उपयुक्त हुन्छ। यसरी सम्पत्ति कर लगाउन गाउँपालिकाले एक छुट्टै सम्पत्ति कर निर्देशिका जारी गरी सोही बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुने देखिन्छ। यसमा घरमूली महिला वा महिलाको स्वामित्वमा सम्पत्ति भएमा केही छुट दिने गरी आर्थिक ऐनमा व्यवस्था गर्न सकिनेछ।
- सम्पत्ति कर हिसाब गर्दा कार्य सरलताको लागि राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटिबाट हुने नकारात्मक असरलाई कम गर्ने सकिन्छ।

दृष्टव्यः प्रगतिशील सम्पत्ति करको उदाहरण सहितका नमूना तालिका अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

यसरी लगाइएको सम्पत्ति कर प्रगतिशील, दिगो, भरपर्दो र जनताको सम्पत्ति बढे अनुसार कर लाग्ने खालको हुने हुनाले जनसमर्थन समेत प्राप्त हुने हुन्छ।

**(ख) भूमिकर (मालपोत) : (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६)**

**भूमिकर (मालपोत) को वर्तमान अवस्थाः** आ.व. २०७५/०७६ मा ३ लाख ३५ हजार प्राप्त गरेको, आ.व. २०७७/०७८ मा ३ लाख ६५ हजार प्रस्ताव गरेको,

गाउँपालिकाको आर्थिक ऐन २०७७ ले भूमिकर (मालपोत) कर अर्न्तगत भूमिको अव्वल, दोयम, सिम र चाहार वर्गीकरण गरी प्रति रोपनी दर निर्धारण गरेको छ। जस्तै धनहरू अव्वल जमिनको प्रति रोपनी तीस रुपैयाँ र पाखो प्रति रोपनी पच्चिस रुपैयाँ स्विकृत गरेको छ भने दोयम जमिनको रु. पच्चिस र विस रूपया र सिम जमिनको रु.विस र रु. पन्ध्र र चाहार जमिनको रु. पन्ध्र र रु. दश स्विकृत गरी लागु गरेकोमा सो अनुसार गाउँपालिकालाई प्राप्त हुने भूमि करको प्रक्षेपण गर्न गाउँपालिका क्षेत्रभित्रको यकिन जमिनको विवरण नभएकोले भूमि करको प्रक्षेपण गर्न गाह्रो भएको। तसर्थ सामूहिक छलफलबाट देहाय बमोजिमको भूमिको वर्गीकरण गरीकरको प्रक्षेपण गरिएको छ।

**भूमिकर (मालपोत) को सम्भावना**
मिति २०७७ मंसिर १२ गतेको अन्तरक्रिया तथा छलफल गोष्ठीका सहभागीहरूबाट देहाय बमोजिमको भूमिको अनुमानित वर्गीकरण तथा करको दर प्रस्ताव गरिएको छ ।

| क्र.सं. | वर्गीकरण | कुल रोपनी | दर प्रति रोपनी | कुल रकम |
|---|---|---|---|---|
| 1 | सिञ्चित | 38500 | 40 | 1540000 |
| 2 | अर्द्ध सिञ्चित | 82000 | 25 | 2050000 |
| 3 | असिञ्चित | 211000 | 15 | 3165000 |
| | **कुल जम्मा** | **331500** | | **6755000** |

दृष्टव्यः माथि उल्लेखित वर्गीकरण अनुसारको जग्गाको यकिन रोपनी गाउँपालिकाले वडागत अनुसार पुनः यकिन गर्नुपर्ने देखीन्छ ।

**भूमि कर (मालपोत) सुधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिकाले हरेक वडामा रहेको जमिन मध्ये सम्पत्ति कर लगाएको वाहेकको जमिनलाई मालपोत र भूमिकर प्रयोजनका लागि वर्गीकरण अनुसारको वडागत अनुसार लगत तयार गर्नु पर्दछ ।
- नयाँ भूउपयोग ऐन अनुसार आफनो गाउँपालिका क्षेत्रभित्रको जग्गा जमीनको नक्सांकन गरी वर्गीकरणका अधारमा दररेट कायम गरिनु पर्ने देखिन्छ ।
- जमिनको वर्गीकरण अनुसार र परिमाणलाई मध्यनजर गरी प्रगतिशील किसिमको दर निर्धारण गरी राजस्व परामर्श समितिको सिफारिसमा गाउँसभाबाट स्वीकृत गर्नुपर्ने र स्वीकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन गर्ने गराउने साथै अनुगमन र मूल्यांकन गर्ने ।
- यसको अतिक्ति बक्यौता मालपोतको विवरण तयार गरी सोको असुली गर्न पहल गर्नु पर्दछ ।

साथै  मालपोत प्रयोजनका लागि वडागत अनुसार जमिनको सिञ्चित, अर्द्ध सिञ्चित र असिञ्चित खेती अनुसार वर्गीकरण विवरण तयार गर्नु पर्दछ। मालपोत लगाउँदा प्रगतिशील र व्यवहारिक मालपोतको दर निर्धारण र असूलीका आधारहरूअनुसार लगाउनु पर्दछ  ।

अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने विषयमा उदाहरणबाट प्रष्ट पारौं। मानौं नौकुण्ड गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रति रोपनी रु.३०।- राखेको रहेछ भने यसको विस्तृत विवरण उदाहरण सहितका नमूना तालिका अनुसूचीमा ४ मा प्रस्तुत गरिएको छ ।

**(ग) घर बहाल कर (वार्षिक १० प्रतिशत) (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७)**

**घर बहाल करको वर्तमान अवस्थाः** गाउँपालिकाले गत आ.व. सम्म  यस शीर्षकबाट आय प्राप्त गरेको देखिँदैन । साथै चालु आ.व.मा पनि प्रस्ताव गरिएको देखिँदैन ।

**घर बहाल करको सम्भावनाः** यस गाउँपालिकामा करिव २०८ भन्दा बढी संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेको देखिन्छ। ती व्यापार व्यवसायहरूमध्ये २५% बहालमा लिएको अनुमान छ। प्रति व्यवसाय सरदर रु. १२ हजार दरले मासिक भाडाको हिसाव गर्दा वार्षिक भाडा रु.६ लाख २४ हजार असुल हुने उक्त बहाल रकममा १०% का दरले घरजग्गा बहाल कर लगाउँदा गाउँपालिकालाई वार्षिक रु. ६२ हजार ४ सय बहाल कर प्राप्त हुन सक्ने अनुमान प्रस्ताव गरिएको छ ।

**घर बहाल करको सुधार गर्नुपर्ने पक्षहरू**

- व्यावसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दर अनुसारको लगत तयारी, व्यावसायिक तथा आवासीय प्रयोजनका लागि वहाल करको दर निर्धारण र स्वीकृति तथा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**(घ) व्यवसाय कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८)**

**व्यवसाय करको वर्तमान अवस्थाः** आ.व. २०७५/०७६ मा रु. १ लाख ५० हजार र २०७६/०७७ रु. ४ लाख प्राप्त गरेको देखिन्छ भने आ.व. २०७७/०७८ मा ४ लाख ४० हजार प्रस्ताव गरेको देखिन्छ। व्यवसाय करलाई पुँजीगत लगानीर वार्षिक कारोबारको आधारमा प्रगतिशील हिसावले लगाउँदा कानून संगत र समन्यायिक हुने हुँदा निम्नानुसार सिफारिश गरिएको छ ।

**व्यवसाय करको सम्भावना**

| क्र. सं. | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | व्यवसायी संख्या | कुल रकम |
|---|---|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– | 10 | 2000 |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मको वार्षिक कारोबार | रु.२५०/– | 18 | 4500 |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– | 5 | 1500 |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार | रु.४००/– | 15 | 6000 |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मको वार्षिक कारोबार | रु.५००/– | 10 | 5000 |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मको वार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. ५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने | 60 | 33000 |
| ७ | रु.५ लाखभन्दा माथि | रु.२५ लाखभन्दा बढी | माथि उल्लेख | 95 | 54625 |

| | | | | | |
|---|---|---|---|---|---|
| | रु.१० लाखसम्मको पुंजीगत लगानी | रु.५०लाखसम्मको वार्षिक कारोबार | भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | | |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुंजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | 5 | 3125 |
| ९ | रु.२० लाखभन्दा बढीको पुंजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | | |
| | **कुल जम्मा** | | | **208** | **109750** |

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुने गरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

**व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत**

| क्रसं. | उद्यम व्यवसायको किसिम | व्यवसाय करमा प्रस्तावित छुटको % |
|---|---|---|
| १ | गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| २ | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. १० लाखसम्म पुंजी लगानी भएका उद्यम व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| ३ | कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसायमा | माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल व्यवसाय कर अंकमा २५ प्रतिशत छुट दिने |
| ४ | औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसायमा | |
| ५ | सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसायमा | |

**व्यवसाय करमा सुधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिका अन्तर्गतका उद्योग, व्यापार तथा व्यवसायहरूलाई दर्ता प्रक्रियामा ल्याई तिनीहरूको पूँजीगत लगानी, आम्दानी, मुनाफा, सेवा आदि पक्षहरूलाई मध्यनजर गरी थोक र खुद्रा कारोवार गर्ने आदि आधार समेतमा वर्गीकरण गरेर सो अनुसार दर निर्धारण तथा गाउँसभाबाट स्विकृत नीति गाउँपालिका तथा वडास्तरबाट कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्ने ।
- व्यवसाय दर्ता कार्यविधि तयार गरी सोलाई आधार लिन आवश्यक हुन्छ ।
- स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । वडागत रूपमा मुख्य बजारमा सञ्चालित व्यवसायहरूको लगत तयार गर्ने ।

**(ङ) जडीबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक उपयोग कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१)**

**वर्तमान अवस्था:**आ.व. २०७५/०७६ मा रु. १ लाख र २०७६/०७७ रु. २ लाख ५० हजार प्राप्त गरेको देखिन्छ भने आ.व. २०७७/०७८ मा २ लाख ७५ हजार ठेक्का प्रक्रियाबाट प्राप्त हुने प्रस्ताव गरेको छ ।

**सम्भावना:**मध्यवर्ती क्षेत्र अर्न्तगतका समूहतथा अन्य सामुदायिक वन क्षेत्रमा जडीबुटी खेती प्रवर्द्धन गरी बजारीकरण गर्न सकिने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू:** हाल उत्पादन हुने जडीबुटी, कवाडी र जीवजन्तु सम्बन्धी विवरणहरू प्राप्त नभए तापनि यसकालागि सामुदायिक वन उपभोक्ता समितिहरू, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिहरू लगायत राष्ट्रिय निकुन्ज समिति संग समन्वय गर्नुपर्ने हुन्छ ।

**(च) सानासवारी साधन कर (स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क)**

**वर्तमान अवस्था:** गउँपालिकाले साना सवारी कर को दर निर्धारण गरेको छैन ।

**सम्भावना:** सडक कालोपत्रे हुने क्रममा रहेको हुनाले साना सवारी अटो रिक्सा र इ-रिक्सा सञ्चालन सम्भावना रहेको छ ।

**सुधार र्गनु पर्ने पक्षहरू:** कालो पत्रे सडक निर्माण भए पछि करका दर निर्धारण गरी कर असुल गर्दै जानु पर्ने ।

**(छ) विज्ञापन कर:(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग))**

**वर्तमान अवस्था:**गाउँपालिकाले आर्थिक ऐन ७७ को अनुसूची ७ मा विज्ञापन कर (प्रति वर्ग फिट, गोटा, पटक) को आधारमा करको दर निर्धारण गरेको छ ।

**सम्भावना:**गाउँपालिकाले चालु आ.व.मा विज्ञापन शीर्षकबाट के कति कर प्राप्त गर्न सक्दछ सो को प्रक्षेपण गरी आय वृद्धि गर्न सकिने सम्भावना । पारच्याङ घिचेत पाटिखर्क, यार्सा युवा, सरमथली, भोर्ले, चिती, बडरे, सरस्यु, आरुखर्क, लाङबु, थाङदोर जस्ता बजार क्षेत्रमा विज्ञापनका सामाग्री राख्ने क्षेत्र भएकाले भविष्यमा झन बढोत्तरी हुदै जाने सम्भावना देखिन्छ । चालु आ.व.मा यस शीर्षकबाट रु. ६० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू**

गाउँपालिका क्षेत्रमा रहेका व्यापारिक प्रयोजनका विज्ञापन सामग्रीहरूको लगत राखी सोको नियमन र आर्थिक ऐनमा तोकिए वमोजिम कर असुल गर्नुपर्ने देखिन्छ ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ दफा ४ अनुसार सार्वजनिक स्थलबाट देखिने गरी होर्डिङ वोर्ड राख्न र त्यसमा विज्ञापन गर्न चाहने व्यक्तिले सम्बन्धित स्थानीय तहबाट अनुमति लिनु पर्ने उल्लेख छ। साथै सोही दफाको उपदफा (६) मा विज्ञापन सम्बन्धी निवेदन, दस्तुर, अवधि लगायतका विषयहरू सम्बन्धित स्थानीय कानून वमोजिम हुने समेत उल्लेख गरिएको छ। यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% सम्बन्धित प्रदेश सरकारलाई बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दालिखा गर्नु पर्दछ।

वागमती प्रदेशको आर्थिक ऐन २०७७ दफा ८ अनुसार विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने, असुल उपर गर्ने र प्रदेश कानून वमोजिम बाँडफाँट गर्नुपर्ने उल्लेख भएको छ।

### (ज) मनोरञ्जन कर:(स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (घ)

**वर्तमान अवस्था:** गाउँपालिकाले आर्थिक ऐन ७७ को अनुसूची ८ मा मेला, महोत्सव, कन्सर्ट सास्कृतिक कार्यक्रममा प्रति पटक रु. एक हजार दर तोकेको छ। तर हालसम्म कुनै आम्दानी प्राप्त गरेको छैन।

**सम्भावना:**गाउँपालिकाले वर्ष भरी मनाउने मेला, महोत्सव र पर्वहरूको समय तथा पटक सहितको विवरणका आधारमा आय वृद्धि गर्न सकिने सम्भावना।

### सुधार गर्नुपर्ने पक्षहरू

- गाउँपालिकाले वर्ष भरी मनाउने मेला, महोत्सव र पर्वहरूको अभिलेख तयार गर्ने।
- कर असुलीको व्यवस्थापन प्रक्रिया निर्धारण गरी कर असुली गर्ने।

### (ज) अन्य कर

(१) अन्य बिक्रीबाट रु. २ लाख हुने अनुमान गरिएको छ।

(२) प्रशासनिक सेवा शुल्क वाफत रु. २५ हजार हुने अनुमान गरिएको छ।

(३) प्रशासनिक दण्ड जरिवाना वाफत रु. २५ हजार हुने अनुमान प्रस्ताव गरिएको छ।

## ३.३.२ गैरकर राजस्व

गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत सेवा शुल्क, दस्तुर, विक्रीबाट प्राप्त आय लगायतका पनि हुन्। यिनलाई गैरकर राजस्वका रूपमा लिने गरिन्छ, ती यसप्रकार रहेका छन् :

### (क) अन्य बिक्रीबाट प्राप्त (प्राकृतिक एवं खानीजन्य वस्तु)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ। यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न व्यवस्था रहेको छ।

साथै बागमती प्रदेश आर्थिक ऐन २०७७ दफा ८ वमोजिम वन क्षेत्र तथा निजी जग्गाका रोडा, गेग्रान, स्लेट ढुंगा, गिट्टी ढुंगा, चट्टान ढुंगा, कटिंग ढुंगा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, वालुवा, चुनढुंगा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ, जराजुरी जस्ता दहत्तर, बहत्तरका साथै खानी तथा नदीजन्य पदार्थ उत्खनन् र संकलनमा अनुसूची ६ वमोजिम प्राकृतिक स्रोत शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका डिभिजन कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्ने उल्लेख छ।

यस गाउँपालिका माखुरपाखा मध्यवर्ती वन, सांगाचौर मध्यवती वन क्षेत्र अन्तर्गत पर्ने हुँदा ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ६(७) वमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य पदार्थको उत्खनन् तथा संकलन सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून वमोजिम हुने उल्लेख भएकाले राष्ट्यि निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र यस अन्तर्गतको लाङटाङ राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली बमोजिम व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। यद्यपि नेपालको संविधानले स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणको अधिकार समेटेकोले संविधान आइसकेपछि नेपाल सरकार मन्त्रिपरिषदको निर्णयले संघीय ऐन स्थानीय सरकार ऐन र संविधानको भावना विपरित पूरानो कानूनको व्यवस्था अनुसार कार्यान्वयन गर्नुभन्ने आदेशमा चुनौती समेत दिनसक्ने अवस्था समेत विद्यमान रहेको देखिन्छ।

**विद्यमान अवस्था :** यस गाउँपालिकाले खानीजन्य वस्तु (ढुंगा, गिट्टी, वालुवा, स्लेट, माटो) तथा प्राकृतिक स्रोत उत्खनन् तथा संकलन  गर्नेएवंआन्तरिक राजस्वका रूपमा अनुमान तथा संकलन गरेको छैन। साथै गाउँपालिकामा ठुला नदि नाला नभएको हुँदा गिट्टी, वालुवा बिक्री तथा निकासीको सम्भावना छैन। तथापि स्थानीयस्तरमा पुर्वाधार तथा अन्य संरचना निर्माणमा ढुंगा, गिट्टी, वालुवाको सम्भावना रहेको छ।

**सुधार गर्नुपर्ने पक्षहरू**

**(ख) बहाल विटौरी शुल्कः(स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९)**

**वर्तमान अवस्थाः**गाउँपालिकाले आर्थिक ऐन ७७ को अनुसूची ९ मा यस शीर्षक अन्तर्गत कुल आयको ५ % दर तोकेको छ। २०७५/०७६ मा रु. ५ हजा र २०७६/०७७ रु. २० हजार प्राप्त गरेको देखिन्छ भने आ.व. २०७७/०७८ मा २२ हजार प्रस्ताव गरेको देखीन्छ।

**बहाल विटौरी शुल्कको सम्भावना :** बहाल विटौरी शुल्क अन्तर्गत सार्वजनिक, पर्ति, ऐलानी, बन क्षेत्रका जग्गामा भोग चलन तथा घर/टहरा वनाई उपयोग गरी रहेको एवं हाट, बजार तथा सार्वजनिक एवं गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका संरचनाहरूको उपयोगबाट समूहको छलफलको आधारमा करिव ३५ घरबाट रु ५० हजार प्राप्त हुने अनुमान गरिएको छ।

**सुधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्न पहल गर्नुपर्ने।
- साथै आर्थिक ऐन २०७७ मार्फत निर्धारित दर वमोजिम राजस्व असुली गर्नुपर्ने।

**(ग) घर निर्माण नक्सा पास दस्तुरः**(स्थानीय सरकार सञ्चालन ऐनको दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुरा उल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेवमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ।)

**वर्तमान अवस्थाः**गाउँपालिकाले आर्थिक ऐन ७७ को अनुसूची १५ मा घर नक्सा पास शीर्षक अन्तर्गत प्रति वर्ग फिट पक्कि रु. ४ र कच्ची रु. १ दर निर्धारण गरेको छ। यस शीर्षक अन्तर्गत हाल सम्म गाउँपालिकाले कुनै आय प्राप्त गरेको देखीदैन तर चालु आ.व. २०७७/०७८ का लागि ३ लाख प्रस्ताव गरेको देखीन्छ।

**घर निर्माण नक्सा पास दस्तुरको सम्भावनाः** यस गाउँपालिकामा बजारीकरण हुँदै गएको तथा जबकि न्यून प्रतिशत घरहरू मात्र पक्की (RBC & RCC)भएको हुनाले आगामी दिनमा पक्की घरहरू निर्माण हुँदै जाने देखिन्छ। साथै नेपाल विपत जोखिमका दृष्टिले सम्वेदनशील देशको सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ। त्यसकारण नक्सापासलाई अनिवार्य गरी सोको सेवा प्राविधिक सेवा दिए बापत दस्तुर आम्दानी प्राप्त हुन्छ।

यसरी समूहमा छलफलको आधारमा एक वर्षमा औसतमा ५० घर नयाँ निर्माण हुने अनुमानका आधारमा अनुमानित आयको विश्लेषण गरिएको छ ।

| औसत घर संख्या | स्क्वायर फिट प्रति घर | कुल स्क्वायर फिट | दर प्रति स्वायर फिट | जम्मा अनुमान रु. |
|---|---|---|---|---|
| 50 | 300 | 15000 | 4 | 60000 |

**सुधार गर्नुपर्ने पक्षहरू**

- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गर्नुपर्ने । हाल पक्की र कच्ची संरचना मात्र को वर्गिकरण गरी दस्तुर निर्धारण भएकोमा अर्ध पक्कि समेतको व्यवस्था गरी दर निर्धारण तथा कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।
- यसका साथै विगत २०७२ सालको भूकम्प पछि बनेका सबै संरचना तथा अन्य भवन लगायतका संरचनालाई राष्ट्रिय भवन मापदण्ड अनुसार गाउँपालिकाको आफ्नै भवन मापदण्ड बनाई नियमित गर्ने कार्यको थालनी समेत तत्कालै शुरु गर्नुपर्ने ।
- यस क्षेत्रमा विपत जोखिमका दृष्टिले संवेदनशीलतालाई दृष्टिगत गरी भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिएको छ ।

**(घ) व्यवसाय दर्ता/नवीकरण शुल्कः**(स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीय तहलाई स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार रहेको छ)

**वर्तमान अवस्थाः** यस गाउँपालिकाको आर्थिक ऐन २०७७ मा व्यवसाय दर्ता नबीकरण शुल्क शीर्षक अन्तर्गत ६ वटा मुख्य शीर्षक (व्यापार व्यवसाय, निर्माण उपकरण सूचि दर्ता, शैक्षिक संस्था, संघ सस्था, सहकारी, बिमा ऐजेन्ट, उद्योग व्यसाय, होटल व्यवसाय) र उक्त मुख्य शीर्षक अन्तर्गत कुल ८७ उप शीर्षकहरूमा कर निर्धारण गरेको देखिन्छ ।

**सम्भावनाः**यस गाउँपालिकाले व्यवसाय नवीकरण शुल्क अन्तर्गत वार्षिक ४ सय व्यवसाय नवीकरण गर्ने अनुमान गरिएको छ । प्रति व्यवसाय ७ सयका दरले नवीकरण गर्दा कुल रु. २ लाख ८० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधार र्गनु पर्ने पक्षहरू**

- गाउँपालिकाको लेखा शाखाबाट दर्ता, नवीकरण तथा सिफारिस जस्ता शीर्षकगत अनुसार राजस्व आयको लगत राख्ने थालनी गर्नुपर्ने ।
- गाउँपालिका क्षेत्रभित्रका सहकारी, संघसंस्था, उद्योग व्यवसायको दर्ता तथा नवीकरण प्रक्रियालाई प्रभावकारी रूपमा लागु गर्ने ।
- प्रत्येक व्यवसायले देखिने गरी गाउँपालिकाबाट प्रदान गरिने व्यवसाय दर्ता प्रमाण पत्र राख्न अनिवार्य गर्ने, स्वीकृति वमोजिम कार्यान्वयन तथा नियमित अनुगमन गर्ने ।
- वडागत रूपमा व्यवसायहरूको लगत, उद्यम/व्यवसायको पूँजी लगानी वार्षिक कारोवार रकमका आधारमा वर्गीकरण गर्ने, व्यवसाय दर्ता तथा नवीकरण प्रक्रियालाई सरल गर्ने, सचेतनामूलक कार्यक्रम संचालन गरी व्यवसाय कर लाई सुदृढ गर्न सकिन्छ ।

यी माथिका शुल्क र दस्तुरहरूमा महिला, अपाङ्गता, जोखिममा परेका, विपन्नता भएको र गरिव वर्गहरूलाई थप सुविधा र सेवा साथै करछुट दिई कर दायरा फराकिलो साथै समावेशी राजस्व प्रणाली बनाउनु पर्दछ ।

**(ङ) सेवा शुल्क दस्तुर (सिफारिस र प्रमाणित शुल्क)**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानून वमोजिम गर्ने सिफारिस तथा दफा १२ (ङ) मा वडाबाट सिफारिस तथा प्रमाणित गर्ने प्रमुख क्षेत्र प्रमाणित

शुल्क, धितो मुल्यांकन सिफारिस, सिफारिस, ब्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिनभित्र नि:शुल्क) र झै झगडा मुद्दा मामिला निवेदन अन्तर्गतका कुल ३८ वटा सहायक क्षेत्रहरूगाउँपालिकाको आर्थिक ऐन २०७७ को अनुसूची १२ मा उल्लेख भएका छन्। यी सिफारिस तथा प्रमाणित गरे बापत गाउँपालिकालाई दस्तुर प्राप्त हुन्छ।

**सिफारिस तथा प्रमाणित शुल्कको वर्तमानअवस्था :** यस गाउँपालिकाले सिफारिस तथा प्रमाणित शुल्कशीर्षकअन्तर्गत आ.व २०७४/०७५, २०७५/०७६.२०७६/०७७मा क्रमश: ४ लाख ८४ हजार, २ लाख २५ हजार र १ लाख आम्दानी गरेको देखिन्छ। साथै २०७७/०७८ मा ११ लाख प्रस्ताव गरेको छ। प्रस्तावित ११ लाख कुन कुन शीर्षकबाट प्राप्त गर्न सकिन्छ सो बारे गाउँपालिकाले पुनरावलोकन गर्न पर्ने हुन्छ। हाल गाउँपालिकाले सिफारिस दस्तुर शीर्षकबाट रु ११ लाख प्राप्त हुने अनुमान गरेको देखिन्छ।

**सिफारिस तथा प्रमाणित दस्तुरकासुधार वृद्धिको सम्भावना:**गाउँपालिकाको एक प्रमुख कार्य सिफारिस पनि भएको हुनाले सिफारिस तथा प्रमाणित दस्तुरबाट राजस्व प्राप्त हुने गरेको देखिन्छ।

**सिफारिस तथा प्रमाणित दस्तुरकासुधार गर्नुपर्ने उपायहरू:** गाउँपालिका तथा वडाहरूबाट वार्षिक रूपमा कुन सिफारिस कति दस्तुरको दर र परिमाणमा हुन्छ भन्ने विगत वर्षहरूको आधारमा अनुमान गरी राजस्व प्राप्त हुने अनुमान गर्नु उपयुक्त देखिन्छ। साथै वडा कार्यालयहरूले शीर्षकगत रूपमा गाउँपालिका कार्यालयमा प्रतिवेदन गरेका शीर्षक अनुसार वार्षिक अनुमान गर्न सजिलो हुन्छ।

यी सिफारिस दस्तुरहरूमा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरूको लागि केही % छुटको व्यवस्था गरी प्रोत्साहन गर्नु पर्दछ।

## च. घरजग्गा रजिष्ट्रेशन दस्तुर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ। स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य गाउँपालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल गाउँपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइनसकेकोले चालु आर्थिक बर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रूपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले बार्षिक रूपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ। गाउँपालिकाले यस्तो मूल्यांकन वास्तविक रूपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागि आफ्नो गाउँपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अद्यावधिक गराउने गर्नु पर्दछ।

**नोट:** चालु आर्थिक वर्षमा प्रदेश सरकारबाट घर जग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँटबाट शीर्षकबाट रु. ६ लाख ४२ हजार प्राप्त हुने अनुमान गरिएको छ।

### (च) व्यक्तिगत घटना दर्ता (विलम्व) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ। त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रूपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रूपमा कार्य गर्नुपर्ने व्यवस्था छ। सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए वमोजिम विलम्व शुल्क लिने व्यवस्था रहेको छ।उक्त विलम्व शुल्क आन्तरिक राजस्वका रूपमा गाउँपालिकालाई प्राप्त हुन्छ।

**विद्यमान अवस्थाः** यस गाउँपालिकामा व्यक्तिगत घटना दर्ता शुल्क शीर्षकअन्तर्गत आ.व.२०७६/७७ मा कति प्राप्त गरेको हो सो उल्लेख नभएको साथै चालु आ.व.को लागि समेत प्रस्ताव गरेको देखिँदैन। तसर्थ गाउँपालिकाले चालु आ.व.मा कति प्राप्त गर्न सक्ने हो सोको पुनरावलोकन हुन जरुरी छ। हाल यस शीर्षकबाट गाउँपालिकाले रु.७० हजार प्राप्त हुने अनुमान प्रस्ताव गरिएको छ। जन्म, मृत्यु, बसाइँ सराई, विवाह र सम्बन्ध विच्छेद दर्ताका लागि ३५ दिनभन्दा ढिलो गरी आएमा सोको दर निर्धारण गाउँपालिकाले लागू गरी कार्यान्वयन गरिरहेको छ।

**शुल्कको सम्भावना :** व्यक्तिगत घटना दर्ता शुल्क गाउँपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षकअन्तर्गत पर्दछ। तथापि गाउँपालिकाले विलम्ब शुल्क लिनुपर्ने अवस्थाको सिर्जना हुन नदिई समयमै नागरिकको दर्ता हुने अधिकार बारे सचेतना गराउन उपयुक्त हुन्छ। यी विलम्ब शुल्कमा एकल महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरूको लागि केही % (प्रतिशत) छुटको व्यवस्था गरी प्रोत्साहन गर्नु पर्दछ।

### (छ)व्यवसाय दर्ता/नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ। यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ।

व्यवसाय **दर्ता/नवीकरण शुल्क** शुल्क शीर्षक अन्तर्गत आ.व.२०७६/७७ मा कति प्राप्त गरेको थियो र चालु आ.व.२०७७/७८ को लागि समेत प्रस्ताव गरेको देखिदैन। तसर्थ गाउँपालिकाले चालु आ.व.मा कति प्राप्त गर्न सक्नेहो सोको पुनरावलोकन हुन जरुरी छ। हाल यस शीर्षकबाट गाउँपालिकाले रु.२ लाख ८० हजार प्राप्त हुने अनुमान प्रस्ताव गरिएको छ।

### कर तथा राजस्वका सम्भाव्य क्षेत्र

### ज. पर्यटन शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ।

**विद्यमान अवस्था :** यस गाउँपालिकामा पर्यटन शुल्क प्रतिदिन शीर्षक अन्तर्गत विस्तृत अध्ययन पश्चात लगाइने भन्ने उल्लेख भएकोले सोही अनुसार अध्ययन विश्लेषण गर्न आवश्यक रहेको छ।

त्यसैगरी वागमती प्रदेश आर्थिक ऐन २०७७ दफा ८ मा प्रदेशले पर्यटन शुल्क असुल गर्ने तथा अनुसूचीमा सोको दर उल्लेख छ।

**शुल्कको सम्भावना :** यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरू रहेको तथा होमस्टे र होटलहरू समेत भएको र वार्षिक रूपमा आन्तरिक तथा बाह्य पर्यटक आउने गरेकाले पर्यटन शुल्कको सम्भावना रहेको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :** गाउँपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले गाउँपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागि पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ। महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गका व्यक्तिहरूलाई व्यवसायमा संलग्न गर्न र उनीहरूको स्वःरोजगारी यस क्षेत्रमा वृद्धि गर्न केही थप सेवा सुविधा र केही % छुटको व्यवस्था गरी प्रोत्साहन गर्नु पर्दछ ।

### झ. घ वर्गको निर्माण व्यवसायी इजाजत दर्ता तथा नवीकरण शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम घ वर्गका निर्माण व्यवसायीको इजाजत पत्र दर्ता तथा नवीकरण गर्ने कार्य स्थानीय तहले गर्ने व्यवस्था अनुसार यस गाउँपालिकाले आर्थिक ऐनमा दर्ता शुल्क रु. १० हजार र नवीकरण शुल्क रु. ५ हजार दर निर्धारण गरेको छ । हाल प्रत्येक वडामा सडक तथा अन्य निर्माण कार्य सम्पादन भइरहेको सन्दर्भमा घ वर्गका निर्माण व्यवसायीको संख्याको अभिलेख राखी दर्ता नवीकरणको दायरामा ल्याउन जरुरी देखिएको छ ।

### (छ) सेवा शुल्क (पर्यटन शुल्क, फोहरमैला व्यवस्थापन शुल्क, स्थानीय सडक पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लायर, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरेबापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ । तथापि हालसम्म यो शीर्षक अन्तर्गत रकम असुल गरेको छैन ।

नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन २०७६ को अनुसूची ६ मा सडक निर्माण तथा मर्मत सम्भार दस्तुरका लागि विस्तृत अध्ययन पश्चात लागु गरिने भन्ने उल्लेख भएको छ। यसै गरी गाउँपालिकाले पर्यटक प्रवेश शुल्क निर्धारण गरेको छ र यस अनुसार स्वदेशी पर्यटकलाई रु. २० र विदेशी पर्यटकलाई १ यु.एस.डलर कायम गरेको छ । गाउँपालिकाले पार्किङ शुल्क निर्धारण गरेको भए तापनि हालसम्ममा पार्किङ क्षेत्र निर्माण नगरेको हुनाले लागू गरेको छैन । तर निकट भविष्यमा गाउँपालिकामा पार्किङ क्षेत्रहरू निर्माण गरीपार्किङलाई व्यवस्थापन गर्नुपर्ने र सो वापत शुल्क प्राप्त हुन सकिन्छ ।

गाउँपालिकासँग भएको बुल्डोजरको प्रयोगबाट गाउँपालिकाको आम्दानी गर्न सकिने सम्भावना देखिन्छ। साथै एम्वुलेन्स सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा भई कोष स्थापना लगायतको व्यवस्था भए तापनि यसबाट राजस्व प्राप्त हुने अनुमान गरिएको देखिँदैन ।

**शुल्कको सम्भावना :** गाउँपालिकाले निर्माण तथा खरिद गरेका भौतिक पूर्वाधार सेवा दिए बापत शुल्क प्राप्त गर्न सकिने सम्भावना देखिन्छ। यसमा निश्चित सडकहरू, गाउँपालिकाको बुल्डोजर आदि पर्दछन्। साथै गाउँपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य सेवा जस्ता सेवालाई व्यवस्थित र अभिलेखीकरण प्रयोजनका लागि न्यूनतम सेवा शुल्क लिन सकिन्छ। साथै सेवा दिए बापत शुल्क

लिने भएकाले स्थानीय वासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुन्छन् भने गाउँपालिकालाई पनि सेवा वृद्धि गर्न पृष्ठपोषण प्राप्त हुन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :** गाउँपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरू पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग बापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । साथै कुनै शीर्षकमा उल्लेख्य आय हुने भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजस्व प्रशासनमा सहज हुन्छ। गाउँपालिकासँग असम्बन्धित शिक्षा क्षेत्रको आम्दानी, परीक्षा शुल्क जस्ता शीर्षकको प्रयोग गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

### (ज) पूर्वाधार उपयोग महसुल

**सेवा शुल्कको वर्तमानअवस्थाः** यस गाउँपालिकामा सेवा शुल्क लाई सिफारिश दस्तुरसँग समावेश गराई अन्य अनुमान गर्ने गरेको देखिन्छ । सेवा शुल्क मात्रको आय अनुमान गरेको देखिँदैन ।

**सेवा शुल्क वृद्धिको सम्भावनाः** नौकुण्ड गाउँपालिका आफूले निर्माण गरेका तथा साविक जिल्ला विकास समितिबाट निर्माण गरिएका र गाउँपालिकालाई हस्तान्तरण गरिएका पूर्वाधार संरचनाहरू (सडक, सिँचाइ, खानेपानी आदि) मा सेवा शुल्क उठाई सम्वन्धित पुर्वाधारमा मर्मत सम्भार गर्न, मर्मत सम्भार कोष खडा गर्न सक्दछ । सामुदायिक पूर्वाधारहरूमा समुदायस्तरबाट नै शुल्क उठाई उपभोक्ता समिति मार्फत सञ्चालनको व्यवस्था गर्न सकेमा गाउँपालिकाको मर्मत सम्भार व्यय घटाउन सकिन्छ ।

**सुधार गर्नुपर्नेउपायहरूः** गाउँपालिकाले स्थानीय वासिन्दालाई आवश्यक सेवाहरू पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग बापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने । साथै कुनै शीर्षकमा उल्लेख्य आय हुने भएमा सोको छुट्टै शीर्षकमा आम्दानी जनाउने गर्नाले राजस्व प्रशासनमा सहज हुन्छ ।

### (ञ) न्यायिक दस्तुरदण्ड, जरिवाना, जफत

संविधान तथा प्रचलित कानूनको कार्यान्वयन, नियमन, स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद ८ वमोजिमको न्यायिक कार्यसम्बन्धी व्यवस्था कार्यान्वयन, खरिद कार्य आदि क्रममा गाउँपालिकाले दण्ड, जरिवाना र जफत गर्नुपर्ने हुनसक्छ ।

**वर्तमान आयको अवस्था :** यस गाउँपालिकामा न्यायिक दस्तुरशीर्षक अन्तर्गत आ.व. २०७६।७७ मा रु. ८ हजारआय प्राप्त भएको । यस शीर्षकमा प्राप्त हुन सक्ने आयको प्रक्षेपण गर्न पनि कठिन हुन्छ । तर पनि दण्ड, जरिवाना शीर्षकमा प्रायः वर्षहरूमा आय प्राप्त हुने गर्दछ ।

**सुधार गर्नुपर्ने उपायहरू :** नेपाल सरकारबाट स्वीकृत आम्दानीका शीर्षकअन्तर्गत दण्ड, जरिवाना, जफत शीर्षकरहेको हुनाले गाउँपालिकाले विगत वर्षहरूको आधारमा अनुमान गरी आम्दानी गर्दा कुन शीर्षकबाट कति आम्दानी भयो भन्ने स्पष्ट हुन्छ । साथै दण्ड जरिवानाका दरहरू पनि निर्धारण गरी राख्दा जनतालाई कानून पालनामा सजगता पनि वृद्धि हुन जान्छ ।

### (ट) सामुदायिक वनबाट प्राप्त आय

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ख. मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने र त्यसबाट भएको आम्दानीको १०% सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ ।

तर वन ऐन, २०७६ ले सामुदायिक वनको स्वीकृत कार्ययोजना बमोजिम आर्जन गरेको बार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी

रहेको रकमको कम्तीमा ५० प्रतिशत रकम सम्वन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ भन्ने उल्लेख गरी गाउँपालिकाको संचित कोषमा १० प्रतिशत दाखिला गर्नुपर्ने स्थानीय सरकार सञ्चालन ऐनको प्रावधानसँग बाझेकोले यस सम्वन्धमा नीतिगत तहबाटै स्पष्ट गर्नुपर्ने देखिन्छ ।

**सामुदायिक वनबाट प्राप्त आयको वर्तमान अवस्था :** सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतमा आम्दानी भएको थिएन । साथै आ.व.२०७७/७८ का लागि पनि गाउँपालिकाबाट यस शीर्षकमा रकम प्राप्त हुने अनुमान गरेको देखिदैन ।

**सामुदायिक वनबाट प्राप्त हुने आयको सम्भावना :** यस गाउँपालिकामा २९ वटा सामुदायिक वन तथा ३ वटा मध्यवर्ती वन क्षेत्र रहेका हुनाले वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्ने देखिन्छ । यस प्रकार यस शीर्षकबाट गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आयको १० प्रतिशतका दरले आय प्राप्त गर्न सक्नेछ जुन देहाय बमोजिम अनुमान प्रस्ताव गरिएको छ ।

| कुल सामुदायिक वन | अनुमानित औसत वार्षिक आम्दानी प्रति सामुदायिक वन | कुल वार्षिक आम्दानी रु. | गाउँपालिकाले प्राप्त गर्ने १० प्रतिशतका दरले |
|---|---|---|---|
| 29 | 50,000 | 1450000 | 145000 |

**सुधार गर्नुपर्ने उपायहरू**

- सामुदायिक वन उपभोक्ता महासंघ, डिभिजन वन कार्यालय, इलाका वन, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र स्थानीय तहका बीचमा समान धारणा नभएको अवस्था हुनाले नीतिगत तहदेखि नै स्पष्टता हुन आवश्यक देखिन्छ ।
- साथै सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीयकोषमा जम्मा गर्न पहल गर्नुपर्ने हुन्छ ।
- गाउँपालिकामा रहेका सामुदायिक वनको अभिलेखीकरण गर्ने ।

**घर अभिलेखीकरणबाट प्राप्त हुने राजस्वको सम्भावनाः** यस गाउँपालिकाबाट यस आर्थिक वर्षमा गाउँपालिकाभित्रका सम्पूर्ण घरहरूलाई अभिलेखीकरण गर्न गराउन सूचना प्रकाशित भइसकेको छ । यसै सन्दर्भमा यस गाउँपालिका क्षेत्रभित्र हाल ३४५७ घर रहेका अनुमानित तथ्यांकको आधारमा देहाय वमोजिम आय प्राप्त हुने अनुमान गरिएको छ ।

| औषत घर संख्या | स्क्वायर फिट प्रति घर | कुल स्क्वायर फिट | दर प्रति स्वायर फिट | जम्मा अनुमान रु. |
|---|---|---|---|---|
| 3457 | 300 | 1037100 | 2 | 2074200 |

# परिच्छेद- चार
# आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

नौकुण्ड गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई यस परिच्छेदमा छोटकरीमा व्याख्या गरिएको छ। यसबाट गाउँपालिकाको आय संकलनका लागि संस्थागत क्षमतामा सुधारका लागि गर्नुपर्ने कार्यहरू पहिचान गर्न मद्दत पुग्नेछ।

## ४.१. राजस्व परामर्श समिति गठनको उद्देश्य, क्रियाशीलता एवं प्रयासहरू

यस राजस्व परामर्श समिति गठन हुनका उद्देश्य, क्रियाशीलता तथा प्रयासहरू देहायबमोजिम छन्। (स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को बुँदा २.१.२ बमोजिम)

**राजस्व परामर्श समिति गठनको उद्देश्य**

(१) राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने,
(२) राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने,
(३) राजस्वको दर र क्षेत्र लगायतको आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,
(४) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अबलम्बन गर्न परामर्श दिने,
(५) कर राजस्व, गैर कर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने,
(६) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरू पेश गर्ने।

यस गाउँपालिकाले राजस्व परिचालनका सम्बन्धमा हालसम्म निम्नबमोजिम प्रयासहरू गरेको छ।

**राजस्व परिचालन सम्बन्धीका प्रयासहरू:** यस गाउँपालिकाको राजस्व परामर्श समितिको गठन, राजस्व परामर्श समितिले गरेका निर्णय तथा गाउँ परिषदबाट स्विकृत नीतिहरू देहाय बमोजिम रहेका छन्।

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गरी गाउँसभा समक्ष पेस गरेको छ।

**(ग) गाउँसभाले गरेका राजस्व सम्वन्धी नीतिगत निर्णयहरू**

राजस्व परामर्श समितिले गरेका राजस्वका दर तथा दायरा तथा अन्य नीतिगत निर्णयहरूलाई स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गाउँ सभाले अनुमोदन गर्दै आएको छ। यसै सन्दर्भमा गाउँसभाले स्विकृत गरेका विगत दुई आर्थिक वर्षका राजस्व परिचालनसँग सम्बन्धित प्रमुख नीति देहाय बमोजिम रहेका छन्।

**आ.व.२०७७/७८ को राजस्व नीति**

(१) करको दायरालाई फराकिलो बनाई आन्तरिक आम्दानीलाई वृद्धि गर्ने नीति अवलम्वन गरिनेछ।

(२) गाउँपालिकाभित्र निर्माण आवास संरचना निर्माण गर्दा नक्सापासलाई अनिवार्य गरिनेछ।

(३) एम्बुलेन्स सेवा सचांलन गरिनेछ।

(४) प्रत्येक वडाको पायक पर्ने स्थानमा बालउद्यान निर्माण तथा व्यवस्थापन गरिनेछ।

(५) आवधिक कृषि हाटबजारको उपयुक्त स्थानमा पूर्वाधार विकास र व्यवस्थापन गर्ने नीति लिएको छ ।

(६) लाङटाङ राष्टिय निकुन्ज मध्यवर्ती क्षेत्र कार्यक्रमलाई गाउँपालिकाको कार्यक्रमसँग सामन्जस्यता कायम गर्ने नीति अवलम्वन गरिनेछ ।

(७) घुम्ती सेवा संचालन गरी उद्योग व्यवसाय दर्ता प्रक्रियालाई सहज बनाइनेछ ।

(८) दीर्घकालीन योजना, आवधिक योजना, राजस्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउन पूर्णिमा कार्यक्रमसँग सहकार्य गरिनेछ ।

(९) करको दायरालाई फराकिलो बनाई आन्तरिक आम्दानीलाई वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

(१०) एकल महिला/महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरूलाई समेत्न सुविधा तथा प्रोत्साहन नीति ल्याउने ।

**आ.व.२०७६/७७को राजस्व नीति**

(१) प्रगतिशील कर प्रणाली अवलम्वन गर्दै यसै वर्षदेखि सम्पत्ति कर लागू गरिनेछ । कर अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाइँदै लगिनेछ ।

(२) पर्यटन मार्फत आर्थिक विकासका लागि पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण र विकासका लागि एकिकृत योजना बनाई कार्यान्वयन गरिनेछ ।

(३) गाउँपालिका अन्तर्गत हाट बजार संचालन गर्न आवश्यक पहल गरिनेछ ।

(४) गाउँपालिकाभित्र बसपार्क स्थापना गर्न पहल गरिनेछ ।

(५) गाउँको मुख्य बजार क्षेत्रमा सौर्य ऊर्जा प्रणाली मार्फत सडक बत्तिको व्यवस्था गरी सवै वडाका बजार केन्द्रमा विस्तार गरिनेछ ।

(६) व्यवस्थित डम्पिङ साइडको निर्माण गरी फोहरबाट ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ ।

(७) सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अध्ययन गरी द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनको विकास गरिनेछ ।

## ४.२ आन्तरिक राजस्व (आय)संकलनको संस्थागत क्षमता

### ४.२.१ नौकुण्ड गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ । स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार हुने व्यवस्था छ ।

**तालिका ४.१: नौकुण्ड गाउँपालिकाको राजस्व परामर्श समितिको विवरण**

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | सिर्जना लामा | उपाध्यक्ष, गाउँपालिका | संयोजक |
| २ | नवदिप राई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | बेली थापा बुलुन | कार्यपालिका सदस्यहरूमध्येबाट कार्यपालिकाले तोकेको महिला सदस्य | सदस्य |

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| ४ | नेमा शाही घले | कार्यपालिका सदस्यहरूमध्येबाट कार्यपालिकाले तोकेको सदस्य | सदस्य |
| ५ | - | स्थानीय उ.वा.संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ६ | - | घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| ७ | हेमन्त आचार्य | गाउँपालिकाको राजस्व शाखा प्रमुख | सदस्य सचिव |

नौकुण्ड गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री सिर्जना लामाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी आवश्यक निर्णयहरू हुने गरेको छ। जसमा राजस्वको लक्ष्य, वडास्तरमा उठेका राजस्व संचित कोषमा दाखिला, वार्षिक राजस्व अनुमान आदि मुख्य हुन्। बैठकमा निजीक्षेत्रबाट गर्ने प्रतिनिधित्व हुन नसकेको देखिएकाले सोको लागि जिल्ला उद्योग वाणिज्य संघ र घरेलु उद्योग संघसँग समन्वय गरी स्थानीय प्रतिनिधित्वका लागि समन्वय गर्न जरुरी देखिन्छ। साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा यथार्थपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी परिपालना सम्बन्धी क्षमता विकास गर्ने कार्य हालसम्म हुन सकेको देखिँदैन।

### ४.२.२ गाउँपालिकाको राजस्व प्रशासन

गाउँपालिकामा हालसम्म अत्यन्त न्यून जनशक्तिका कारणले राजस्व प्रशासन प्रभावकारी हुन सकेको थिएन। हाल सबै वडामा सचिव तथा गाउँपालिकामा पनि कर्मचारीहरूको व्यवस्थापन भएकाले राजस्व प्रशासनलाई प्रभावकारी बनाउन कार्यको थालनी गाउँपालिकाले गरिसकेको छ। यसको लागि जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोतको लगत अद्यावधिकरण, करदाताहरूको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरूको पहिचान आदि कार्यहरू हुन्। यसैगरी यहाँ राजस्वको महत्वपूर्ण स्रोत पर्यटन प्रवर्द्धन भएकाले पर्यटन पूर्वाधार विकासका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने र प्रचार प्रसारका साथै होटल तथा होमस्टेको क्षमता विकास, विस्तार र प्रवर्द्धन गर्नुपर्ने योजना रहेकोछ। वडाबाट प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्य संचालन गर्नुका साथै वडा कार्यालय भन्दा टाढाका वस्तीहरूमा नियमित रूपमा घुम्ति शिविर सञ्चालन गर्नुपर्ने हुन्छ।

गाउँपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरूलाई आयका शीर्षक, प्रविधिको प्रयोगमार्फत राजस्वका विविध पक्षहरूको अभिलेखीकरण लगायतका विषयमा अभिमुखीकरण आवश्यक हुन्छ।

राजस्व परामर्श समितिको भूमिकालाई अझ सशक्तीकरण गरी राजस्व अनुगमन तथा लक्ष्य प्राप्तिका लागि जिम्मेवारी निर्धारण, आवश्यक निर्देशन एवं निर्णय गर्न जरुरी देखिन्छ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन अवस्था

**तालिका ४.२: नौकुण्ड गाउँपालिकाको आन्तरिक राजस्व परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| क. | **करतर्फ** | | | |
| **1** | **सम्पत्ति कर** | सम्भावना भएको | | दर निर्धारण भएको |
| 1.1 | ढुंगा माटो जोडाई जस्ता/ढुंगा छानो | | | |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| 1.2 | भूकम्प प्रतिरोधी घर जस्ता छानो भएको एक तले | | | |
| 1.3 | आर.सि.सि. पक्की घर | | | |
| **2** | **भूमि कर (मालपोत)** | | | दर निर्धारण भएको |
| **3** | **घर बहाल कर** | | | दर निर्धारण भएको |
| **4** | **व्यवसाय कर** | | | दर निर्धारण भएको |
| 4.1 | व्यापार व्यवसाय कर | | | दर निर्धारण भएको |
| 4.2 | निर्माण उपकरण सूची दर्ता | | | दर निर्धारण भएको |
| 4.3 | शैक्षिक संस्था, संघ सस्था, सहकारी | | | दर निर्धारण भएको |
| 4.4 | विमा एजेन्ट | | | दर निर्धारण भएको |
| 4.5 | उद्योग व्यवसाय | | | दर निर्धारण भएको |
| 4.6 | होटल व्यवसाय | | | दर निर्धारण भएको |
| 5 | **जडीबुटी कवाडी र जीवजन्त अवशेष कर** | | संकलन नभएको | दर निर्धारण भएको |
| 5.1 | कवाडी माल | | | नभएको |
| 6 | **सवारी साधन कर** | | | नभएको |
| 6.1 | सडक निर्माण तथा मर्मत दस्तुर | | विस्तृत अध्ययन नभएको | नभएको |
| 7 | **विज्ञापन कर** | | संकलन नभएको | दर निर्धारण भएको |
| 7.1 | होर्डिङ बोर्ड | | | |
| 7.2 | तुल व्यानर | | | |
| 7.3 | गाडीमा सामान बोकी विज्ञापन | | | |
| 8 | **मनोरन्जन कर** | | | |
| 8.1 | मनोरन्जनात्मक कार्यक्रम | | | प्रदेशबाट हुने |
| 9 | **बहाल विरौटी कर** | | | निर्धारण भएको |
| 9.1 | निर्माण रेखदेख मर्मत सम्भार खर्च | | | नभएको |
| 10 | **पार्किङ शुल्क** | | पर्किङ क्षेत्र नभएको | दर निर्धारण भएको |
| 10.1 | प्रतिपटक पार्किङ शुल्क | | | |
| 11 | **ट्रेकिङ शुल्कपर्यटन शुल्क (प्रति दिन)** | भएको | | भएको |
| 11.1 | स्वदेशी | | | |
| 11.2 | विदेशी | | | |
| 12 | **सिफारिस र प्रमाणित शुल्क** | भएको | भएको | भएको |
| 12.1 | प्रमाणित शुल्क | | | |
| 12.2 | धितो मूल्यांकन सिफारिस | | | |
| 12.3 | सिफारिस | | | |
| 12.4 | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | | | |
| 12.5 | झैं झगडा, मुद्दामामिला निवेदन | | | |
| 13 | फोहरमैला व्यवस्थापन शुल्क | | हालसम्म व्यवस्था | |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | संकलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| | | | नमिलाएको | |
| 14 | होटल व्यवसाय | | | |
| 14.1 | पसल | | | |
| 14.2 | घरबाट निस्कने | | | |
| 15 | **नक्सापास दस्तुर** | भएको | भएको | भएको |
| 15.1 | घर नक्सा पास | | | |
| 16 | ढुङ्गा, गिट्टी, वालुवा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | | | |
| 17 | सामुदायिक वनबाट आय | सम्भावना भएको | हालसम्म व्यवस्था नमिलाएको | आएको १० प्रतिशत |

***स्रोत : नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन २०७६***

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानून प्रदत्त गाउँपालिकाको वित्तीय अधिकार अनुरूप राजस्व परिचालनमा सुधार ल्याउन योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ। राजस्व परिचालनका मुख्य सवालहरूमा नीतिगत व्यवस्था, दक्ष कर प्रशासन, करको दर र दायरा तथा बक्यौता असूली आदि रहेका छन्। यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरू निम्नानुसार उल्लेख गर्न सकिन्छ।

### (क) नीतिगत तथा कानुनी

गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, विभिन्न कार्यविधिहरू गाउँसभाबाट पारित गराई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। सम्पत्ति कर सम्बन्धी नीति तर्जुमा गरी यस गाउँपालिकाको आन्तरिक आयको मुख्य स्रोतका रूपमा देखिएका सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, सेवाशुल्क सम्बन्धी दर र सबै करदातालाई करको दायरामा ल्याउन कर सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ।

**कानूनी द्विविधा:** कतिपय कानूनहरू एक अर्कामा तालमेल नभएका कारण पनि स्थानीय तहलाई आन्तरिक आयमा समस्याहरू सृजना भएका छन्। उदाहरणकालागि स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (ख) ले सामुदायिक बन उपभोक्ता समितिले वन पैदावार बिक्री गरेबापत प्राप्त हुने रकमको दश प्रतिशत स्थानीय तहमा जम्मा गर्नुपर्ने व्यवस्था छ भने वन ऐन, २०७६ मा यससम्बन्धमा कुनै उल्लेख नगरी दफा २२ मा उपभोक्ता समितिले कार्ययोजना बमोजिमआर्जन गरेको वार्षिक आयबाट कम्तिमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तिमा ५० प्रतिशत सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सशक्तीकरण, गरिवी न्यूनीकरण, उद्यमशिलता विकास लगायतका कार्यमा खर्च गर्ने प्रावधान रहेको छ।

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) को घ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्वन्धी अधिकार स्थानीय तहमा रहेकोमा संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनु पर्ने बाहेकका उद्योगहरूको दर्ता नवीकरण लगायतका कार्यहरू प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको र प्रदेशको औद्योगिक

व्यवसाय ऐन, २०७६ ले स्थानीय तहको उक्त अधिकार संकुचित गरेकोले प्राप्त गर्ने सेवा शुल्कमा असर पर्नगएको छ ।

यसरी कानूनहरूका बीच तालमेल नहुँदा स्थानीय तहलाई आन्तरिक आय प्राप्तिमा समस्याहरू आउने गरेको छ ।

**(ख) राजस्व प्रशासन**

**संस्थागत संरचना तथा क्षमता विकास :** यस गाउँपालिकाको संगठन संरचना अनुसार राजस्व शाखाको गठन भएको छैन । हाल लेखाशाखा बाटै राजस्व शाखाको कार्य सम्पादन भइरहेको अवस्था छ । कर्मचारीहरूलाई क्षमता विकास तालिम, प्रविधिमा आधारित राजस्व अभिलेख तथा सूचना प्रणाली, सक्षम राजस्व शाखाको व्यवस्था हुन आवश्यक छ । साथै वडा कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरू मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापना भएमा राजस्व असुली प्रभावकारी हुन सक्ने देखिन्छ ।राजस्व प्रशासन सुदृढ गर्न दरवन्दी अनुसार कर्मचारी व्यवस्थापन गरी राजस्व शाखालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । राजस्व प्रशासनसँग सम्बन्धित गाउँपालिका तथा वडास्तरका कर्मचारीहरूलाई क्षमता विकास तालिम, सूचना प्रविधिमा आधारित राजस्व अभिलेख प्रणालीको व्यवस्था हुन आवश्यक छ । यसैगरी वडा कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरू मार्फत राजस्व संकलनको व्यवस्थित प्रणालीको स्थापनाका साथै अनलाईन तथा बैंकिङ प्रणालीबाट राजस्व बुझाउने व्यवस्था गर्न सके राजस्व असुली चुस्त दुरुस्त हुन देखिन्छ ।

वडा कार्यालयहरूबाट असूल भएको राजस्व गाउँपालिकामा दाखिला गर्दा एकमुष्ट दाखिला गर्ने गर्दा कुन शीर्षकबाट उठेको राजस्व हो त्यसको लेखांकन गर्न समस्या परेको देखिन्छ । त्यसैले वडाबाट राजस्व बुझ्दा आर्थिक प्रशासन वा राजस्व शाखाले निम्न बमोजिमको फाराममा विवरण भर्न लगाई राजस्व प्राप्ति गर्दा हिसाव मिलान र अभिलेख गर्न स्पष्ट हुने देखिन्छ । यस्तो फाराम २ प्रति बनाई एक प्रति आर्थिक प्रशासन शाखा वा राजस्व शाखामा राख्ने र एक प्रति सम्वन्धित वडामा रकम बुझेको निस्सा सहित फिर्ता गर्नु पर्छ । राजस्व शाखा वा आर्थिक प्रशासन शाखाले यही फारामको आधारमा शीर्षकगत राजस्व खातामा आम्दानीको अभिलेख गर्नु पर्छ र एक प्रति रकम बैंक दाखिला गर्ने गोश्वारा भौचरमा समेत समावेश गर्नु पर्छ ।

**नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय**
**सरमथली, रसुवा**
**<u>वडाबाट संकलन गरिएको राजस्व बुझ्ने फाराम</u>**

**वडा नंः राजस्व बुझ्ने वडा सचिव वा कर्मचारीको नामः मितिः**

| सि.नं. | काटिएको रसिद नं. | रसिद काटिएको मिति | राजस्वको शीर्षक | राजस्व बुझाउने व्यक्ति वा संस्थाको नाम | संकलन गरिएको राजस्व रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| जम्मा रसिद संख्या | | | | जम्मा रकम | |
| जम्मा रकम अक्षरमा : | | | | | |
| रकम बुझिलिनेको दस्तखत र मिति : | | | | | |

**नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय**
**सरमथली, रसुवा**
**राजस्व आम्दानी प्रतिवेदन २०७७.....**
**मासिक /पहिलो चौमासिक/दोस्रो चौमासिक/तेस्रो चौमासिक र वार्षिक**

| राजस्वशीर्षक | राजस्वको स्रोत | यस महिनाको आम्दानी रु. | गत महिनाको आम्दानी रु. | हाल सम्मको आम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|
| | **क. कर** | | | | |
| | सम्पत्तिकर | | | | |
| | भूमिकर | | | | |
| | व्यवसाय कर | | | | |
| | **ख.गैर कर** | | | | |
| | | | | | |
| | **ग. शुल्क** | | | | |
| | | | | | |
| | **घ. दस्तुर** | | | | |
| | | | | | |
| | **ङ. महसुल** | | | | |
| | | | | | |

| **तयार गर्ने** | **प्रमाणित गर्ने** | **बुझिलिने** |
|---|---|---|
| ............... | ................... | ............... |
| **वडा सचिव** | **वडा अध्यक्ष** | **गा.प. राजस्व शाखा** |

**पारदर्शिता र जवाफदेहिताको सवाल:** गाउँपालिका प्रति नागरिकको विश्वास आर्जनका लागि गाउँपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय हुनुको साथै यसको प्रक्रिया पनि पारदर्शी र नागरिकप्रति जवाफदेही हुनु आवश्यक हुन्छ । यसबाट राजस्व प्रशासन व्यवस्थित तथा प्रभावकारी बनाउन समेत मद्दत पुग्दछ । गाउँपालिकाको आम्दानी (बाह्य तथा सङ्कलित राजस्व) र खर्चको विवरण आवधिक रूपमा सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिको उपयुक्त विधि हुन सक्दछ । साथै स्थानीय सञ्चार माध्यमहरूको प्रयोग गरी कर र गैरकर सम्वन्धमा सचेतना अभिवृद्धि र प्रचार प्रसारबाट स्थानीय जनताको करप्रतिको धारणामा सकारात्मकता विकास गर्न सकिन्छ ।

**आन्तरिक नियन्त्रण:** राजस्व असुलीका लागि जारी गरिने रसिदको नियन्त्रण जरुरी हुन्छ । कति प्रति रसिद छपाई भएको हो प्रमुख प्रशासकिय अधिकृतबाट सबै प्रति प्रमाणित गराई त्यसको जानकारी राजस्व शाखा र लेखा शाखामा सुरक्षित रहनु पर्दछ । राजस्व शाखाले जिन्सीफाँटबाट रसिद एकमुष्ट निकासा लिई सम्बन्धित वडामा सचिवलाई वा अन्य कर्मचारीलाई सि.न. समेत प्रष्ट हुनेगरी निकासा गरिनु पर्दछ र रसीद नियन्त्रण खातामा अभिलेख राखिनु पर्दछ । त्यसको विवरण लेखा शाखामा समेत पठाइनु पर्दछ । लेखा शाखाले सम्बन्धित कर्मचारी वा वडा सचिवबाट रकम दाखिला गरिदा जारी भएको रसीदको एक प्रति अधकट्टी सहित भिडाई रकम बुझ्ने । सम्बन्धित कर्मचारीले रकम दाखिला गर्दा गाउँपालिकाबाट जारी भएको राजस्व शीर्षकगत छुट्टिने फारममा राजस्व विवरण भरी दाखिला गरिनु पर्दछ । आ.ले.प. शाखाले समेत रसिद नियन्त्रण प्रक्रियालाई सूक्ष्म रूपमा हेर्ने । यसरी प्राप्त रकमलाई गाउँपालिकाको गोस्वारा खातामा शीर्षक अनुसार चढाई मासिक रूपमा प्रमाणित गरी राजस्वको शीर्षकगत प्रतिवेदन पठाउने व्यवस्था गरिनु पर्दछ ।

यदि राजस्वको लेखा सूत्र (SUTRA) आधारित भए सोही बमोजिम शिर्षगत रूपमा प्रष्ट गरी विद्युतीय माध्यमबाट (अनलाइन) प्रतिवेदन पठाउने प्रणाली अवलम्बन गरिनु पर्दछ ।

**(ग) स्रोतको आधारहरूको विश्लेषण**

**अभिलेख व्यवस्थापन एवं स्रोतहरूको प्राथमिकीकरण :** गाउँपालिकाका सम्भाव्य राजस्वका स्रोतहरू (कर, शुल्क तथा दस्तुर) को पहिचान गरी दायरा फराकिलो बनाउने तथा दर निर्धारण गरी सामयिक रूपमा यस्तो दरलाई अद्यावधिक गर्दै जानुपर्दछ । गाउँपालिकाबाट राजस्वका नयाँ स्रोतहरू पहिचान तथा कार्यान्वयनका लागि आवश्यक लगानी तथा प्राथमिकीकरणका आधारमा अध्ययन, अनुसन्धान तथा सम्भावना विश्लेषण गर्दै नयाँ स्रोतहरूको पहिचान र परिचालन तथा वर्तमान स्रोतहरूको दायरा विस्तार गर्दै आन्तरिक राजस्वलाई दिगो बनाउन आवश्यक हुन्छ। यस कार्यकोलागि दक्ष जनशक्तिको व्यवस्थापन र जनताको सहयोग अत्यन्त महत्वपूर्ण हुन्छ ।

**स्थानीय आर्थिक विकास :** गाउँपालिकाबाट बार्षिक कार्यक्रमका माध्यमबाट गरिने लगानी व्यावसायिकता अभिवृद्धि, आयआर्जनका अवसर सिर्जना, स्थानीय कच्चा पदार्थको उपयोग, प्रशोधन तथा बजारीकरण, जग्गा एकीकरण तथा एकीकृत वस्ती विकास, स्थानीय आर्थिक गतिविधि केन्द्रित पूर्वाधार विकास, रोजगारी सिर्जना जस्ता आर्थिक विकासमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ। स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै स्थानीय जनताको गाउँपालिका प्रतिको सकारात्मक धारणा विकास र विश्वासको वातावरणले निजी क्षेत्रको लगानी एवं उद्यमी व्यवसायी आकर्षित हुने र यस्ता क्रियाकलापबाट जनताको आय वृद्धि भई कर तिर्ने क्षमतामा सुधार आउने भएकोले गाउँपालिकाको राजस्ववृद्धिमा प्रत्यक्ष योगदान पुग्ने हुन्छ । महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिव वर्गहरूको लागि विशेष कार्यक्रमहरू तयार गरी उनीहरूलाई आर्थिक कार्यमा संलग्न गरी गरिवी निवारण साथै करको दायरा बढाउनु पर्दछ ।

नौकुण्ड गाउँपालिकाबाट देहाय अनुसारका कार्यहरू संचालन गर्न आवश्यक छ ।

**कृषि उत्पादन संकलन केन्द्र तथा हाटबजारः**नौकुण्ड गाउँपालिकाको स्थानीय उत्पादनलाई रसुवा जिल्लाको सदरमुकाम धुन्चे तथा अन्य जिल्ला बाहिरका मुख्य बजार केन्द्रहरूसम्म पुऱ्याउन कृषि उत्पादन संकलन केन्द्र र कृषि तथा पशुजन्य हाटबजार उपयुक्त माध्यम बन्न सक्दछ । यसका लागि गाउँपालिकाले उपयुक्त जग्गाको व्यवस्था, बजार सेड तथा पहुँच मार्गजस्ता पूर्वाधार निर्माण र प्रचार प्रसार उत्तिकै महत्वपूर्ण हुन्छ । यसबाट गाउँपालिकालाई व्यवसाय कर तथा बहाल विटौरी करको दायरा विस्तार हुन्छ ।

**गाउँपालिकाको चल अचल सम्पत्तिको परिचालन :**नौकुण्ड गाउँपालिकाको स्वामित्वमा रहेको जमिन मध्ये आयआर्जन प्रयोजनका लागि उपयोग हुनसक्ने जमिन र उपयोग सम्बन्धी अध्ययन गरी सो वमोजिम परिचालन गर्न उचित हुने दखिन्छ । यसबाट गाउँपालिकालाई दिगो रूपमा आन्तरिक आय प्राप्त हुन सक्नेछ ।

**समावेशिता तथा सहभागिता अभिवृद्धि** :कर प्रणालीको विकास गर्दा करको दायरा फराकिलो बनाउन र पिछडिएका जनताहरूलाई पनि समेट्न गरिव, विपन्न, एकल महिला, अपाङ्गता भएका र जोखिममा परेका व्यक्तिहरूको लागि उपयुक्त व्यावसायिक तथा प्राविधिक सीप विकास गरी निजहरूबाट सञ्चालन गरिने उद्यम व्यवसायमा विभिन्न सहुलियत तथा छुट सुविधाको व्यवस्था गरी प्रोत्साहन गर्ने नीति लिनु महत्वपूर्ण हुन्छ ।

**राजस्व प्रशासन तथा नीति सम्बन्धी अन्य सवालहरू**

यस गाउँपालिकाका राजस्व प्रशासन तथा नीति सम्बन्धी अन्य सवालहरूमा राजस्व शाखाको संचालन व्यवस्थित रूपमा संचालनमा आउन नसकेको, राजस्व प्रशासनका लागि आवश्यक कर्मचारीहरूको व्यवस्था हुन नसकेको, सफ्टवेयर प्रयोग गरी राजस्वको अभिलेख राख्ने अभ्यास शुरु

नभएको, विगत आर्थिक वर्षहरूको राजस्वको अभिलेख उपलब्ध हुन नसकेको, राजस्वको तोकिएका शीर्षक तथा उप शीर्षकका आधारमा खण्डीकृत तथ्यांकहरू नभएको, करदाताहरूमा कर दायित्वबारे बुझाइमा कमी रहेको, गाउँपालिकाबाट कर दायित्व तथा कर असुलीका बारेमा लिइनु पर्ने पहलकदमीमा कमीरहेको र बक्यौता राजस्व असुली र बेरुजु असुलीमा गाउँपालिकाले आवश्यक रणनीतिबनाई कार्यान्वयनमा ल्याउन नसकेको ।

# परिच्छेद- पाँच
# रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट संकलित सूचना विश्लेषण तथा प्रविधिको प्रयोग गरी भएको अन्तरक्रियाबाट प्राप्त सूचनाका आधारमा तयार पारिएको नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ नौकुण्ड गाउँपालिकाको रणनीति, कार्यनीति तथा राजस्व सुधार कार्ययोजना

गाउँपालिकाले राजस्व सुधारका लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरू यस प्रकार रहेका छन्:

### ५.१.१ रणनीति

साविकका ३ वटा गाउँ विकास समितिहरू मिलाएर गठन गरिएको हिमाली गाउँपालिकाका रूपमा रहेको नौकुण्ड गाउँपालिकामा विद्यमान कानून प्रदत्त धेरै राजस्व अधिकारहरू हालसम्म प्रयोगमा ल्याउन सकिएको छैन । गाउँपालिकाले आवश्यक कानूनहरू तर्जुमा गरीरहेको छ भने कतिपय पूराना कानूनलाई सामयिक परिमार्जन एवं संशोधन पनि गर्नुपर्ने देखिएमा सो समेत गर्न सक्दछ । यी तथ्यहरूलाई समेत मध्यनजरगरी आन्तरिक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसारका रणनीतिहरू अवलम्बन गरिनेछ ।

1. राजस्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने ।
2. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने ।
3. राजस्व प्रणालीलाई सरल, सहज र करदाता मैत्री बनाउने ।
4. समन्वय र सहकार्य अभिवृद्धि गरिने ।
५. राजस्व प्रणाली लाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने ।

### ५.१.२ कार्यनीति

**तालिका ५.१:नौकुण्ड गाउँपालिकाको राजस्व सुधार सम्बन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| 1. राजस्व सम्बन्धी कानूनी व्यवस्था गरी आन्तरिक आयको दायरा फराकिलो बनाउने । | 1. गाउँपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरू तर्जुमाका साथै तर्जुमा भइसकेका ऐन नियमलाई सुधार गरी अझ बढी व्यवहारिक बनाउँदै लगिनेछ ।<br>2. कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवं विषय क्षेत्रसँग आबद्ध गराउँदै लगानी गरिनेछ ।<br>3. कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरूको सहभागिता जुटाइनेछ ।<br>4. करको बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेकसम्मत बनाइनेछ ।<br>5. राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क संकलन गरी सम्भाव्यताका आधारमा समय सापेक्ष रूपमा करदाताहरूको संख्या बढाउँदै लगिनेछ । |

| | |
|---|---|
| | 6. राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>7. आन्तरिक राजस्वका विभिन्न स्रोतहरूबारे सम्भावना अध्ययन, पहिचान, स्रोतहरूको यकिन तथ्याङ्क, सूचना संकलन गर्न कार्यदलहरू बनाई वडागत रूपमा परिचालन गरिनेछ। करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष अद्यावधिक गरिनेछ ।<br>8. गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरूको विकास गरिनेछ। साथै पर्यटन विकासमा लाङटाङ राष्टिय निकुञ्ज र निजी क्षेत्रसँग साझेदारीको पहल गरिनेछ ।<br>9. पूर्वाधार उपयोग महशुल, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न निजी क्षेत्र, व्यवसायीसँग सहकार्य गरिनेछ ।<br>10. वन, सहकारी, बहाल विटौरीलाई करको दायरमा ल्याउने ।<br>11. नियमित एवं बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।<br>12. समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइनेछ । |
| 2. राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरी व्यवस्थित बनाउने । | 1. गाउँपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरूलाई कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरी क्षमतावृद्धि गरिनेछ ।<br>2. गाउँपालिकाको राजस्व शाखामा आवश्यक दरबन्दी पूर्ति गरिनेछ ।<br>3. स्थानीय राजस्व परामर्श समिति तथा राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>4. राजस्व लेखापालनलाई कम्प्युटरकृत गरिनेछ ।<br>5. राजस्व शाखाका लागि आवश्यक उपकरण, सफ्टवेयर आदिको प्रबन्ध मिलाई क्रमशः वडा कार्यालयहरूसँग सूचना सञ्जालमा जोड्दै लगिनेछ। स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने कर सचेतना कार्यक्रम समुदाय/टोल एवं वडास्तरमा सञ्चालन गरिनेछ ।<br>6. प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान-सीप, अनुभव आदान-प्रदान गरिनेछ ।<br>7. राजस्व सम्बन्धी आन्तरिक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिनेछ र प्रत्येक वडाबाट मासिक रूपमा स्रोत खुल्नेगरी राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| 3. राजस्व प्रणालीलाई सरल, सहज करदाता मैत्री र पारदर्शी बनाउने । | 1. कर संकलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवं सहकारी संस्थासँग सहकार्य गरिनेछ ।<br>2. कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरूमा नागरिकहरूको पहुँच पुऱ्याइनेछ । कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवं वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाइटमा राखिनेछ । साथै यस्तो सूचनाहरू गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाइनेछ । |
| 4. समन्वय र सहकार्यको अभिवृद्धि गरिनेछ । | 1. पर्यटन शुल्कसम्बन्धमा लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालयसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>2. बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिनेछ ।<br>3. राजस्वसँग सम्बन्धित विषयमा प्रदेश सरकार तथा जि.स.स.सँग नियमित अन्तरक्रिया गरिनेछ । |
| ५. राजस्व प्रणालीलाई लैङ्गिक र समावेशी संवेदनशील र उत्तरदायी बनाउने । | १. कर प्रणालीमा नसमेटेका महिला, अपाङ्गता, जोखिममा परेका, विपन्न र गरिवहरूको लागि आर्थिक विकासको मूलप्रवाहीकरणमा ल्याउन विभिन्न प्रणालीहरूमा सकारात्मक विभेदका नीति ल्याउने ।<br>२. कर निर्धारण गर्दा यी वर्गहरूको सेवा, सुविधा र सहुलियतमा थप गरी प्रोत्साहन गर्ने ।<br>३. यी वर्गहरूको लागि सूचना प्रवाह, क्षमता अभिवृद्धि र परिचालनमा जोड दिने । |

## ५.१.३ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको सूचना तथा तथ्याङ्क अध्ययन विश्लेषण तथा मिति २०७७ मंसिर १२ गतेका दिन गाउँपालिकाको सभा कक्षमा सहभागिको उपस्थितिमा समपन्न भएको अन्तक्रिया, छलफलका आधारमा तयार गरिएको नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजना देहाय बमोजिमको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ५.२: राजस्व सुधार कार्ययोजना**

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैरकर राजस्व** | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने,<br>- घरको वर्गीकरण अनुसार र घरले चर्चेको जग्गाको वडागतरूपमा लगत तयार गर्ने,<br>- सम्पत्ति मूल्यांकन समिति गठन गरी घरजग्गा मूल्यांकन दर पुनरावलोकन | २०७७फागुन मसान्तसम्म | • राजस्व परामर्श समिति,<br>• गाउँपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | गर्ने,<br>- सम्पत्ति करको दर पुनरावलोकन गर्ने, | | • वडा कार्यालय |
| भूमिकर (मालपोत) | - भूमिको वर्गीकरण अनुसार वडागत रूपमा लगत तयार गर्ने,<br>- वर्गीकरण अनुसार प्रगतिशील मालपोत दर कायम गर्न हाल कायम भएको दरको पुनरावलोकन गर्ने र नयाँ दर लागू गर्ने, | २०७७फागुन मसान्तसम्म | • राजस्व परामर्श समिति,<br>• गाउँपालिका<br>• प्रमुख प्रशासकीय अधिकृत र<br>• राजस्व शाखा<br>• वडा कार्यालय |
| व्यवसाय कर | ▪ गाउँपालिकाका सबै व्यवसायीहरूलाई व्यवसाय दर्ताका लागि सूचना जारी गर्ने | २०७७माघ मसान्तसम्म | • प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा र वडा कार्यालयहरू |
| | ▪ व्यसायीहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | निरन्तर | • गाउँ कार्यपालिका |
| पूर्वाधार उपयोग शुल्क | ▪ पूर्वाधार उपयोग शुल्क दर निर्धारण गर्ने<br>▪ शुल्क संकलन गर्ने | | • गाउँसभा |
| घर जग्गा बहाल कर | ▪ वडागत रूपमा घर बहालमा लगाउने घरधनीहरूको विवरण संकलन गर्ने ।<br>▪ घरधनीहरूसँग अन्तरक्रिया गर्ने<br>▪ घरजग्गा बहाल कर संकलन गर्ने । | २०७७ पौष मसान्तसम्म | • राजस्व परामर्श समिति<br>• राजस्व शाखा |
| बहाल विटौरी शुल्क | ▪ सार्वजनिक जग्गाहरू उपयोग बारेको विवरण तयार गर्ने<br>▪ सार्वजनिक जग्गाहरूको पहिचान गरी नापनक्सा अद्यावधिक गर्ने | २०७८ असार मसान्तसम्म | • गाउँ कार्यपालिका<br>• राजस्व परामर्श समिति |
| | ▪ सार्वजनिक जग्गाहरूमा कृषि हाटबजार, शौचालय निर्माण गरी बहालमा लगाउने | आ.व. २०७८/०७९ देखि | • गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ▪ महिला पुरुष छुट्टिने गरी घरजग्गाको अभिलेख राख्ने<br>▪ प्रदेश सरकारबाट दस्तुर दर निर्धारण भए बमोजिम घरजग्गा रजिष्ट्रेशन दस्तुर | हाल सम्म अभिलेख प्राप्त नभएको | • गाउँ कार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | उठाउने<br>▪ दस्तुर दर मालपोत कार्यालयबाट प्राप्त गर्ने | | |
| प्राकृतिक स्रोत बिक्री | ▪ जडीबुटी, प्राकृतिक स्रोत तथा ढुंगा, गिट्टी, बालुवा उत्खनन्/संकलन एवं राजस्व संकलनको तथ्यांक तयार गरी कार्यान्वयन गर्ने | | • गाउँपालिका र सम्बन्धित शाखा |
| कृषि तथा पशुजन्य उत्पादनको व्यावसायिक उपयोग | ▪ कृषि तथा पशुजन्य उत्पादनको व्यावसायिक उपयोगको परिमाण अनुमान गर्ने<br>▪ करको दर निर्धारण गर्ने<br>▪ कृषि तथा पशुजन्य उपज संकलन केन्द्र/बजार स्थापना गर्ने<br>▪ सहकारी संस्थाहरूलाई सुदृढीकरण गर्ने | २०७८ असार मसान्त | • गाउँपालिका र राजस्व शाखा |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ▪ वडागत रूपमा व्यवसाय दर्ता अभियान सञ्चालन गर्ने<br>▪ संघसंस्थाहरूको विवरण संकलन गर्ने<br>▪ वर्गीकरण अनुसार व्यवसाय दर्ता तथा नवीकरण दस्तुर असुल गर्ने | २०७७फागुन मसान्तसम्म | • गाउँपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्यांकन शुल्क | ▪ घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकरूपता कायम गर्ने | २०७७ चैत्र मसान्तसम्म | • वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | ▪ पर्यटन प्रवर्द्धनका लागि पहल गर्ने | २०७८ श्रावण | • गाउँ कार्यपालिका, योजना शाखा |
| नक्सा पास दस्तुर | ▪ नक्सापास सम्बन्धमा जनचेतना जगाउने<br>▪ प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने<br>▪ नक्सापासलाई अनिवार्य गर्ने ।<br>▪ बनीसकेका संरचनाहरूको दर्ता गर्ने | २०७७फागुन देखि | • प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| पानी मुहान दर्ता गर्ने | ▪ पानी मुहान दर्ता गर्नेबारे कार्यविधि स्वीकृत गर्ने<br>▪ सरोकारवालाहरूलाई जानकारी गराउने<br>▪ मुहान दर्ताको दर निर्धारण गर्ने | २०७८ श्रावण | • गाउँपालिका<br>• वडा कार्यालय |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | ▪ होमस्टेहरूको विकास तथा विस्तार गर्ने<br>▪ वडा जोड्ने तथा शाखा सडक निर्माण तथा स्तरोन्नति गर्ने | २०७८ श्रावण देखि निरन्तर | • गाउँपालिका र प्राविधिक शाखा |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ▪ गोरेटो तथा घोडेटोहरूको मर्मत सम्भार गर्ने | | |
| पर्यटकीय स्थलहको विकास तथा प्रवर्द्धन | - गाउँपालिका क्षेत्रका पर्यटकीय स्थलहरूको प्रवर्द्धनका लागि पर्यटकीय प्याकेजको विकास, तथा निजी क्षेत्रसँग सहकार्य गर्ने | आ.व. २०७७ चैत्रदेखि | • गाउँ कार्यपालिका, निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन** | | . | |
| मानवीय क्षमता विकास | - राजस्व शाखाको दरबन्दी अनुरूप पदपूर्ति गर्ने र राजस्व संकलनको जिम्मेवारी किटान गर्ने<br>- गाउँपालिकाको राजस्व अधिकार सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई अभिमुखीकरण गर्ने<br>- राजस्वका असल अभ्यासबारे जानकारी दिने<br>- गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरूलाई कर तथा राजस्व प्रशासन, अभिलेखन र सफ्टवेयरबारे तालिम प्रदान गर्ने<br>- करदाता तथा व्यवसायीहरूलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>- निर्धारित समयभन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | प्रथम पटक विज्ञको सहयोगमा २०७७माघभित्र र त्यसपछि नियमित | • गाउँपालिका<br>• राजस्व परामर्श समिति |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | - सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरूको तथ्याङ्क, सूचना संकलन गर्ने<br>- करदाताको व्यक्तिगत फाइल (विवरण) तयार गर्ने<br>- महसुल योग्य पूर्वाधारहरू (सडक, सिंचाइ, खानेपानी, भवन आदि) को अभिलेख तयार गर्ने | २०७८ श्रावण देखि | • वडा कार्यालय, राजस्व शाखा, प्राविधिक शाखा |
| राजस्व संकलन तथा अभिलेख | - राजस्व अभिलेख सम्बन्धी एकीकृत (अनलाइन) सफ्टवेयर तयार पार्ने<br>- करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्टवेयरमा इन्ट्री गर्ने | नियमित | • गाउँ कार्यपालिका र वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरू | सुधार गर्नुपर्ने क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | - राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणाली मार्फत सेवा दिने | | |
| सूचना तथा पारदर्शिता | - स्थानीय सञ्चार माध्यमबाट करदाताहरूलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>- गाउँपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने<br>- कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम तथा घुम्ती शिविर सञ्चालन गर्ने<br>- राजस्व संकलनको विवरण त्रैमासिक एवं अर्धवार्षिक रूपमा प्रकाशन गर्ने | नियमित | • प्रमुख प्रशासकीय अधिकृत,<br>• वडा सचिवहरू |
| अनुगमन | - अनुगमन गरी छुटेका करदातालाई करको दायरामा ल्याउने<br>- कर चुहावट नियन्त्रण गर्ने | प्रत्येक तीन महिनामा | • कार्यपालिका तथा वडा कार्यालयहरू |
| करदाता र कर्मचारी प्रोत्साहन कार्यक्रम | - कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्यांकन गरी प्रोत्साहन गर्ने<br>- बढी कर तिर्नेलाई करदातालाई सम्मान गर्ने | वार्षिक रूपमा (गाउँ सभा गर्ने दिनमा) | • गाउँ कार्यपालिका प्रमुख प्रशासकीय अधिकृत |
| राजस्व प्रशासनको प्रभावकारिताका लागि बन्दोबस्ती | - गाउँपालिकामा राजस्व शाखाको लागि कार्यकक्ष, कम्प्युटर, प्रिन्टर, विद्युत ब्याकअप सहितको सुविधा उपलब्ध गराउने | २०७८ श्रावण | • गाउँ कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

*स्रोत : नौकुण्ड गाउँपालिकासँगको अन्तरक्रिया तथा छलफल गोष्ठी १२ मंसिर २०७७*

# परिच्छेद- छ
# नौकुण्ड गाउँपालिकाको आगामी तीन वर्षको राजस्व आय प्रक्षेपण

मिति २०७७ मंसिर १२ गतेका दिन यस नौकुण्ड गाउँपालिकाको सभा कक्षमा प्रस्तुत गरिएको राजस्व सुधार कार्ययोजना मसौदा २०७७ लाई उपस्थित सहभागिहरूबाट अध्ययन, छलफल तथा पुनरावलोकन कार्य गरियो । साथै चालु आ.व.को लागि प्रस्ताव गरेको आन्तरिक राजस्वका दर तथा दायराहरूको समेत पुनरावलोकन गरी अनुमानित वार्षिक सम्भाव्यता वजेट गर्ने कार्य गरीयो । गाउँपालिकाबाट सम्भाव्य अनुमानित प्रस्ताव गरेको वजेट २०७७ पछिका वर्षहरूमा (२०७८/०७९-२०८०/०८१) प्रति वर्ष १० प्रतिशतले वृद्धिहुँदै जाने अनुमान समेत गरिएको थियो ।साथै सम्भाव्य प्रस्ताव वजेट २०७७ लाई चालु आ.व.को पुष महिनामा समपन्न हुने गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने सहमतिका आधारमा आगामी तीन आर्थिक वर्षहरूका (आ.व २०७८/०७९-२०८०/०८१) लागि संयुक्त वार्षिक वृद्धि दर (CAGR) विधिबाट हिसाव गरी तयार गरिएको अनुमानित राजस्व प्रक्षेपण सम्बन्धी विवरण यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ६.१ नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

गाउँपालिकाको राजस्व सम्बन्धी संकलित तथ्यांक, सम्भावना, राजस्वराजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरूमा भएको वार्षिक वृद्धि एवं गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष, वडा सचिव, राजस्व परामर्श समितिका पदाधीकारी समेतको प्रत्यक्ष सहभागितामा अन्तरक्रिया र छलफल बाट प्राप्त भएका सुझाव, सल्लाह समेतका आधारमा देहाय बमोजिम यस गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । शीर्षकगत रूपमा आन्तरिक राजस्व सम्भाव्यता विश्लेषणको आधार सम्बन्धी विवरण अनुसूची १ मा संलग्न गरिएको छ ।

**तालिका ६.१:सम्भाव्य बजेट तथा राजस्व प्रक्षेपणका आधार**

| राजस्व संकेत | राजस्व शीर्षक | वार्षिक सम्भाव्यता (रु. हजार) | आय प्रक्षेपणका आधारहरू |
|---|---|---|---|
| 11313 | **सम्पत्ति कर** | 602950 | पहिलो वर्ष सम्भाव्यताको ७५ प्रतिशत संकलन हुने र त्यसपछि वार्षिक २० प्रतिशतले वृद्धि हुने अनुमान |
| 11314 | **मालपोत (भूमिकर)** | 6755000 | पहिलो वर्ष सम्भाव्यताको ५० प्रतिशत संकलन हुने र त्यसपछि दोस्रो वर्ष ६० प्रतिशतले वृद्धि हुने र तेस्रो वर्ष १० प्रतिशत वृद्धिअनुमान |
| 11315 | **घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँटबाट प्रदेश** | 642000 | प्रदेशबाट प्राप्त हुने, 11421 समावेश भएको |
| 11321 | **घर बहाल कर** | 62400 | बहाल करमा पहिलो वर्ष कुल सम्भावनाको सबै संकलन हुने र त्यसपछिका आ.व.हरूमा १० प्रतिशतले वृद्धि हुँदै जाने अनुमान |
| 11322 | **बहाल विटौरी शुल्क** | 50000 | सम्भाव्यताको वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान |

| | | | |
|---|---|---|---|
| 11411 | बाँडफाँट भई प्राप्त हुने मु.अ.कर | 52100000 | चालु आवमा संघीय सरकारवाट मु.अ.कर तथा आन्तरिक अन्तशुल्क बापत प्राप्त रकममा वार्षिक १०% वृद्धिहुने अनुमान |
| 11421 | बाँडफाँट भई प्राप्त हुने आन्तरिक अन्त:शुल्क | 0 | ११४११मा समावेश भएको, वार्षिक १०% वृद्धिहुने अनुमान |
| 11451 | साना सवारी कर | 0 | हाल नभएको |
| 11456 | सवारी साधन कर बाँडफाँटबाट प्राप्त हुने | 0 | प्रदेश सरकारबाट प्राप्त हुने वार्षिक १०% वृद्धिहुने अनुमान 11315 मा समावेश भएको |
| ११४७२ | विज्ञापन कर | 60000 | आगामी आ.व.देखि कुल सम्भावनाको वार्षिक १०%, दोस्रो वर्षमा १०% र तेस्रो वर्षमा १०% ले वृद्धि हुने अनुमान |
| 11611 | अन्य कर (जडीबुटी, कवाडी, जीवजन्तु कर) | 275000 | वार्षिक १० प्रतिशत ले वृद्धिहुने अनुमान |
| 11691 | अन्य कर | 0 | हाल नभएको |
| 13311 | समानीकरण अनुदान (संघ) | 86600000 | चालु आ.व.को प्रस्तावित अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| | राजस्वबाँडफाँट प्रदेश | 7063000 | चालु आवको प्रस्तावित अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| 13311 | समानीकरण अनुदान (प्रदेश) | 10000000 | चालु आवको प्रस्तावित अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| 13312 | सशर्त अनुदान (संघ) | 130400000 | चालु आवमा प्राप्त हुने प्रस्तावित अनुमान रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| 13312 | सशर्त अनुदान (प्रदेश) | 18779000 | चालु आवमा प्राप्त हुने प्रस्तावित रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| 13314 | विशेष अनुदान (चालु) | 0 | नभएको |
| 13315 | विशेष अनुदान (पूँजीगत) प्रदेश | 4000000 | प्रदेशबाट चालु आवको अनुमान रकममा वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| 13316 | समपूरक अनुदान (चालु) | 0 | नभएको |
| 13317 | समपूरक अनुदान (पूँजीगत) प्रदेश | 10000000 | प्रदेशबाट चालु आवमा प्राप्त हुने रकममा वार्षिक १०% वृद्धि हुने अनुमान |
| 13318 | अन्य अनुदान (चालु) | 0 | सामाजिक सुरक्षा बापतको रकम अनुमान नगरिएको |
| 13319 | अन्य अनुदान (पूँजीगत) | 0 | |

| | | | |
|---|---|---|---|
| 13411 | अन्य संस्थागत अनुदान | 0 | हाल अनुमान नगरिएको |
| 13412 | लागत सहभागिता | 0 | अनुमान नगरिएको |
| 14151 | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | 0 | हाल अनुमान नगरिएको |
| 14159 | अन्य स्रोतबाट रोयल्टी | 0 | हाल अनुमान गरिएको |
| 14191 | पर्यटन शुल्क | 0 | हाल अनुमान नगरिएको |
| 14213 | अन्य बिक्रीबाट प्राप्त रकम | 200000 | आगामी आ.व.मा कुल सम्भावनाको १०% र त्यसपछि वार्षिक १०% ले वृद्धि हुँदै जाने अनुमान गरिएको |
| 14217 | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | 0 | हाल अनुमान नगरिएको |
| 14219 | अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन, पार्क, एम्बुलेन्स आदि) | 0 | हाल अनुमान नगरिएको |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | 25000 | वार्षिक १०% ले वृद्धि हुदै जाने अनुमान गरिएको |
| 14242 | नक्सापास दस्तुर | 60000 | आगामी आ.व.मा कुल सम्भावनाको ९०% र त्यसपछि वार्षिक १०% ले वृद्धि हुँदै जाने अनुमान गरिएको |
| 14243 | सिफारिश दस्तुर (नागरिकता, घ वर्ग इजाजत, योजना समझौता तथा अन्य) | 550000 | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले वृद्धि हुने अनुमान |
| 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | 70000 | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले वृद्धि हुने अनुमान |
| 14245 | नाता प्रमाणित दस्तुर | 75000 | आगामी आ.व.मा कुल सम्भावनाको १००% र त्यसपछि वार्षिक १०% का दरले वृद्धिहुने अनुमान |
| 14249 | अन्य दस्तुर (घर अभिलेखीकरण) | 2074200 | आगामी आ.व.मा कुल सम्भावनाको १०% र त्यसपछि वार्षिक १०% का दरले वृद्धिहुने अनुमान |
| 14253 | व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क | 280000 | आगामी वर्षमा कुल सम्भावनाको १०%, दोस्रोदेखि वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| 14311 | न्यायिक दण्ड, जरिवाना र जफत | 8000 | कुल सम्भावनाको १०% का दरले प्राप्त हुने अनुमान |

| | | | |
|---|---|---|---|
| 14312 | **प्रशासनिक दण्ड, जरिवाना र जफत** | 25000 | कुल सम्भावनाको १०% का दरले प्राप्त हुने अनुमान |
| 14529 | **अन्य राजस्व (विविध आय, सामुदायिक वन आदि)** | 145000 | २९ वटा सामुदायिक वनको संख्याबाट औसत वार्षिक ५० हजारका दरले १४ लाख ५० हजार हुने आम्दानीको १० प्रतिशतले रु. १ लाख ४५ हजार राजस्व प्राप्त हुने अनुमान गरिएको छ । |
| 14611 | **व्यवसाय कर** | 109750 | आगामी वर्षमा कुल सम्भावनाको १०%, दोस्रो वर्षदेखि वार्षिक १०% ले वृद्धि हुने अनुमान |
| 15111 | **बेरुजु** | 0 | अनुमान नगरिएको |
| 15112 | **निकासा फिर्ता** | 0 | अनुमान नगरिएको |
| 15113 | **अनुदान फिर्ता** | 0 | अनुमान नगरिएको |
| | **कल जम्मा** | **331011300** | |

माथिका तालिकामा उल्लेखित रकमहरू आर्थिक वर्ष २०७७/०७८ को प्रस्ताव अनुमानित प्रक्षेपणका आधारमा गरिएको छ । गाउँपालिकाबाट प्राप्त कतिपय रकमहरू एकमुष्ठ भएको कारण शीर्षकगत रूपमा राखिएको छैन ।

## ६.२ नौकुण्ड गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

राजस्व सम्बन्धी संकलित तथ्याङ्क, माथि गरिएको विश्लेषण तथा मान्यता समेतका आधारमा राजस्व सुधार कार्ययोजना तथा विगत वर्षहरूमा भएको वार्षिक वृद्धि दर समेतलाई आधार मानेर देहाय अनुसार राजस्व प्रक्षेपण गरिएको छ ।

**तालिका ६.२: आगामी तीन आ.व.का राजस्व प्रक्षेपण**

| राजस्व संकेत | राजस्वका शीर्षक | आ.व. २०७७/०७८ को प्रस्तावित | गाउँपालिकाको हालको सम्भाव्यता रु. | आ.व. २०७८/०७९ को प्रक्षेपण | आ.व. २०७९/०८० को प्रक्षेपण | आ.व. २०८०/०८१ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| 11313 | सम्पत्ति कर | 365 | 602950 | 452213 | 482360 | 663245 |
| 11314 | भूमिकर (मालपोत) | 165 | 6755000 | 3377500 | 4053000 | 7092750 |
| 11315 | घर जग्गा रजिष्ट्रेशन दस्तुर प्रदेशवाट | 0 | 642000 | 706200 | 776820 | 854502 |
| 11321 | घर बहाल कर | 0 | 62400 | 68640 | 75504 | 83054.4 |
| 11322 | बहाल विटौरी शुल्क | 22 | 50000 | 55000 | 60500 | 66550 |
| 11411 | बाँडफाँटबाट भई प्राप्त हुने मु.अ.कर र अन्त शुल्क (संघ) | 52100 | 52100000 | 57310000 | 63041000 | 69345100 |
| | राजस्वबाँडफाँट प्रदेश | 7063 | 7063000 | 7769300 | 8546230 | 9400853 |
| 11451 | साना सवारी कर | 0 | 0 | 0 | 0 | 0 |
| 11456 | सवारी साधन कर | 0 | 0 | 0 | 0 | 0 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बाडँफाँटबाट प्राप्त हुने राजस्व | | | | | |
| 11472 | विज्ञापन कर | 0 | 60000 | 66000 | 72600 | 79860 |
| 11611 | अन्य कर (जडीबुटी, कवाडी, जीवजन्तु कर) | 275 | 275000 | 302500 | 332750 | 366025 |
| 11691 | अन्य कर | 0 | 0 | 0 | 0 | 0 |
| 13311 | समानीकरण अनुदान (संघ) | 86600 | 86600000 | 95260000 | 104786000 | 115264600 |
| 13311 | समानीकरण अनुदान (प्रदेश) | 10000 | 10000000 | 11000000 | 12100000 | 13310000 |
| 13312 | सशर्त अनुदान (संघ) | 130400 | 130400000 | 143440000 | 157784000 | 173562400 |
| 13312 | सशर्त अनुदान (प्रदेश) | 18779 | 18779000 | 20656900 | 22722590 | 24994849 |
| 13314 | विशेष अनुदान (चालु) संघ | 0 | 0 | 0 | 0 | 0 |
| 13315 | विशेष अनुदान (पूँजीगत) प्रदेश | 4000 | 4000000 | 4400000 | 4840000 | 5324000 |
| 13317 | समपूरक अनुदान (पूँजीगत) संघ | 0 | 0 | 0 | 0 | 0 |
| | समपुरक अनुदान (पूँजीगत) प्रदेश | 10000 | 10000000 | 11000000 | 12100000 | 13310000 |
| 13318 | अन्य अनुदान (चालु) | 0 | 0 | 0 | 0 | 0 |
| 13319 | अन्य अनुदान (पूँजीगत) | 0 | 0 | 0 | 0 | 0 |
| 13411 | अन्य संस्थागत अनुदान | 0 | 0 | 0 | 0 | 0 |
| 13412 | लागत सहभागिता | 0 | 0 | 0 | 0 | 0 |
| 14159 | अन्य स्रोतबाट रोयल्टी (प्राकृतिक स्रोत ढुंगा, वालुवा, गिट्टी) | 246 | 0 | 0 | 0 | 0 |
| 14191 | पर्यटन शुल्क | 0 | 0 | 0 | 0 | 0 |
| 14213 | अन्य बिक्रीबाट प्राप्त रकम | 0 | 200000 | 220000 | 242000 | 266200 |
| 14217 | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | 0 | 0 | 0 | 0 | 0 |
| 14219 | अन्य सेवा शुल्क (फोहरमैला व्यवस्थापन, पार्क, एम्बुलेन्स आदि) | 0 | 0 | 0 | 0 | 0 |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | 0 | 25000 | 27500 | 30250 | 33275 |
| 14242 | नक्सापास दस्तुर | 300 | 60000 | 66000 | 72600 | 79860 |
| 14243 | सिफारिश दस्तुर (नागरिकता, घ वर्ग इजाजत, योजना सम्झौता तथा अन्य) | 1100 | 550000 | 605000 | 665500 | 732050 |
| 14244 | व्यक्तिगत घटना दर्ता दस्तुर | 0 | 70000 | 77000 | 84700 | 93170 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 14245 | नाता प्रमाणित दस्तुर | 0 | 75000 | 82500 | 90750 | 99825 |
| 14249 | अन्य प्रमाणित दस्तुर (घर अभिलेखीकरण) | 0 | 2074200 | 1037100 | 1140810 | 0 |
| 14253 | व्यवसाय रजिष्ट्रेशन/ नवीकरण शुल्क | 0 | 280000 | 308000 | 338800 | 372680 |
| 14311 | न्यायिक दण्ड, जरिवाना र जफत | 0 | 8000 | 8800 | 9680 | 10648 |
| 14312 | प्रशासनिक दण्ड, जरिवाना र जफत | 0 | 25000 | 27500 | 30250 | 33275 |
| 14529 | अन्य राजस्व (विविध आय, सामुदायिक वन आदि) | 0 | 145000 | 159500 | 175450 | 192995 |
| 14611 | व्यवसाय कर | 440 | 109750 | 120725 | 132797.5 | 146077.25 |
| 15111 | बेरुजु | 0 | 0 | 0 | 0 | 0 |
| 15112 | निकासा फिर्ता | 0 | 0 | 0 | 0 | 0 |
| 15113 | अनुदान फिर्ता | 0 | 0 | 0 | 0 | 0 |
| | **आगामी तिन आर्थिक वर्षको प्रक्षेपण बजेट** | **321855** | **331011300** | **358603878** | **394786942** | **435777844** |

# परिच्छेद- सात
# नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अपेक्षित नतिजा

नौकुण्ड गाउँपालिकाको लागि तयार गरिएको राजस्व सुधार कार्ययोजना २०७७ लाई गाउँपालिकाबाट प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको अवस्थामा गाउँपालिकाले चालु आर्थिक वर्ष २०७७/०७८ का लागि अनुमान प्रस्तावित गरेको आन्तरिक राजस्वमा आर्थिक वर्ष २०८०/०८१ वर्षमा आई पुग्दा आन्तरिक राजस्व७६% ले बढोत्तरी हुने प्रक्षेपण गरिएको छ। यस गाउँपालिका आन्तरिक राजस्वका स्रोतहरूमध्ये मुख्य स्रोतहरू जस्तै प्रगतिशील सम्पत्ति कर, भूमिकर (मालपोत), व्यवसाय कर, व्यवसाय दर्ता तथा नवीकरण, सामुदायिक वन, घर बहाल कर, नक्सापास दस्तुर, अन्य बिक्री (प्राकृतिक स्रोत उपयोग) विभिन्न सिफारिश तथा प्रमाणित शुल्कहरू महत्वपूर्ण हुने देखिन्छ।

यस गाउँपालिकाको आन्तरिक राजस्व आय तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुन सक्ने आय समेत गरी कूल आयको प्रक्षेपण स्थिति संक्षेपमा देहायको तालिका प्रस्तुत गरिएको छ।

**तालिका ७.१: नौकुण्ड गाउँपालिकाको यथार्थ, प्रस्तावित, सम्भावित र तीन वर्षको अपेक्षित आयको सारांश विवरण**


| क्र.सं. | शीर्षक | आ.व. २०७५/७६ को यथार्थ रु हजार | आ.व. २०७६/७७ को यथार्थ रु हजार | आ.व. २०७७/७८ को प्रस्तावित | गाउँपालिकाको हालको सम्भाव्यता रु. | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|
| 1 | आन्तरिक राजस्व | 965 | 2050 | 2913 | 12069300 | 7767677.5 | 8867121.5 | 11266042 |
| 2 | अनुदान समानीकरण, सशर्त, विशेष र समपूरक (संघ) | 167040 | 182300 | 217000 | 217000000 | 238700000 | 262570000 | 288827000 |
| 3 | राजस्व बाँडफाँट (संघ) | 0 | 32500 | 52100 | 52100000 | 57310000 | 63041000 | 69345100 |
| 4 | अनुदान समानीकरण, सशर्त, विशेष र समपूरक (प्रदेश) | 142546 | 12011 | 42779 | 42779000 | 47056900 | 51762590 | 56938849 |
| 5 | राजस्व बाँडफाँट (प्रदेश) | 0 | 6421 | 7063 | 7063000 | 7769300 | 8546230 | 9400853 |
| | **कुल जम्मा** | **310551** | **235282** | **321855** | **331011300** | **358603878** | **394786942** | **435777844** |
| | कूल आयमा आन्तरिक आयको% | 0.57% | 0.77% | 0.79% | | 0.91% | 0.85% | 0.79% |

**कुल प्रक्षेपण आयमा आन्तरिक राजस्वको हिस्सा**

तयार गरिएको राजस्व सुधार कार्ययोजनाको कुल बजेटमा चालु आ.व. २०७७/०७८ का लागि आन्तरिक राजस्वतर्फ ०।७९ प्रतिशत प्रस्ताव गरिएका छ। त्यसपछिका तीन वर्ष (२०७८/०७९

देखि २०८०/०८१) का लागि कुल आय प्रक्षेपणमध्ये क्रमशः ०।९१ प्रतिशत, ०।८५ प्रतिशत र ०।७९प्रतिशत आन्तरिक राजस्वबाट प्राप्त हुने अपेक्षा गरिएको छ। साथै आर्थिक वर्ष २०७५/०७६ तथा २०७६/०७७ मा आन्तरिक राजस्वबाट ०।५७ र ०।७७ प्रतिशत यथार्थ आय प्राप्त गरेको देखिन्छ। जसलाई तपशिलमा प्रस्तुत गरिएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।


**चित्र नं. ९ कुल बजेटमा आन्तरिक राजस्वको हिस्सा (यथार्थ तथा प्रस्तावित)**




गाउँपालिकासँग भएका स्रोत साधनहरूको अधिकतम परिचालनमा जोड दिएर स्थानीय विकासका लागि उल्लेख्य स्रोतहरू स्थानीयस्तरबाटै जुटाउँदै अगाडि बढ्ने दिशामा तयार गरिएको राजस्व सुधार कार्ययोजना २०७७ महत्वपूर्ण माध्यम हुन सक्दछ। गाउँपालिकाको सहभागितात्मक वार्षिक योजना तर्जुमाका लागि आन्तरिक स्रोत अनुमान गर्न, मध्यावधिक खर्च विवरण तयार गर्नका लागि समेत यस कार्ययोजनाले मार्गदर्शकका रूपमा महत्वपुर्ण भूमिका खेल्ने अपेक्षा लिइएको छ।

# परिच्छेद- आठ
# नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन पद्धति

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो। योजनाको कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधि र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समावेश भएका क्रियाकलापहरूको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यबस्था गरिनु जरुरी हुन्छ। राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रूपमा राजस्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ।




अनुगमनबाट गाउँपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रूपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरूप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिला गरे नगरेको आदि कुराहरू नियमित रूपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा गाउँपालिकामा सिफारिस लगायतको कार्यबाट मात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ।

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ। प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो वमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्यांकनका लागि निम्न वमोजिम अनुगमन तथा मूल्यांकन गर्न उपयुक्त हुने देखिन्छ।

**तालिका ८.१: नौकुण्ड गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन प्रणाली**

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |

| के अनुगमन गर्ने? | कसले अनुगमन गर्ने? | कहिले अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने? |
|---|---|---|---|
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरण गर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरू सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| समीक्षा | उपाध्यक्ष | चौमासिक र वार्षिक | • लक्ष र उपलब्धिसहित सिकाइको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

राजस्वका स्रोत अनुसार अनुगमन गर्दा हेर्नुपर्ने कुराहरूको सूची तयार गरी अनुगमन गर्दा प्रभावकारी हुन्छ। साथै अनुगमनको प्रतिवेदन तयार गर्ने कार्यलाई अनिवार्य गरिनु पर्दछ। मन्त्रालयबाट जारी गरिएको स्वमूल्यांकन (LISA) विधिको प्रयोगबाट नियमित रूपमा राजस्वका सूचक अनुसार आवधिक मूल्यांकनलाई आवधिक रूपमा गरिने प्रणाली समेत लागू गर्न सिफारिश गरिन्छ।

# अनुसूचीका विषयवस्तु

अनुसूची १ : राजस्व सम्भावना विश्लेषणका आधारहरू

अनुसूची २ :जुम (विद्युतीय) माध्यमबाट राजस्व सुधार कार्ययोजनासम्बन्धी अन्तरक्रियाकार्यक्रमका सहभागी, फोटो फिचर्स, प्रतिवेदन तथा प्रस्तुतिका स्लाइड

अनुसूची ३: अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ

अनुसूची४: सम्पत्ति कर, भूमि कर (मालपोत) तथा व्यवसाय करको प्रगतिशील दर निर्धारण (नमुना)

अनुसूची५ : राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटो फिचर्स तथा प्रस्तुतिका स्लाइडहरू

अनुसूची६ : सन्दर्भ सामग्री

# अनुसूची- १
# राजस्व सम्भावना विश्लेषणका आधारहरू

**(क) सम्पत्ति कर**

**नौकुण्ड गाउँपालिकाको स्वीकृत सम्पत्ति कर दर**

| क्र.सं. | विस्तृत विरण | दर | | |
|---|---|---|---|---|
| | | एक तले | दुई तले | दुई भन्दा माथि थप |
| १ | ढुंगा, माटो जोडाइ जस्तापाता/ढुंगा छाना | 100 | 0 | |
| २ | भूकम्प प्रतिरोधी घर जस्ता छानो भएको एक तले | 200 | 0 | |
| ३ | आर.सि.सि. पक्की घर | 300 | 400 | 500 |

गाउँपालिकाले निर्धारित गरेका करको दर अनुसार माथि उल्लेखित कच्ची वा अर्द्धपक्की घरहरूमा एक तलाभन्दा बढी तला भएमा पनि थप राजस्व नलाग्ने देखिन्छ। साथै घरको आकार तथा अवस्थितिको आधार पनि उल्लेख भएको छैन । यस बाहेक घरले चर्केको जमिन कति निर्धारण गर्ने बारे पनि स्पष्ट गरेको देखिँदैन। तसर्थ सम्पत्ति करलाई गाउँपालिकाले तपशिलमा उल्लेखित प्रगतिशील कर लगाउन प्रस्ताव गरिएको छ। उक्त प्रस्ताव मिति २०७७ मंसिर १२ गतेको अन्तरक्रिया तथा छलफल गोष्ठीका सहभागीहरूबाट गरिएको हो ।

**प्रस्तावित प्रगतिशील सम्पत्ति कर**

कुल ३४५७ घरधुरीलाई सम्पत्ति करको दायरामा ल्याउने अनुमानित प्रस्ताव वमोजिम देहाय वमोजिम हुने आम्दानी प्राप्त हुने अनुमान

| क्र.सं. | करयोग्य सम्पत्ति | वार्षिक दर (रु.) | अनुमानित करदाता संख्या | सम्भाव्य रकम रु. |
|---|---|---|---|---|
| 1 | रु १ देखि ५० हजारसम्म | | | |
| 2 | ५० हजार १ देखि २ लाखसम्म | 100 | 802 | 80200 |
| 3 | २ लाख १ देखि ५ लाखसम्म | 2000 | 155 | 310000 |
| 4 | ५ लाख १ देखि १० लाखसम्म | 450 | 250 | 112500 |
| 5 | १० लाख १ देखि २० लाखसम्म | 160 | 350 | 56000 |
| 6 | २० लाख १ देखि ४० लाखसम्म | 30 | 800 | 24000 |
| 7 | ४० लाख १ देखि ७० लाखसम्म | 15 | 1350 | 20240 |
| 8 | ७० लाख १ देखि १ करोड १० लाखसम्म | | | |
| 9 | १ करोड १० लाख १ देखि २ करोडसम्म | | | |
| 10 | २ करोड १ देखि ५ करोडसम्म | | | |
| 11 | ५ करोड १ देखि १० करोडसम्म | | | |
| | | **जम्मा** | **3457** | **602950** |

**(ख) भूमिकर (मालपोत)**

यस नौकुण्ड गाउँसभाले आ.व. २०७७/०७८ का लागि भूमि कर (मालपोत) देहाय बमोजिम स्वीकृत गरी लागू गरेको छ ।

**नौकुण्ड गाउँपालिकाको भूमि करको दर**

| क.सं. | जग्गाको किसिम | दर (प्रति रोपनी) | |
|---|---|---|---|
| | | धनहर | पाखो |
| १ | अब्बल | 30 | 25 |
| २ | दोयम | 25 | 20 |
| ३ | सिम | 20 | 15 |
| ४ | चाहार | 15 | 10 |

**तथ्यांक स्रोत : गाउँपालिकाको आर्थिक ऐन २०७७**

यस गाउँपालिकामा ३२.६७ वर्ग किमि (६४२०९.५६ रोपनी)[1] जमिन खेतीपातीका लागि उपयोग भएको देखाएको छ। यसमध्ये घरघडेरीलाई सम्पत्ति करको स्रोतका रूपमा लिएपछि बाँकी रहने जमिनमा मालपोत वा भूमिकर लगाउनु पर्दछ। यहाँ मालपोत प्रयोजनका लागि जमिनको अवल, दोयम, सिम र चाहार अनुसार वर्गीकरण भएको छ। तर वर्गीकरण अनुसारको जमिनको यकिन विवरण नभएकोले सम्पत्ति करको अनुमान आयको आकलन गर्न नसकिएको।

तसर्थ मिति २०७७ मंसिर १२ गतेको अन्तरक्रिया तथा छलफल गोष्ठिका सहभागिहरूबाट देहाय बमोजिमको भूमिको अनुमानित वर्गीकरण तथा कर को दर प्रस्ताव गरिएको छ।

| क.सं. | वर्गीकरण | कुल रोपनी | दर प्रति रोपनी | कुल रकम |
|---|---|---|---|---|
| 1 | सिञ्चित | 38500 | 40 | 1540000 |
| 2 | अर्द्धसिञ्चित | 82000 | 25 | 2050000 |
| 3 | असिञ्चित | 211000 | 15 | 3165000 |
| | **कुल जम्मा** | **331500** | | **6755000** |

दृष्टव्यः माथि उल्लेखीत वर्गीकरण अनुसारको जग्गाको यकिन रोपनी गाउँपालिकाले वडागत अनुसार पुनः यकिन गर्नुपर्ने देखीन्छ।

### (ग) घरजग्गा बहाल कर (घर बहाल कर वार्षिक १० प्रतिशत)

यस गाउँपालिकामा करिव २०९ भन्दा बढी संख्यामा उद्योग, व्यापार, व्यवसायहरू सञ्चालनमा रहेको देखिन्छ। ती व्यापार व्यवसायहरूमध्ये २५% बहालमा लिएको अनुमान छ। प्रति व्यवसाय सरदर रु. १२,००० दरले मासिक भाडाको हिसाव गर्दा वार्षिक भाडा रु.६२४,००० असुल हुने उक्त बहाल रकममा १०% का दरले घरजग्गा बहाल कर लगाउँदा गाउँपालिकालाई वार्षिक रु. ६२,४०० बहाल कर प्राप्त हुन सक्ने देखिन्छ।

### (घ) प्रस्तावितव्यवसाय कर

| क्र. सं. | पुँजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | व्यवसायी संख्या | कुल रकम |
|---|---|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– | 10 | 2000 |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मको वार्षिक कारोबार | रु.२५०/– | 18 | 4500 |

[1] १ वर्ग किमि = १०० हेक्टर, १ हेक्टर = १०७,६३९ वर्गफुट/१९.६६ रोपनी हुने भएकाले ४७.२५ वर्ग किमि = ४७२५ हेक्टर * १९.६६ = ९२८९३.५ रोपनी। https://www.metric-conversions.org/area/square-kilometers-to-hectares.htm

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– | 5 | 1500 |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मको वार्षिक कारोबार | रु.४००/– | 15 | 6000 |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मको वार्षिक कारोबार | रु.५००/– | 10 | 5000 |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मको वार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. ५०/– का दरले कारोबारको आधारमा व्यवसाय कर लगाउने | 60 | 33000 |
| ७ | रु.५ लाखभन्दा माथि रु.१० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु.५० लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | 95 | 54625 |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | 5 | 3125 |
| ९ | रु.२० लाखभन्दा बढीको पुँजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने । | | |
| | **कुल जम्मा** | | | **208** | **109750** |

**(ङ) जडीबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक उपयोग कर**

**जडीबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक उपयोग करको प्रस्तावित असुली प्रक्रिया**

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| 1 | जडीबुटी, कवाडी र जीवजन्तु उपयोग | ठेक्का पट्टाबाट लगाइने | वर्षको 250,000 |

**गैरकर राजस्व**

**(क) प्रस्तावित बहाल विटौरी शुल्कः** बहाल विटौरी शुल्कअन्तर्गत सार्वजनिक, पर्ति, ऐलानी, बन क्षेत्रका जग्गामा भोग चलन तथा घर/टहरा वनाई उपयोग गरी रहेको एवं हाटबजार तथा सार्वजनिक एवं गाउँपालिकाको स्वामित्वमा रहेका जग्गामा बनेका संरचनाहरूको उपयोगबाट समूहको छलफलको आधारमा करिव ३५ घरबाट रु ५० हजार प्राप्त हुने अनुमान गरिएको छ ।

**(ख) प्रस्तावितघर निर्माण नक्सा पास दस्तुरः**यस गाउँपालिकामा बजारीकरण हुँदै गएको तथा जबकि न्यून प्रतिशत घरहरू मात्र पक्की (RBC & RCC) भएको हुनाले आगामी दिनमा पक्की घरहरू निर्माण हुँदै जाने देखिन्छ। साथै नेपाल विपत जोखिमका दृष्टिले सम्वेदनशील देशको सूचीमा समेत पर्ने हुनाले भवन निर्माण मापदण्ड पालना गर्नु गराउनु पनि जरुरी देखिन्छ। त्यसकारण नक्सापासलाई अनिवार्य गरी सोको सेवा प्राविधिक सेवा दिए बापत दस्तुर आम्दानी प्राप्त हुन्छ। यसरी समूहमा छलफलको आधारमा एक वर्षमा औषतमा ५० घर नयाँ निर्माण हुने अनुमानका आधारमा अनुमानित आयको विश्लेषण गरिएको छ ।

| औसत घर संख्या | स्क्वायर फिट प्रति घर | कुल स्क्वायर फिट | दर प्रति स्वायर फिट | जम्मा अनुमान प्रस्ताव रु. |
|---|---|---|---|---|
| 50 | 300 | 15000 | 4 | 60000 |

**(ग) घर अभिलेखीकरणबाट प्राप्त हुने प्रस्तावित राजस्वको अनुमानः** यस गाउँपालिकाबाट यस आर्थिक वर्षमा गाउँपालिका भित्रका सम्पुर्ण घरहरूलाई अभिलेखीकरण गर्न गराउन सूचना प्रकाशित भई सकेको छ। यसै सन्र्दभमा यस गाउँपालिका क्षेत्र भित्र हाल ३४५७ घर रहेका अनुमानित तथ्यांकको आधारमा देहाय वमोजिम आय प्राप्त हुने अनुमान प्रस्ताव गरिएको छ ।

| औसत घर संख्या | स्क्वायर फिट प्रति घर | कुल स्क्वायर फिट | दर प्रति स्वायर फिट | जम्मा अनुमान रु. |
|---|---|---|---|---|
| 3457 | 300 | 1037100 | 2 | 2074200 |

**(घ) व्यवसाय दर्ता/नवीकरण शुल्क**

**व्यवसाय दर्ता/नवीकरण शुल्कको वर्तमानअवस्थाः** हाल गाउँपालिकाको व्यवसाय दर्ता शुल्क रु. १००० देखि रु. २०० सम्म दर निर्धारण गरेको छ। यसै गरी नवीकरणतर्फ रु. ७००० देखि १००

सम्म दर राखेको छ। नवीकरण शुल्क वास्तवमा रु. ७०० प्रति व्यवसायका आधारमा ४०० संख्याको रु. २८०००० सम्म हुन सकिने देखिन्छ।

**(ङ) सिफारिस तथा प्रमाणित दस्तुर**

**सिफारिस तथा प्रमाणित दस्तुरको वर्तमानअवस्था :** यस गाउँपालिकामा सिफारिस तथा प्रमाणित दस्तुर शीर्षक अन्तर्गत आ.व.२०७६/०७७ मा सिफारिस दस्तुर शीर्षकमा रु.७५ हजार तथा अन्य दस्तुर शीर्षकमा (अनुमानित इजाजत) रु.१ लाख प्राप्त हुने अनुमान गरेको देखिन्छ।

**(च) सामुदायिक वनबाट प्राप्त हुने प्रस्तावित आय :** यस गाउँपालिकामा २९ वटा सामुदायिक वन तथा ३ वटा मध्यवर्ती वन क्षेत्र रहेका हुनाले वनको दिगो उपयोगका लागि कार्ययोजना स्वीकृत गरी प्राप्त रकमको १०% रकम गाउँपालिकाका लागि महत्वपूर्ण स्रोत हुन सक्ने देखिन्छ। यस प्रकार यस शीर्षकबाट गाउँपालिकाले सामुदायिक वन उपभोक्ता समितिको वार्षिक आयको १० प्रतिशतका दरले आय प्राप्त गर्न सक्नेछ जुन देहाय बमोजिम अनुमान प्रस्ताव गरिएको छ।

| कुल सामुदायिक वन | अनुमानित औषत वार्षिक आम्दानी प्रति सामुदायिक वन | कुल वार्षिक आम्दानी रु. | गाउँपालिकाले प्राप्त गर्ने १० प्रतिशतका दरले |
|---|---|---|---|
| 29 | 50,000 | 1450000 | 145000 |

# अनुसूची- २
# नौकुण्ड गाउँपालिका, रसुवाको जूम (विद्युतीय) माध्यमबाट राजस्व सुधार कार्ययोजनासम्बन्धी अन्तरक्रिया

आज मिति २०७७ साल भदौ महिना ३० गते (तदनुसार १५ सेप्टेम्बर २०२०) मंगलबारका दिन यस नौकुण्ड गाउँपालिकाको लागि पूर्णिमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस नगरपालिकाको राजस्व सुधार कार्य योजना प्रथम मस्योदा (भाद्र, २०७७) माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सुझाव लिई राजस्व सुधार कार्य योजना दस्तावेज लाई अन्तिमरूप दिने उद्देश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पुर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरू समेत गरी जम्मा १८ जनाको सहभागितामा विद्युतीय माध्यम (जुम) बाट अन्तरक्रिया गरिएको थियो।अन्तरक्रिया कार्यक्रम देहाय बमोजिम संचालन गरिएको थियो ।

**अन्तरक्रिया संचालन प्रक्रिया**

- अध्यक्षता ग्रहण,
- परिचयात्मक कार्यक्रम,
- अन्तरक्रिया संचालनको उद्देश्य,
- खुला छलफल,
- प्रतिबद्धता

(१) **अध्यक्षता ग्रहणः** गाउँपालिका अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूबाट गरिएको थियो ।

(२) **परिचयात्मक कार्यक्रमः** गाउँपालिकाको तर्फबाट उपाध्यक्ष श्री सिर्जना लामाज्यूबाट गरिएको थियो भने सिमेड नेपालको तर्फबाट टिमलिडर श्री गंगादत्त अवस्थीज्यूबाट गराइएको थियो ।

(३) **अन्तरक्रिया कार्यक्रम संचालनको उद्देश्यः**सेमिड नेपालका विषय विज्ञ श्री पुरुषोत्तम नेपालज्यूबाट राजस्व सुधार कार्ययोजनाको उद्देश्य, औचित्य तथा विद्यमानमा देखिएका कमी कमजोरी र सुधार गर्नुपर्ने पक्षमा प्रस्तुति गर्न भएको थियो ।

(४) **खुला छलफलः** सहभागितात्मक पद्धति अनुसार उपस्थित सबै सहभागीहरूको राय सुझाव संकलन गरिएको थियो ।

(५) **प्रतिबद्धताः** अन्तमा गाउँपालिका अध्यक्ष एवं उपध्यक्ष तथा सेमिड नेपालका टिमलिडरबाट तयार भएको दस्तावेजहरूलाई प्रक्रियागत रूपमा लागू गर्ने प्रतिबद्धता गरिएको थियो ।

अन्तरक्रियाप्रस्तुतिका विषय, सहभागीहरूको उपस्थिति, गाउँपालिकाभित्रका सवाल, सुझाव सल्लाह तथा प्रतिवद्धता एवं सहभागिहरूको फोटो फिचर्स देहाय बमोजिम रहेकाछन् ।

**(क) अन्तरक्रिया प्रस्तुतिका विषयः**

- गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको पृष्ठभूमि

- राजस्वका चक्र
- आन्तरिक राजस्व अभिवृद्धिका आधारहरू
- गाउँपालिकाको अपेक्षित प्रतिफल
- उद्यम व्यवसायको किसिम, दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था
- गाउँपालिकासँगको अपेक्षा

**(ख) अन्तरक्रियासहभागीहरूको उपस्थिति विवरण**

| सि.नं. | सहभागीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| 1 | श्री नुर्बु स्याङ्बो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका |
| 2 | श्री सिर्जना लामा | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका |
| 3 | श्री विष्णु कुमार अधिकारी | अधिकृत,(छैटौं) | नौकुण्ड गाउँपालिका |
| 4 | श्री नारायणी भण्डारी | आ.ले. प. | नौकुण्ड गाउँपालिका |
| 5 | श्री सुमित कु. सग्रौला | सूचना प्रविधि अधिकृत | नौकुण्ड गाउँपालिका |
| 6 | श्री हेमन्त आचार्य | राजस्व शाखा | नौकुण्ड गाउँपालिका |
| 7 | श्री बेनीथापा बुलुन | कार्यपालिका सदस्य | नौकुण्ड गाउँपालिका |
| 8 | श्री महेश नेपाल | वरिष्ठ क्षमता विकास विज्ञ | पूर्णिमा कार्यक्रम |
| 9 | श्री गेहेन्द्र बम | योजना तथा सुशासन विज्ञ | पूर्णिमा कार्यक्रम |
| 10 | श्री गंगादत्त अवस्थी | टिम लिडर | सेमिड नेपाल |
| 11 | श्री पूर्णचन्द्र भट्टराई | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 12 | श्री पुरुषोतम नेपाल | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 13 | श्री बालगोविन्द विष्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 14 | श्री रुद्र सापकोटा | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 15 | श्री भगीरथ भट्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 16 | श्री लक्ष्मण पाण्डे | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 17 | श्री नवराज कोइराला | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 18 | श्री बिदुर बस्नेत | विषय विशेषज्ञ | सेमिड नेपाल |

**(ग) राजस्व सुधारका क्षेत्रका प्रमुख सवाल/समस्या/चुनौती**

- संघ प्रदेश र स्थानीय तहका व्यवसाय कर सम्बन्धीका ऐनहरू बाझिएकाले सबैलाई दायरामा ल्याउन नसकिएको ।
- भौगोलिक कठिनाइको कारणले हाल पूर्वाधार कर लगाउन नसकिएको ।
- गाउँपालिकाले राजस्व निर्धारणका सबै क्षेत्र समेट्न नसकिएको ।
- कोभिड १९ का कारणले लक्ष अनुसार कर उठाउन नसकिएका,दायरा पनि बढाउन नसकिएको ।
- निजी क्षेत्रका र प्रदेशका व्यवसाय सम्बन्धी ऐन बाझिएकाले व्यवसाय दर्ता प्रक्रियामा दोहोरोपना ।
- निकुञ्ज कार्यालयसँग समन्वय हुन नसकिएको ।
- सामुदायिक वन पैदावार जडीबुटी निकासी दस्तुर प्राप्त गर्न नसकेको । साथै सामुदायिक वन योजनालाई योजना तर्जुमा प्रक्रियामा समावेश हुन नसकेको ।
- सहकारीहरूद्वारा गरिएका व्यवसायलाई करको दायरामा समेट्न नसकिएको ।

**(घ) राजस्व सुधार कार्ययोजनाको दस्तावेज तयारीका लागि केही महत्वपूर्ण सूचना/तथ्यांक तथा स्पष्ट हुनुपर्ने सवालहरू**

- आर्थिक ऐन २०७७ अनुसार निर्धारित गरिएका कर तथा दायराहरूको खण्डीकृत तथ्यांक उपलब्ध हुन सकेको । (जस्तैः सम्पत्ति कर अन्तर्गत घरहरूको विस्तृत तथ्यांक, भूमिकर अन्तर्गत भू वर्गीकरण र क्षेत्रफल, व्यावसायिक कर अन्तर्गत व्यवसायको लगानीका आधारमा कर को दर, घर नक्सापास आदि)
- सामुदायिक बन सम्वन्धीका तथ्यांक प्राप्त हुन नसकेको ।
- आर्थिक क्षेत्रका विवरणहरूमा कति प्रस्तावित गरेको थियो र कति प्राप्त भयो यथार्थ विवरण प्राप्त हुन नसकेको ।
- वडागत रूपमा राजस्वका दायराहरूको अभिलेखीकरण हुन नसकेको ।
- रजिष्टेशन र मालपोत करको रकम एउटैमा शीर्षकमा राख्ने गरेको ।
- तथ्यांक व्यवस्थापन सवालको रूपमा रहेको ।
- वडागत रूपमा राजस्वको महत्वबारेको अनुशिक्षण हुन नसकेको ।
- राजस्व शाखाको प्रभावकारी क्षमता विकास हुन नसकेको ।
- राजस्वको शीर्षकगत प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण पद्धति लागू गरी प्रतिवेदन व्यवस्थित गर्ने ।

**(ङ) सहभागीबाटप्राप्त भएका सुझाव तथा सल्लाहहरू**

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आर्थिक विकास तथा पूर्वाधार विकास क्षेत्रका कार्यक्रमहरूको पहिचान तथा विश्लेषण गरी त्यसता क्षेत्रहरूलाई करको दायरामा ल्याई कर लगाउन सकिन्छ ।
- गाउँपालिकाले कर निर्धारण गर्दा सबै क्षेत्रको सहभागितामा कर निर्धारण गरी लागू गर्न सकिन्छ । साथै हालको करको दर तथा दायराहरूको पुनर्मूल्यांकन गर्ने ।
- गाउँपालिका क्षेत्रभित्रका करदाता तथा दायराहरूको विस्तृत अध्ययन गरी कर असुलीको कार्य योजना र करदाताले पाउने सेवा सुविधा सहितको विस्तृत कार्ययोजना वनाई लागु गर्न सकिन्छ । साथै रसुवा उद्योग वाणिज्य संघ र गाउँपालिकाले पाउने प्रतिशत सहितको बाँडफाँटको योजना बनाउने ।
- कर प्रशासनलाई बढी प्रभावकारी बनाउन लेखा शाखा र राजस्व शाखाले रसिद नियन्त्रण प्रणाली लागू गर्नु पर्दछ । साथै कर क्षेत्रको वर्गीकरणको आधारमा रसिद व्यवस्थापन हुनु पर्दछ । यसको अतिरिक्त व्यवसाय करको रसिद र मालपोतको रसिद फरक फरक हुन पर्दछ । मलेप फारम अनुसार राजस्वशीर्षक प्रतिवेदन तयार गर्नु पर्दछ ।
- वडागत रूपमा कर दाता शिक्षा अभियान चलाउने । साथै स्थानीय पत्रपत्रिका एवं एफ.एम. मार्फत जागरण अभियान चलाउन पर्दछ ।
- राजस्व शाखाको क्षमता विकास तथा संस्थागत विकासका लागि राजस्व परामर्श समितिले सबै सरोकारवालाको उपस्थितिमा चौमासिक रूपमा कर तथा दायराहरूको अन्तरक्रिया छलफल गर्ने परिपाटीको विकास गर्दै जानु पर्ने ।
- गाउँपालिकाले कानून सम्वद्ध प्राप्त अधिकार अनुसार करका क्षेत्रहरूको पहिचान तथा विश्लेषण सहितको पार्श्व चित्र तयार गर्ने ।

- तयार गरिएको राजस्व सुधार कार्य योजना तथा व्यवसाय संचालन तथा कर निर्धारण मस्यौदामा अपुग भएका सूचना, विवरणहरू गाउँपालिकाबाट एक हप्ताभित्र उपलब्ध भएमा पुनः उक्त कार्ययोजनालाई परिमार्जित गर्न सकिनेछ ।

- अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा तथा राजस्व शाखाका कर्मचारी र अन्य सम्वद्ध सरोकारवालाले राजस्व सुधार कार्य योजना तथा व्यवसाय संचालन तथा कर निर्धारण दस्तावेजलाई अध्ययन गरी आफ्नो राय सुझाव सहित एक हप्ताभित्र उपलब्ध गराउने ।

- तयार गरिएको राजस्व सुधार कार्य योजनाको परिच्छेद ५ मा उल्लेख गरिएको ५.१.३ अन्तर्गतको प्रस्तावित कार्य योजना तथा समय अवधिलाई नगरपालिकाले आफ्नो समयानुकूल संचालन गर्न सक्ने गरी परिवर्तन गरी पठाउने ।


**(च) सेमिड नेपालका तर्फबाट विज्ञहरूको प्रतिबद्धता**

हाल कोभिड–(१९) को महामारिका कारण नगरपालिका/गाउँ कार्यपालिकाका सदस्य, वडा अध्यक्ष, वडा सचिव तथा पालिकाका कर्मचारी र अन्य सरोकारवालाहरू समेतको प्रत्यक्ष उपस्थितिमा कार्यशाला गोष्ठी गर्न नसकिए तापनि यस विद्युतीय माध्यम (जुम) बाट संचालन भएको कार्यशाला गोष्ठीका सहभागीहरूबाट प्राप्त सुझाव सल्लाहहरूलाई राजस्व सुधार कार्ययोजना एव व्यवसाय कार्यसंचालन प्रतिवेदनमा समावेश गरी अन्तिमरूप दिन सकिने । तर कोभिड–(१९) को अवस्था समयानुकूल भएको अवस्थामा स्वयं नगरपीलका वा गाउँपालिकाको व्यवस्थापनमा नगरपीलका/गाउँपालिकाका पदाधिकारी, वडा सचिव, कर्मचारी तथा अन्य सरोकारवाला समेतको प्रत्यक्ष उपस्थितिमा गरी सेमिड–नेपालका विज्ञहरूको सहजीकरणमा गोष्ठीको आयोजना गरी सहभागीहरूबाट प्राप्त थप राय सुझाव समेत समावेश गरी राजस्व सुधार कार्य योजनाको दस्तावेजलाई थप परिष्कृत गर्न सकिने ।

**(छ) गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षज्यूको तर्फबाट प्रतिबद्धता**
**अन्त्यमा अध्यक्ष तथा उपाध्यक्षबाट देहाय बमोजिमका प्रतिबद्धताहरू**


- पूर्वाधार दस्तुर आगामी आर्थिक वर्षदेखि लागू गर्ने प्रतिबद्धता ।
- प्राप्त भएका कार्य योजनालाई वडा अध्यक्ष र कर्मचारी बीच छलफल गराई पुनः परिमार्जनको लागि एक हप्ताभित्र पठाउने प्रतिबद्धता ।
- तयार भएका कार्यविधि तथा कार्य योजनालाई सरोकारवालाको प्रत्यक्ष सहभागितामा छलफल गराई बोर्ड बैठकबाट स्वीकृत गराई लागू गर्ने प्रतिबद्धता ।
- उद्यम व्यवसाय तथा सम्पत्ति कर, मालपोत कर, तथा अन्य कर एवं गैर राजस्व सम्वन्धीका दायराहरूको खण्डीकृत रूपमा पार्श्व चित्र तयार गर्ने प्रतिबद्धता ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धि तथा संस्थागत विकासका लागि सरोकारका सबै पक्षसँग सहकार्य गरी व्यवसाय कर तथा अन्य कर योजनालाई प्रभावकारी रूपमा संचालनमा ल्याउने प्रतिबद्धता ।

## (ज) सहभागीहरूको फोटो फिचर्स









# अनुसूची-३
# अन्तरक्रियामा उठेका मुख्य सवाल तथा पुष्ट्याइँ

## स्थानीय तहमा घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी कार्यविधिहरूमा स्पष्टता

### १. उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी प्रावधानहरू

१.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५)कोघ बमोजिम लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले गाउँपालिकाको इलाका भित्र कार्यक्षेत्र भएका उक्त उद्योगहरूको दर्ता लगायतका कार्यहरू गाउँपालिकावाट नै हुन सक्ने ।

१.२ संघीय औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४(२) मा अनुमति लिनुपर्ने बाहेकका उद्योगहरूको दर्ता नवीकरण लगायतका कार्यहरू प्रदेश सरकारवाट हुने भनी उल्लेख भएको ।

१.३ वागमती प्रदेशको औद्योगिक व्यवसायऐन, २०७६ को् दफा १५ (७) बमोजिम लघु उद्योगको दर्ता स्थानीय तह रअन्य उद्योग प्रदेशद्वारा तोकिएको कार्यालय द्वारा गर्ने भनि उल्लेखभएको ।

**द्रष्टव्यः** उक्त ऐनको दफा १५ (७) बमोजिम घर जग्गा बाहेक बढीमा रु. ३० लाखसम्म स्थीर पुँजी रहेको उद्योगलाई लघु उद्यममा वर्गीकरण गरिएको । तर प्रदेश सरकारले नै रु.५ लाखसम्म पुँजी रहेको उद्योगको दर्ता स्थानीय तहबाट गर्ने भनी प्रदेशले आफ्नै ऐन विपरीत अख्तियारी दिएको ।

### प्रस्तावित सुझाव

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटान साथ उल्लेख भए वाट माथी संघीयतथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जे जस्तो उल्लेख भएता पनि गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी लघु, घरेलु र साना उद्योग व्यवसायको दर्ता, नवीकरण लगायतका कार्यहरू गाउँपालिकाले नै गर्न सक्ने देखिन्छ ।

यसमा स्पष्टताका लागि स्थानीय तहले लघु, घरेलु र साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५)कोघ बमोजिम भनी किटानी साथ उल्लेख गरिदा प्रष्ट हुनेछ ।

**यसमा स्पष्टताका लागि उद्योग वाणिज्य संघ, नुवाकोटले सम्बद्ध संघीयतथा प्रदेश निकायसँग पहल गर्नुपर्ने ।**

### १.२ सहकारी संस्थाको स्वामित्व रहनेगरी उद्योग व्यवसाय दर्ता सम्बन्धमा

२.१२.२. सहकारी ऐन, २०७५ को दफा १२ बमोजिम सहकारी संस्थाले  उद्योग, व्यवसाय सञ्चालन गर्न सक्ने र सोको लागि छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन भनी उल्लेख गरिएको ।

तर प्रचलित कानून बमोजिम त्यस्तो उद्योग व्यवसाय सञ्चालन गर्न अनुमति, स्वीकृति, वा इजाजत लिनुपर्ने भएमा त्यस्तो अनुमति, स्वीकृति वा इजाजत प्राप्त गर्नुपर्नेछ भनि उल्लेख गरिएको ।

**प्रस्तावित सुझाव**

माथि उल्लेख भएका प्रावधानहरूलाई आधार मान्दा सहकारी संस्थाको स्वामित्वमा उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग व्यवसाय सम्वद्ध कानूनहरूको पालना हुने गरी उद्योग व्यवसायको हैसियत प्राप्त गर्न एवं अभिलेखिकरणका लागि सहकारी उद्योग व्यसायको रूपमा थप दर्ता, नवीकरण लयायतका कार्यहरू आवश्यक पर्ने देखिन्छ ।

**१.३ व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी प्रावधानहरू**

३.१ संघीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, नवीकरण, खारेजी र नियमन सम्बन्धी अधिकार स्थानीय तहलाई भएकोले गाउँपालिकाको इलाकाभित्र कार्यक्षेत्र भएका व्यापार व्यवसायको दर्ता लगायतका कार्यहरू नै हुन सक्ने ।

यसमा स्पष्टताका लागि स्थानीय तहले व्यापार व्यसायको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकारसञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानी साथ उल्लेख गरिदा प्रष्ट हुनेछ ।

**प्रस्तावित सुझाव**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२० बमोजिम प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएकोभएता पनि यस ऐनमा लेखिएको कुरामा यसै ऐनबमोजिम हुने भनी किटान साथउल्लेख भएवाट संघीय तथा प्रदेश औद्योगिक व्यवसाय ऐनमा जे जस्तो उल्लेख भएतापनि गाउँपालिकाको इलाकाभित्र सीमित रहने गरी व्यापार व्यवसायको दर्ता, नवीकरण लगायतका कार्यहरू गाउँपालिकाले नै गर्न सक्ने देखिन्छ ।

यसमा प्रष्टताका लागि स्थानीय तहले लघु, घरेलुर साना उद्योगको दर्ता प्रमाणपत्र जारी गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ञ) को ६ बमोजिम भनी किटानी साथउल्लेख गरिँदा प्रष्ट हुनेछ ।

**यसमा स्पष्टताका लागि उद्योग वाणिज्य संघ, नुवाकोटले सम्बद्ध संघीय तथा प्रदेश निकाय सँग पहल गर्नुपर्ने ।**

**१.४ उद्यम व्यवसायको कानूनी स्वरूपको सम्बन्धमा**

कुनै प्रकारको उद्यम व्यवसायसञ्चालन गर्नका लागि निम्न बमोजिमको कानूनी स्वरूप प्राप्त गर्नुपर्नेछः

**१.४.१ प्राइभेट फर्मउद्यम व्यवसायः** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ (संशोधन २०७५) अनुसार प्राइभेट फर्म दर्तागरी सञ्चालन गर्न सकिनेछ ।

**१.४.२ साझेदारी फर्म उद्यम व्यवसायः**एकभन्दा बढी व्यक्तिले कुनै प्रकारको उद्यम व्यवसाय साझेदारी ऐन, २०२० (संशोधन २०७५) अनुसार साझेदारी फर्म सञ्चालन गर्न सकिनेछ ।

१.४.३ **कम्पनी उद्यम व्यवसायः** एक्लै वा अरूसँग समूहबद्ध भई प्राइभेट वा पव्लिक कम्पनीलाई कम्पनी ऐन, २०६३ (संशोधन २०७५)अनुसार कम्पनीउद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

१.४.४ **सहकारी उद्यम व्यवसायः** सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भई तोकिएबमोजिमको उद्यम व्यवसाय सञ्चालन गर्न सकिनेछ ।

## १.५. उद्यमव्यवसाय सम्बन्धीसंघीय तथा प्रदेश स्तरीय संथागत संरचना

### १.५.१ संघीय संरचना

(क) उद्योगमन्त्रालय

(ख) बाणिज्यतथा आपूर्ति मन्त्रालय

(ग)उद्योग विभाग

(घ) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

(ङ) कम्पनी रजिष्ट्रारकोकार्यालय

(च) सहकारी विभाग

### १.५.२ प्रदेश संरचना

(क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

(ख) जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालयहरू

**द्रष्टव्यः** संघीयतथा प्रदेश कानूनमा व्यवस्था भएबमोजिम संघीय तथा प्रदेश सरकारका अधिकारहरू सघ वा प्रदेश सरकारको सम्वद्ध निकायवाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५) को (घ) र दफा ११(ञ)को ६ बमोजिम गर्ने गरी स्थानीयतहलाई अख्तियारी प्रदान हुन सक्नेछ। यसका लागि उद्योग वाणिज्य संघ, रसुवाले सम्वद्ध संघीय तथा प्रदेश निकाय सँग पहल गर्नुपर्ने आवश्यकता छ ।

## १.६ उद्योग व्यवसायको वर्गीकरण सम्बन्धी पुष्ट्याइँ

**पूँजी लगानी तथा रोजगारी सिर्जनाका आधारमा उद्योगको वर्गीकरण**

(क) लघु उद्यम (ख) घरेलु उद्योग (ग) साना उद्योग(घ) मझौला उद्योग (ङ) ठूलाउद्योग

**उद्योगबाट उत्पादन हुने बस्तु वा सेवाको प्रकृतिको आधारमा वर्गीकरण**

(क) ऊर्जामूलक उद्योग (ख) उत्पादनमूलक उद्योग (ग) कृषि, पशु सेवा तथा वन पैदावारमा आधारित उद्योग (घ) खनिज उद्योग (ङ) पूर्वाधार उद्योग (च) पर्यटन उद्योग (छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग (ज) सेवामूलक उद्योग

### (२) सामुदायिक वनबाट प्राप्त गरिने राजस्व सम्बन्धी पुष्ट्याइँ

- स्थानीय सरकार सञ्चालन ऐन, दफा ६२ (ख) अनुसार सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिकृ तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र सोबापत प्राप्त हुन रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने प्रावधान अनुरूप राजस्व प्राप्त हुने ।
- वन ऐन, २०७६ दफा २२ (१) अनुसार सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाबमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकम शत प्रतिशत मानी सो को कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशकृकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नुपर्ने प्रावधान छ। यसबाट गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा सहभागी गराई निर्धारित योजना आयोजनामा लगानी गर्न रकम प्राप्त हुन्छ ।
- सामुदायिक वन उपभोक्ता समितिहरू (संख्या ?) सँग अन्तरक्रिया गरी वार्षिक रूपमा प्राप्त हुने १० प्रतिशतबापतको राजस्व तथा आयको कम्तीमा ५० प्रतिशत रकम अनुमान गर्न सकिने ।

# अनुसूची-४
# सम्पत्ति कर, भूमिकर (मालपोत) तथा व्यवसाय करको प्रगतिशील दर निर्धारण
## (नमुना)

गाउँपालिकाले प्रत्येक वर्ष आर्थिक ऐन जारी गरी तय गरेको मालपोतको दरलाई विश्लेषण गर्दा न्यूनतम शुल्क रसिद समेत छपाउन नपुग्ने, कम जग्गा हुनेलाई बढी पर्ने र बढी जग्गा हुनेलाई कम रकम पर्ने खालको देखिएको छ । यसलाई परिमार्जन गरी कम परिमाणमा जग्गा हुनेलाई कम दरले मालपोत रकम असुल गर्ने र बढी परिमाणमा जग्गा हुनेसँग बढी बढी दरमा मालपोत रकम अशुल गर्ने किसिमको प्रगतिशील दरमा मालपोत लगाउनु उपयुक्त हुने देखिन्छ । यसको लागि देहायमा उल्लेख गरिएको तरिकाले मालपोत लगाइएमा प्रगतिशील दर र रकम समेत सबैलाई समानुपातिक र समता उन्मूख हुने देखिन्छ । यस दरमा गरिब र सिमान्तकृत समूदाय तथा व्यवसायिक रूपमा कृषि तथा फलफूल खेती गर्ने किसानलाई गाउँपालिकाले प्रोत्साहन स्वरूप छुट दिन सक्ने प्रावधान समेत समावेश गरिएको छ ।

गाउँपालिकाले देहायमा उल्लेख गरेबमोजिम मालपोत निर्धारण गरिएमा प्रगतिशील र समतामुखी मालपोत लगाउन सकिने देखिएकोले सिफारिस गरिएको छ ।

### १. सम्पत्ति करको प्रगतिशील दर निर्धारण गर्ने तरिका

सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन गर्दा चलनचल्तीको मूल्य र घरजग्गा रजिष्ट्रेशन प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्यांकनको औसतलाई आधार मानी सम्पत्तिको स्वामीले स्वघोषणा गर्ने र वडाले प्रमाणित गर्ने परिपाटी अपनाउनु उपयुक्त हुन्छ । यस्तो मूल्यांकन गर्दा मन्त्रालयबाट २०७४ सालमा जारी गरेको नमूना ऐन र २०७५ सालको संशोधनपछि जारी निर्देशनअनुसार एक समिति गठन गरी सम्पत्ति कर लाग्ने सम्पत्तिको लगत तयार गर्ने, मूल्य कायम गर्दा स्वघोषणा विधि अपनाउने र एक पटक गरेको मूल्यांकन ३ बर्षसम्म परिवर्तन नहुने गर्नुपर्छ । तर यसरी कायम गरिएको सम्पत्तिको मूल्यांकन रकमलाई जुनसुकै प्रयोजनको लागि पनि गाउँपालिकाले सिफारिस गर्दा परिवर्तन गर्न पाइँदैन । विभिन्न स्थानीय तहमा सम्पत्ति कर प्रयोजनको लागि मूल्यांकन गर्दा कम मूल्य घोषणा गर्ने तर सोही सम्पत्ति ऋण लिन सिफारिस गर्दावा विदेश जान सम्पत्ति प्रमाणित गर्दा बढी मूल्यमा सिफारिस माग गर्ने परिपाटी रहेको देखिएकोले यसमा मन्त्रालयले जुनसुकै प्रयोजनको लागि पनि एउटै मूल्य कायम गर्ने अनुरोध गरेको थियो ।

सम्पत्ति मूल्यांकनअनुसार कर निर्धारण गर्दा सुरु मूल्य रु. ५० हजारसम्म रु.५०।- र त्यसपछि सम्पत्तिको मूल्यअनुसार थप प्रतिहजार सम्पत्तिमा २० पैसादेखि सम्पत्तिको मूल्य बढ्दै जाँदा थप प्रति हजारमा रु. २।- सम्म वार्षिक कर लाग्ने गरी सम्पत्ति कर लगाउन सिफारिस गरिएको छ ।

सम्पत्ति कर हिसाब गर्दा देहायबमोजिम गर्नु उपयुक्त हुन्छ ।

यो पद्धति लागू गर्दा हिसाब गर्न सजिलोको लागि राजस्व शाखामा कम्प्युटर सफ्टवेयर जडान गरी कर निर्धारण तथा बिल काट्ने गरिएमा सजिलो हुने तथा मानवीय कमजोरी तथा त्रुटिबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

| सम्पत्ति मूल्यांकन रु. | सम्पत्ति मूल्यांकन रु. | कूल मूल्य रु. | करको दर (प्रति हजार) | कर रकम रु. | कुल कर रकम रु. |
|---|---|---|---|---|---|
| १ देखि ५० हजारसम्म | 50,000 | 50,000 | न्यूनतम | 50 | 50 |
| ५० हजार १ देखि २ लाखसम्म | 150,000 | 200,000 | 0.20 | 30 | 80 |
| २लाख १देखि ५ लाखसम्म | 300,000 | 500,000 | 0.25 | 75 | 155 |

| | | | | | |
|---|---|---|---|---|---|
| ५लाख १देखि १० लाखसम्म | 500,000 | 1,000,000 | 0.30 | 150 | 305 |
| १०लाख १ देखि २० लाखसम्म | 1,000,000 | 2,000,000 | 0.35 | 350 | 655 |
| २०लाख १ देखि ४० लाखसम्म | 2,000,000 | 4,000,000 | 0.40 | 800 | 1,455 |
| ४०लाख १ देखि ७० लाखसम्म | 3,000,000 | 7,000,000 | 0.45 | 1,350 | 2,805 |
| ७०लाख १देखि १करोड १० लाखसम्म | 4,000,000 | 11,000,000 | 0.50 | 2,000 | 4,805 |
| १ करोड १०लाख १ देखि २ करोडसम्म | 9,000,000 | 20,000,000 | 0.60 | 5,400 | 10,205 |
| २ करोड१ देखि ५ करोडसम्म | 30,000,000 | 50,000,000 | 0.70 | 21,000 | 31,205 |
| ५ करोड१ देखि १० करोडसम्म | 50,000,000 | 100,000,000 | 0.80 | 40,000 | 71,205 |
| १०करोड १ देखि २० करोडसम्म | 100,000,000 | 200,000,000 | 1.00 | 100,000 | 171,205 |
| २० करोड१ देखि ४० करोडसम्म | 200,000,000 | 400,000,000 | 1.50 | 300,000 | 471,205 |
| ४० करोड१ देखि ७० करोडसम्म | 300,000,000 | 700,000,000 | 2.00 | 600,000 | 1,071,205 |

## २. मालपोत तथा भूमिकरको प्रगतिशील दर निर्धारण गर्ने तरिका

१. मालपोत तथा भूमिकरको दर निर्धारण गर्दा जग्गाको उत्पादकत्व, उपलब्ध सिंचाई सुविधा र उक्त जग्गाबाट हुने बार्षिक उत्पादनलाई विश्लेषण गरी निर्धारण गर्नु पर्छ ।

२. सवारी साधन चल्ने बाटोको छेउमा परेका प्लटहरूको व्यावसायिक महत्व हुने हुँदा त्यस्ता प्लटहरूमा भूमिकर थप लगाउनु पर्छ । तर त्यस्ता प्लटहरूमा कुनै संरचना बनेमा सम्पत्ति करको दायरामा आउने हुनाले कृषि कार्यमा प्रयोग हुन्जेल यातायातको सुविधाको हिसाबले मात्र थप भूमिकर लगाउनु उपयुक्त हुन्छ, अर्थात थप भूमिकरको दर सामान्य हुनु पर्छ ।

३. मालपोतको दर निर्धारण गर्दा सर्वप्रथम प्रति रोपनी जग्गा बारी वा खेत जे भएपनि त्यसमा हुने मुख्य बालीको आयस्तालाई मूल्यमा रूपान्तरण गर्ने र यसमा सो बाली लगाउन के कति मल, बिउ र श्रम खर्च हुन्छ त्यस बापतको रकम मुख्य बालीको आयस्ताबाट घटाउने र बाँकी रहेको बचत रकमको ५ देखि १० प्रतिशतसम्म बार्षिक मालपोत लगाउनु पर्छ । मानौं, एक रोपनी बारीमा मुख्यबाली मकै लगाउँदा १ मुरी फल्छ र यसमा १२ पाथी जतिको खर्च लाग्छ भने बाँकी ८ पाथीको रु.१००।- का दरले रु.८००।- भयो र यसको ५ प्रतिशत रु.४०।-भयो । यस्तो जग्गामा प्रति रोपनी रु.४०।- सम्म शुरु मालपोत दर लगाउँदा उपयुक्त हुने देखिन्छ ।

४. मालपोतको दरलाई प्रगतिशील बनाउन शुरु दर कम राखी जग्गाको परिमाण अनुसार क्रमशः दर बढाउँदै जानु उपयुक्त हुन्छ ।सम्पत्ति कर लाग्ने घरजग्गा बाहेकको बाँकी जग्गामा न्यूनतम रसिद काट्दा रु. ३०।- बाट शुरु गरी पहाडमा १ रोपनीसम्म र तराइमा १.५ कट्ठा (डेढ कट्ठा) सम्म मात्र जग्गा हुनेलाई रु.३०।- मात्र लगाउने । त्यसपछि पहाडमा पाखो बारी ७ रोपनीसम्म र धनहर खेत ५ रोपनीसम्म तथा तराइमा पाखो बारी १० कट्ठासम्म र धनहर खेत ७ कट्ठासम्म मालपोतको दर न्यूनतममात्र लगाउने र त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराइमा पाखो बारी १५ कट्ठासम्म र धनहर खेत १० कट्ठासम्म शुरु दरमा ५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी १० रोपनीसम्म र धनहर खेत १० रोपनीसम्म तथा तराईमा पाखो बारी १.५ बिगाहासम्म र धनहर खेत १ बिगाहासम्म शुरु दरमा २५% थपगरी दर कायम गर्ने, त्यसपछिको पहाडमा पाखो बारी २० रोपनीसम्म र धनहर खेत २० रोपनीसम्म तथा तराईमा पाखो बारी ५ बिगाहासम्म र धनहर खेत ३ बिगाहासम्म शुरु दरमा ५०% थप गरी दर कायम गर्ने र त्यसपछिको पहाड तथा तराईमा पाखो बारी तथा धनहर खेत जति भएपनि शुरु दरमा शतप्रतिशत थपगरी दर कायम गर्ने ।

५. उपर्युक्त दरमा मालपोतको रकम हिसाव निकालेपछि सहकारी मार्फत गरिने सामूहिक खेती, गरिबीको प्रमाणपत्र प्राप्त गरिब किसान र महिलाका नाममा भएको कृषि जग्गामा स्थानीय कानून अनुसार ५०% सम्म छुट दिन सकिने । यसैगरी उद्योग प्रयोजन तथा व्यावसायिक चिया, कफी, अलैंची, केरा, आँप, स्याउ लगायत फलफूल बगैंचा लगाउने किसानलाई स्थानीय कानून अनुसार प्रोत्साहन स्वरूप २५% सम्म रकम छुट दिन सकिने ।

६. उपर्युक्त प्रकरण ४ अनुसार आएको मालपोत रकममा मोटरेवल पिच सडकले छोएको प्लटमा ३०%, ग्राभेल गरिएको सडकले छोएको जग्गामा २०% र कच्ची मोटरेवल सडकले छोएको जग्गामा १०% भूमिकर रकम थप गरी असुल उपर गरिने ।

७. अब यसलाई मालपोत कसरी हिसाब गर्ने भन्ने विषयमा उदाहरणबाट प्रष्ट पारौं । मानौं गाउँपालिकाले न्यूनतम मालपोतको दर पाखो बारी प्रति रोपनी रु.२०।- र धनहर खेत प्रति रोपनी रु.३०।- राखेको रहेछ । उदाहरणको लागि एकजना व्यक्तिको १रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को ५ रोपनीमा कच्ची सडकले छोएको छ भने छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका यस प्रकार छ ।

उदाहरणको लागि यस गाउँपालिकामा एकजना व्यक्तिको १ रोपनी जग्गामा घर छ, थप ४० रोपनी खेतमध्ये ५ रोपनी कच्चीबाटोले छोएको र अन्य सामान्य खेती हुने तथा ३० रोपनी बारीमध्ये ३ रोपनीमा पिचबाटोले, अर्को ४ रोपनीमा ग्राभेल बाटोले र अर्को ५ रोपनीमा कच्ची सडकले छोएको छ भने उक्त व्यक्तिलाई लाग्ने मालपोत हिसाव गर्ने तरिका ।

१. सम्पत्ति करः १ रोपनीमा भएको घर रजग्गामा सम्पत्ति कर (मानौं घरजग्गाको मूल्यांकन रु.१० लाख रहेछ भने) यसको कर माथिको प्रस्ताव अनुसार रु. ३०५।-

२. धनहर खेतको मालपोतः ४० रोपनी खेतमध्ये पहिलो ५ रोपनीको

प्रति रोपनी रु. ३०।- ले रु. १५०।-

त्यसपछिको १० रोपनीमा दरमा ५% थपगरी प्रति रोपनी ३१।५० ले रु. ३१५।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी ३७।५० ले रु. ३७५।-

त्यसपछिको १५ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ४५।- ले रु. ६७५।-

मोटरेबल कच्ची सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (४५×५×०.१०) रु. २३।-

**धनहर खेतको जम्मा रु. १५३८।-**

३. पाखो बारीको मालपोतः ३० रोपनी बारीमध्ये पहिलो ७ रोपनीको दर २०।- ले रु. १४०।-

त्यसपछिको १० रोपनीको दरमा ५% थपगरी प्रति रोपनी २१।- ले रु. २१०।-

त्यसपछिको १० रोपनीको दरमा २५% थपगरी प्रति रोपनी २५।- ले रु. २५०।-

त्यसपछिको ३ रोपनीको दरमा ५०% थपगरी प्रति रोपनी ३०।- ले रु. ९०।-

**पाखो बारीको मालपोत जम्मा रु. ६९०।-**

४. भूमिकरः मोटरेबल पिच सडकले छोएको ३ रोपनीमा थप ३० प्रतिशत (३०×३×०.३०) रु. २७।-

मोटरेबल ग्राभेल सडकले छोएको ४ रोपनीमा थप २० प्रतिशत (२५×४×०.२०) रु.२०।-

मोटरेबल पिच सडकले छोएको ५ रोपनीमा थप ३० प्रतिशत (२५×५×०.१०) रु. १३।-

**सडक सुविधायुक्त जग्गाको थप जम्मा कर** **रु. ६०।-**

**कूल जम्मा <u>२५९३।-</u>**

यस किसिमको मालपोतको हिसाव निकाल्न गाउँपालिकाका तालिम अप्राप्त कर्मचारीलाई सरल नहुने हुनाले राजस्व शाखामा सफ्टवेयर सहितको कम्प्युटर जडान गरी प्रत्येक वडाबाट प्राप्त तथ्यांक अध्यावधिक गर्न एक बर्षको समय निर्धारण गरी सर्वप्रथम लगत तयार गर्ने र त्यसपछि राजस्व शाखाले आर्थिक बर्षको शुरुवातमा नै प्रत्येक घरधनीको गाउँपालिकमा भएका सबै जग्गाको एकीकृत मालपोत रसिद तयार गरी असूल उपर गर्न सम्वन्धित वडामा पठाउनु पर्ने हुन्छ ।

यसरी तथ्यांक अद्यावधिक नहुन्जेलसम्म चालु आर्थिक बर्षको लागि पूरानै हिसावले मालपोत संकलनलाई निरन्तरता दिने र वडा तहबाट असूली गर्दा उपयुक्त हुन्छ ।

नोटः यो विधि वैज्ञानिक तथा प्रगतिशील छ । तर यसमा हिसाब निकाल्न अलि जटिल छ तर कम्प्युटर सफ्टवेयरबाट हिसाव गर्ने व्यवस्था गरेमा सरल हुनुका साथै मानवीय कमजोरी तथा त्रुटीबाट हुने नकारात्मक असरलाई कम गर्न सकिन्छ ।

**(घ)प्रगतिशील व्यवसाय करनिर्धारणको नमुना**

| क्र. सं. | पुंजीगत लगानी रकमको सीमा | वार्षिक कारोबार रकमको सीमा | व्यवसाय करको वार्षिक रकम | व्यवसायी संख्या | कुल रकम |
|---|---|---|---|---|---|
| १ | रु. १० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारसम्मको वार्षिक कारोबार | रु.२००/– | | |
| २ | रु. १० हजारभन्दा बढी रु. २० हजारसम्मको पुँजीगत लगानी | रु. ५० हजारभन्दा बढी रु. १ लाखसम्मकोवार्षिक कारोबार | रु.२५०/– | | |
| ३ | रु. २० हजारभन्दा बढी रु. ४० हजारसम्मको पुँजीगत लगानी | रु. १ लाखभन्दा बढी रु. २ लाखसम्मको वार्षिक कारोबार | रु.३००/– | | |
| ४ | रु. ४० हजारभन्दा बढी रु. ८० हजारसम्मको पुँजीगत लगानी | रु. २ लाखभन्दा बढी रु. ४ लाखसम्मकोवार्षिक कारोबार | रु.४००/– | | |
| ५ | रु.८० हजारभन्दा बढी रु.१ लाखसम्मको पुँजीगत लगानी | रु.४ लाखभन्दा बढी रु.५ लाखसम्मकोवार्षिक कारोबार | रु.५००/– | | |
| ६ | रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको पुँजीगत लगानी | रु.५ लाखभन्दा बढी रु. २५ लाखसम्मकोवार्षिक कारोबार | वार्षिक कारोबारको कुल रकममध्ये पहिलो रु. ५ लाखमा व्यवसाय कर रु. ५००/– कायम गरी त्यसपछिको २० लाखमा प्रति रु. १ लाखमा रु. ५०/– का दरले | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कारोबारको आधारमा व्यवसाय कर लगाउने | | |
| ७ | रु.५ लाखभन्दा माथि रु.१० लाखसम्मको पुँजीगत लगानी | रु.२५ लाखभन्दा बढी रु.५०लाखसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको २५ लाखमा प्रति रु. १ लाखमा रु. ७५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने | | |
| ८ | रु.१० लाखभन्दा माथि रु.२० लाखसम्मको पुँजीगत लगानी | रु. ५० लाखभन्दा बढी रु.१ करोडसम्मको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको ५० लाखमा प्रति रु. १ लाखमा रु. १२५/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने। | | |
| ९ | रु.२० लाखभन्दा बढीको पुँजीगत लगानी | रु.१ करोडभन्दा बढीको वार्षिक कारोबार | माथि उल्लेख भएपछिको जतिसुकै भए पनि प्रति रु. १ लाखमा रु. १५०/– का दरले कारोबारको आधारमा थप गरी व्यवसाय कर लगाउने। | | |
| | **कुल जम्मा** | | | | |

गाउँपालिकाको आर्थिक ऐनमा समावेश भएपछि लागू हुने गरी व्यवसाय करमा निम्नानुसारको छुट सिफारिस गरिएको छ :

**व्यवसाय करमा प्रस्तावित छुटको प्रतिशत**

| क्रसं. | उद्यम व्यवसायको किसिम | व्यवसाय करमा प्रस्तावित छुटको % |
|---|---|---|
| १ | गाउँपालिकाद्वारा आर्थिक ऐनमा उल्लेख गरी दुर्गम स्थल भनी तोकिएका स्थानहरूमा सञ्चालन हुने व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| २ | विकट भौगोलिक क्षेत्रका बासिन्दा, विपन्न समुदाय, अपांगता भएका तथा महिला उद्यमीद्वारा सञ्चालन गर्ने रु. १० लाखसम्म पुँजी लगानी भएका उद्यम व्यवसायमा | व्यवसाय करका दरहरूमा ५० प्रतिशत छुट दिने |
| ३ | कृषि व्यवसाय (पशु पालनसमेत), वन पैदावर र पर्या–पर्यटन सम्बन्धी उद्यम व्यवसायमा | माथि प्रस्तावित दरमा व्यवसाय करको कुल रकम हिसाब गरी कुल व्यवसाय कर अंकमा २५ प्रतिशत छुट दिने |
| ४ | औद्योगिक ग्राममा सञ्चालन हुने उद्यम व्यवसायमा | |
| ५ | सहकारीको स्वामित्वमा सञ्चालन गरिने उद्यम व्यवसायमा | |

# अनुसूची-५
# राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ सम्बन्धी अन्तरक्रिया, छलफल कार्यक्रमका सहभागीहरूको उपस्थिति तथा फोटो फिचर्स

मिति २०७७ साल मंसिर महिना १२ गते (तदनुसार नोभेम्वर २७, २०२०) शुक्रबारका दिन यस नौकुण्ड गाउँपालिकाको लागि पूर्णिमा कार्यक्रमको आर्थिक सहयोग र सेमिड–नेपालको प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाको राजस्व सुधार कार्य योजना २०७७ माथि गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरूबाट आवश्यक राय सुझाव लिई राजस्व सुधार कार्य योजना दस्तावेज लाई अन्तिमरूप दिने उद्देश्य अनुरूप यस गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत कर्मचारी र पुर्णिमा कार्यक्रमका विषय विशेषज्ञ र सेमिड–नेपालका विज्ञहरू समेत गरी जम्मा २८ जनाको सहभागितामा गाउँपालिकाको सभा कक्षमा प्रस्तुति अन्तरक्रिया छलफल, समूह कार्य गरिएको थियो ।अन्तरक्रिया कार्यक्रम देहाय बमोजिम संचालन गरिएको थियो ।

**अन्तरक्रिया संचालन प्रक्रिया**

- अध्यक्षता ग्रहण,
- परिचयात्मक कार्यक्रम,
- अन्तरक्रिया संचालनको उद्देश्य,
- खुला छलफल,
- समूहकार्य

(१) **अध्यक्षता ग्रहणः** गाउँपालिका अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूबाट गरिएको थियो ।

(२) **परिचयात्मक कार्यक्रमः** गाउँपालिकाको तर्फबाट उपाध्यक्ष श्री सिर्जना लामाज्यूबाट गरिएको थियो ।

(३) **अन्तरक्रिया कार्यक्रम संचालनको उद्देश्यः**राजस्व सुधार कार्य योजना दस्तावेज माथि आवश्यक राय सुझाव सहित अन्तिम सहमति दिने ।

(४) **खुला तथा समूहछलफलः** सहभागितात्मक पद्धति अनुसार उपस्थित सबै सहभागीहरूको राय सुझाव संकलन गरिएको थियो । साथै आर्थिक वर्ष २०७७/०७८ का लागि स्वीकृत करका दर तथा दायराहरूको पुनरावलोकन गरी सम्भाव्य करका दरहरूको अनुमानित प्रस्ताव तयार गरिएको ।

(५) **प्रतिबद्धताः** अन्तमा गाउँपालिका अध्यक्ष एवं उपध्यक्षज्यूबाट तयार भएको राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेजलाई प्रक्रियागत रूपमा लागू गर्ने प्रतिवद्धता गरिएको थियो ।

अन्तरक्रियाप्रस्तुतिका विषय, सहभागिहरूको उपस्थिति, फोटो फिचर्शः देहाय बमोजिम रहेको छन् ।

**(क) अन्तरक्रिया, छलफल प्रस्तुतिका विषय**

**प्रथम सेसनः प्रस्तुतिका विषयवस्तु**

(१) स्थानीय सरकार, राजस्वका सिद्धान्त र नेपालमा संवैधानिक तथा कानूनी व्यवस्था वारे अभिमुखीकरण,

(२) स्थानीय सरकार संचालन ऐन, २०७४ मा राजस्व सम्बन्धि प्रावधानमा केही संशोधन ऐन सम्वन्धी अभिमुखीकरण,

(३) उद्यम व्यवसाय दर्ता नवीकरण प्रक्रिया, किसिम, वर्गीकरण, प्रावधान एवं उद्योग व्यवसायको दर्ता सम्वन्धी पुष्ट्याइँ, सहकारी उद्यम व्यवसाय दर्ता नवीकरण, सामुदायिक वन दर्ता सम्वन्धी अभिमुखीकरण,

(४) दोस्रो राजस्व सुधार कार्ययोजना मस्यौदा २०७७ को वर्तमान अवस्था, सम्भावना, तथा सुधार गर्नुपर्ने अवस्था, तीन वर्षको आय प्रक्षेपण आर्थिक विवरण, कार्ययोजना तथा कार्ययोजनाको अनुगमन प्रणाली जस्ता विषयवस्तुहरूको अभिमुखीकरण ।

**दोस्रो सेसनः समूहगत कार्य**

यस सेसनमा उपस्थित सहभागीहरूलाई चार समूहमा विभाजन गरी देहाय वमोजिमका विषय वस्तुमा अभ्यास कार्य गरियो ।

**समूह १: राजस्व सुधार कार्ययोजना,**

**समूह २: प्रगतिशील सम्पत्ति कर, भूमिकर (मालपोत),**

**समूह ३: व्यवसाय कर, घरजग्गा बहाल कर, बहाल विटौरी कर, विज्ञापन कर,**

**समूह ४: घर नक्सापास, सामुदायिक वन, प्राकृतिक स्रोत बिक्री आदि ।**

**(ख) अन्तरक्रिया सहभागीहरूको उपस्थिति विवरण**

| सि.नं. | सहभागीको नाम थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| 1 | श्री नुर्बु स्याङवो घले | अध्यक्ष | नौकुण्ड गाउँपालिका |
| 2 | श्री सिर्जना लामा | उपाध्यक्ष | नौकुण्ड गाउँपालिका |
| 3 | श्री नवदिप राई | प्रमुख प्रशासकीय अधिकृत | नौकुण्ड गाउँपालिका |
| 4 | श्री कान्छा तामाङ | वडा अध्यक्ष | वडा नं. १ |
| 5 | श्री लाल सिंह नेकोर | वडा अध्यक्ष | वडा नं. २ |
| 6 | श्री मेम्बर थिङ तामाङ | वडा अध्यक्ष | वडा नं. ३ |
| 7 | श्री शुक्रमान तामाङ पाखिन | वडा अध्यक्ष | वडा नं. ४ |
| 8 | श्री घोन्टे ग्याम्जन | वडा अध्यक्ष | वडा नं. ५ |
| 9 | श्री धर्मबहादुर थोक्रा | वडा अध्यक्ष | वडा नं. ६ |
| 10 | श्री नेमा शाही घले | कार्यपालिका सदस्य | नौकुण्ड गाउँपालिका |
| 11 | श्री सुन्तलीमाया घले | कार्यपालिका सदस्य | नौकुण्ड गाउँपालिका |
| 12 | श्री निस्मा तामाङ | कार्यपालिका सदस्य | नौकुण्ड गाउँपालिका |
| 13 | श्री विष्णु कुमार अधिकारी | अधिकृत (छैटौं) | नौकुण्ड गाउँपालिका |
| 14 | श्री सुबोध सापकोटा | लेखापाल | नौकुण्ड गाउँपालिका |
| 15 | श्री हेमन्त आचार्य | राजस्व शाखा | नौकुण्ड गाउँपालिका |
| 16 | श्री सरिता न्यौपाने | वडा सचिव | वडा नं. ५ |
| 17 | श्री सीता राई | वडा सचिव | वडा नं. ४ |
| 18 | श्री नारायणी भण्डारी | आ.ले. प. | नौकुण्ड गाउँपालिका |
| 19 | श्री सुमित कु. सग्रौला | सूचना प्रविधि अधिकृत | नौकुण्ड गाउँपालिका |
| 20 | श्री पूर्ण बहादुर बुलुन | ना.सु योजना शाखा | नौकुण्ड गाउँपालिका |
| 21 | श्री विनोद लामा | एम.आईएस. अफिसर | नौकुण्ड गाउँपालिका |
| 22 | श्री डबलबहादुर वि.क. | खरिदार | नौकुण्ड गाउँपालिका |
| 23 | श्री छत्र जोरा | प्रधानमन्त्री रोजगार कार्यक्रम | नौकुण्ड गाउँपालिका |
| 24 | श्री रामकुमार तामाङ | प्रधानमन्त्री रोजगार कार्यक्रम | नौकुण्ड गाउँपालिका |

| | | | |
|---|---|---|---|
| 25 | श्री गेहेन्द्र वम | योजना तथा शासन विज्ञ | पूर्णिमा कार्यक्रम |
| 26 | श्री पवन डंगोल | इन्जिनियर | पूर्णिमा कार्यक्रम |
| 27 | श्री रुद्र सापकोटा | विषय विशेषज्ञ | सेमिड नेपाल |
| 28 | श्री भगीरथ भट्ट | विषय विशेषज्ञ | सेमिड नेपाल |

**उपस्थित सहभागीहरूको फोटो फिचर्स: एक छलक**




## अनुसूची- ६
## राजस्व सुधार कार्ययोजनाको लागि प्रारम्भिक तथ्यांक संकलन फरमेट

## अनुसूची-७
## गाउँपालिकाको लागि नमुना आर्थिक ऐन,२०७७

## अनुसूची- ८
## सन्दर्भ सामग्री


- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७/७८
- नेपाल सरकारको आर्थिक ऐन, २०७७
- वाग्मती प्रदेश आर्थिक ऐन, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६
- सहकारी ऐन, २०७४
- वन ऐन, २०७६
- भूउपयोग ऐन, २०७६
- स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७५

- नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन २०७७
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- नौकुण्ड गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू
- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६
- ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७,
- केन्द्रीय तथ्यांक विभाग आर्थिक गणना २०७६,
- तथ्यांक कार्यालय गोरखा, जिल्ला वस्तुगत विवरण गोरखा २०७४
- विज्ञापन (नियमन गर्ने) ऐन २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
- औद्योगिक नीति २०६७, व्यापार नीति २०७२, आपूर्ति नीति २०६९
- औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६)
- प्राइभेट फर्म दर्ता ऐन, २०१४ (संशोधित २०७५) तथा नियमावली, २०३४ (संशोधित २०७६)
- साझेदारी ऐन, २०२० (संशोधन २०७५)
- कम्पनी ऐन, २०६३ (संशोधन २०७५)
- RK Shah, Fiscal federalism in Nepal : Challenges and Opportunities, Research Nepal Journal of Development Studies, 2019
- Sepulveda and Vazquez, Explaining property tax collections in developing countries: the case of Latin America, 2012
- Federalism in Nepal, Local Bodies Fiscal Commission - LBFC, Nepal.